काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
माग सम्बोधन गर्न सरकार सहमत भएपछि म्यानपावर व्यवसायी र सरकारबिचको विवाद तत्कालका लागि टुंगिएको छ।

**समाचार**
सभामुखको रुलिङपछि संसद् अवरोध स्थगित



**ग्वार्डिओला युगपछि अनिश्चितता र उथलपुथल**
इङ्लिस फुटबलमा पेप ग्वार्डिओलापछिको युग सुरु हुँदै गर्दा म्यानचेस्टर सिटीसँगै समग्र प्रिमियर लिगमै अनिश्चितता र उथलपुथल देखिएको छ।

वर्ष १८, अंक १०१, पृष्ठ ८, मंगलबार, २ भदौ २०८३, श्रावण शुक्लपक्ष षष्ठी, Tuesday, 18 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# चरम ढिलासुस्तीका तीन नमुना पुल

२०६६ सालमा शिलान्यास भएको बडहर्वास्थित बागमती नदी पुल, २०७१ असार २९ गते शिलान्यास भएको टिकुलिया घाटस्थित लालबकैया नदी पुल र २०७३ असार २८ गते ठेक्का सम्झौता भएको गंगापिपरा पुल अधुरै छन्।

**मदन ठाकुर**
*रौतहट, भदौ १*

मुलुकमा पटकपटक सरकार फेरिए, नेतृत्व फेरियो र विकासका नाममा नयाँनयाँ प्रतिबद्धता पनि दोहोरिए। तर रौतहट र सर्लाहीका नदी किनार क्षेत्रका बासिन्दाको दिनचर्या भने फेरिएको छैन। उनीहरूका दुःख अझै उस्तै छन्। वर्षौंअघि शिलान्यास करोडौं रुपैयाँ लागतका पुल निर्माण सम्पन्न नहुँदा जोखिम मोलेर डुंगाबाट नदी वारपार गर्नुपर्ने बाध्यता छ।

रौतहट-सर्लाही जोड्ने टिकुलिया घाटस्थित लालबकैया नदी पुल, दुर्गा भगवती गाउँपालिका-५ बडहर्वास्थित बागमती नदी

> पुल निर्माण गति हेर्दा सरकारको निर्णय कार्यान्वयन क्षमतामाथि प्रश्न उठेको छ। एउटै आयोजनामा पटकपटक म्याद थप्नु, समय लम्बिँदा लागत बढ्नु र जनताले दुःख पाइरहनुले विकास निर्माणमा सरकारको कमजोरी छताछुल्ल भएको छ।

पुल र सोही गाउँपालिका-१ गंगापिपरास्थित बागमती नदीमाथि पुल निर्माणमा भएको चरम ढिलासुस्तीका उदाहरण बनेका छन्। यी पुल निर्माण सम्पन्न भएको भए रौतहट र सर्लाहीबिचको आवागमन मात्र सहज हुने थिएन, कृषि, व्यापार, शिक्षा, स्वास्थ्य क्षेत्रको विकास र रोजगारीका अवसर सिर्जनामा सकारात्मक प्रभाव पर्थ्यो। तर वर्षौंसम्म पुल निर्माण अलपत्र हुँदा राज्यको करोडौं लगानी खेर गएको स्थानीयको टिप्पणी छ।

**टिकुलिया पुल : १५ वर्षदेखि अलपत्र**

गौर नगरपालिका-४ स्थित टिकुलिया घाटमा लालबकैया नदीमाथि निर्माण सुरु भएको पुल १५ वर्षसम्म पूरा भएको छैन। तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले २०७१ असार २९ गते शिलान्यास गरेको उक्त पुल निर्माणका लागि १४ करोड ९३ लाख २७ हजार रुपैयाँमा पप्पु कन्स्ट्रक्सनले ठेक्का पाएको थियो। निर्माण कम्पनीले २०७५ असार २५ गतेभित्र पुल निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि पटकपटक म्याद थप्दा पनि काम पूरा नगरी अलपत्र छाड्यो।

स्थानीयको दबाबपछि पुल निर्माणलाई निरन्तरता २०८० असोज ९ गते आजाद-दिपु जेभीसँग २७ करोड ६६ लाख रुपैयाँमा पुनः सम्झौता गरियो। सम्झौताअनुसार २०८१ चैत १ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिए पनि बजेट अभावलगायत प्राविधिक कारण देखाएर विलम्ब गरिएको छ। खोलामा पुल नहुँदा गौर र ईशनाथ नगरपालिकाका स्थानीय वर्षायाममा भारतीय बाटो हुँदै आवतजावत गर्न बाध्य छन्। बाँकी पृष्ठ २



१० वर्षसम्म पनि निर्माण सम्पन्न हुन नसकेको दुर्गा भगवती गाउँपालिका-१ गंगापिपरास्थित बागमती नदी पुल। *तस्बिर : मदन/नागरिक*

## उपत्यका पूर्वाधार सुधार्न ५०० अर्बका योजना

**भुवन शर्मा**
*काठमाडौं, भदौ १*

काठमाडौं उपत्यकाको पूर्वाधार विकास तथा सार्वजनिक यातायात सेवामा सुधार गर्ने उद्देश्यबाट सरकारले ५०० अर्बभन्दा बढी रुपैयाँ खर्च लाग्ने गरी ३५ बुँदे महत्त्वाकांक्षी गुरुयोजना तयार गरेको छ। उक्त गुरुयोजना कार्यान्वयन भए उपत्यकामा मेट्रो रेल, दुई तले सुरुङमार्ग, ठाउँठाउँमा एलिभेटेड रोड (उचाइमा रहने सडक फ्लाइओभर), थुप्रै ठाउँमा नयाँ पुल, कोरिडोर सुधारलगायत ठुल्ठुला संरचना दर्जनौं ठाउँमा निर्माण गरिने छ।

जापानी सहयोग नियोग जाइकाको सहयोगमा पूर्वाधार विकास मन्त्रालयले गुरुयोजना तयार गरेको हो। मन्त्रालयका तर्फबाट यसको अगुवाइ सहसचिव तथा सडक विभागका पूर्वमहानिर्देशक सुशीलबाबु ढकालले गरिरहेका छन्। नेपाल सरकारले यस गुरुयोजनालाई स्वीकृत गरेपछि कार्यान्वयना जाने उनले बताए। उनका अनुसार हाल गुरुयोजनाको प्रारम्भिक सम्भाव्यता अध्ययन भइरहेको छ। यस योजनाबारे मन्त्रालयले सार्वजनिक सूचना नै जारी गरेर सर्वसाधारणबाट सुझाव माग्ने तयारी गरिरहेको छ। गुरुयोजनालाई तीन तहमा बाँडिएको छ। बाँकी पृष्ठ २

## पुल नबन्दा ४३ किमि यात्रा गर्नुपर्ने बाध्यता

**सन्तोष पोखरेल**
*पोखरा, भदौ १*

नवलपरासी बर्दघाट सुस्तापूर्वको विनयी त्रिवेणी गाउँपालिका-६ र ७ मा करिब १३ हजार नागरिक छन्। गण्डकी प्रदेशमा पर्ने भए पनि ती वडाका बासिन्दा आफ्नै प्रदेशबाट अलग्गिएजस्तै भएका छन्। उनीहरूलाई बसेको ठाउँबाट आफ्नो प्रदेशको अर्को भागमा पुग्न कम्तीमा ४३ किलोमिटर फेरो बाटो तय गर्नुपर्छ। यसका लागि लुम्बिनी प्रदेश भएर जानुपर्छ।

निर्वाचनताका ती नागरिकलाई स्थानीय स्तरमै प्रशासनिक एकाइ खडा गरिदिने वाचा दलहरूले दिएका थिए। दुई वटा वडाका ती बासिन्दाले त्रिवेणीमै प्रशासनिक एकाइ स्थापनाको मात्र आश्वासन नभएर दुम्कीबास-त्रिवेणीसम्मको सडक खुलाइदिने वाचासमेत पटकपटक पाएकै हुन् तर ती आश्वासन अहिलेसम्म पूरा हुन सकेका छैनन्। प्रशासनिक काममा प्रदेशभित्रै आउजाउ गर्न पर्याप्त समय खर्चिनुपर्ने हैरानी भएपछि त्रिवेणी क्षेत्रका बासिन्दाले आफूहरूलाई लुम्बिनी प्रदेशमा गाभिदिनसमेत आग्रह गर्दै आएका छन्। दुम्कीबास-त्रिवेणी सडक नखुलाउने हो भने आफूहरूलाई लुम्बिनीमा गाभिदिनुपर्ने उनीहरूको प्रस्ताव छ। बाँकी पृष्ठ २

**प्रदेश सत्ता समीकरण**

# कतै सरकार विस्तार, कतै बन्दै

**विनोद सुवेदी/वसन्त ढुंगाना/देवेन्द्र बस्नेत**
*विराटनगर/चितवन/दाङ, भदौ १*

केन्द्रमा नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बिच प्रदेशमा सत्ता सहकार्य सहमति भएसँगै त्यसको प्रभाव देखिन थालेको छ। कुनै प्रदेशमा गठबन्धन फेरिएर मन्त्रिपरिषद् विस्तार भएको छ भने कुनैमा मुख्यमन्त्रीले राजीनामा दिएपछि नयाँ सरकार गठन प्रक्रिया सुरु भएको छ। कुनै प्रदेशमा विश्वासको मत लिएर सरकार विस्तारको बाटो खोलिएको छ।

एमालेले नेपाली कांग्रेससँगको सत्ता सहकार्य तोड्दै नेकपासँग सहकार्य अघि बढाएपछि कोसीमा मन्त्रिपरिषद् हेरफेर भएको छ। नेकपा सरकारमा सहभागी भएसँगै मन्त्रिपरिषद् विस्तार भएको हो। बागमती प्रदेश सरकार प्रमुख मुख्यमन्त्री इन्द्र बानियाँले सोमबार पदबाट राजीनामा दिएका छन्। उनको राजीनामासँगै नयाँ सरकार गठन प्रक्रिया सुरु भएको छ। लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्रीले विश्वासको मत लिएका छन्।

**कोसीमा सरकार विस्तार**

कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीकै नेतृत्वमा ११ सदस्यीय मन्त्रिमण्डल विस्तार भएको छ। कांग्रेसका मन्त्रीहरूले राजीनामा दिएपछि मुख्यमन्त्री कार्कीको सिफारिसमा प्रदेश प्रमुख पर्शुराम खापुङले सोमबार चार मन्त्री र एक राज्यमन्त्री नियुक्त गरेका थिए। नेकपाबाट सरकारमा सहभागी चार मन्त्रीलाई प्रदेश प्रमुख खापुङले र राज्यमन्त्रीलाई मुख्यमन्त्री कार्कीले शपथ ग्रहण गराएका थिए। सरकारमा नेकपाबाट पर्यटन, वन तथा वातावरणमन्त्री खिनुलङ्वा लिम्बू, भौतिक पूर्वाधारमन्त्री जीवन आचार्य, आन्तरिक मामिला तथा कानुनमन्त्री गम्बु शेर्पा, सामाजिक विकासमन्त्री गीता तिम्सिना भएका छन्। त्यस्तै सपना दर्जी भौतिक पूर्वाधार राज्यमन्त्री भएकी छन्।

एमालेबाट सरकारमा रहेका दुई मन्त्री र एक राज्यमन्त्रीको जिम्मेवारी हेरफेर भएको छ। आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीलाई स्वास्थ्य मन्त्रालयको जिम्मेवारी दिइएको छ। सामाजिक विकास मन्त्रालयको जिम्मेवारी

> एमालेले नेपाली कांग्रेससँगको सत्ता सहकार्य तोड्दै नेकपासँग सहकार्य अघि बढाएपछि प्रदेशमा नयाँ सत्ता समीकरण बनेको हो।

समालिरहेका रामप्रसाद महतोलाई उद्योग कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ। आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री उमाकान्त गौतमलाई स्वास्थ्य राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ।

नयाँ सरकारका पक्षमा प्रचण्ड बहुमत भएकाले विश्वासको मत लिनुनपर्ने मुख्यमन्त्री कार्कीको दाबी छ। कोसी प्रदेशमा एमालेले मुख्यमन्त्रीसहित ५ र नेकपाले ४ वटा मन्त्रालय पाउने सहमति भएको थियो।

**बागमतीमा सरकार गठन सुरु**

बागमती प्रदेशमा नयाँ सरकार गठन प्रक्रिया सुरु भएको छ। इन्द्रबहादुर बानियाँले सोमबार मुख्यमन्त्रीबाट राजीनामा दिएपछि प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले नयाँ मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेका छन्। बाँकी पृष्ठ २

## श्रेष्ठ रिहा, पूर्ण प्रेस स्वतन्त्रता संविधानको आधारभूत चरित्र

काठमाडौं, भदौ १ (नागरिक)- सर्वोच्च अदालतले पत्रकार किशोर श्रेष्ठलाई रिहा गर्न परमादेश जारी गरेको छ। न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले श्रेष्ठलाई सोमबार रिहा गर्न आदेश दिएको हो। श्रेष्ठकी पत्नी सरस्वती श्रेष्ठले सर्वोच्चमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै इजलासले उनलाई रिहा गर्न परमादेश जारी गरेको हो। सर्वोच्चले उनलाई हाजिरीजमानीमा छाडी वा तारिखमा राखेर अनुसन्धान गर्न भनेको छ। सर्वोच्चले नेपालको संविधानको प्रस्तावनाले बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, मौलिक अधिकार, मानवअधिकार र कानुनी शासनको मान्यताअनुरूप पूर्ण प्रेस स्वतन्त्रतालाई संविधानको आधारभूत चरित्रका रूपमा परिभाषित गरेको आदेशमा उल्लेख छ। बाँकी पृष्ठ २

# कांग्रेस महाधिवेशन असोजमै !



काठमाडौं, भदौ १ (नागरिक)- नेपाली कांग्रेसले पार्टीको १५औं महाधिवेशन असोज १६ देखि १९ गतेसम्म हुने दोहोर्‍याएको छ। एक सातादेखि जारी केन्द्रीय समितिको बैठकमा सोमबार सभापति गगनकुमार थापाले संवैधानिक व्यवस्थाअनुसार पनि महाधिवेशन मिति सार्न नमिल्ने र नसर्ने बताएका हुन्। विशेष महाधिवेशनमा सहभागी नभएको पक्षले राजधानीमा गरेको भेलाका निर्णयको अर्थ र औचित्य नभएको जिकिर गर्दै थापाले पार्टीका नेता र कार्यकर्तालाई अलमल नगरी वडा अधिवेशनमा लाग्न आग्रह गरे। बाँकी पृष्ठ २

## 'रास्वपामा एकल नेतृत्व'



काठमाडौं, भदौ १ (नागरिक)- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीभित्र कुनै पनि प्रकारको गुटउपगुट नरहेको दाबी गरेका छन्। पार्टीभित्र भने सभापति लामिछाने र प्रधानमन्त्रीसमेत रहेका वरिष्ठ नेता बालेन्द्र शाहबिच दुई स्पष्ट धार देखिएको छ।

केन्द्रीय कार्यालय वनस्थलीमा सोमबार आयोजित कार्यक्रममा लामिछानेले पार्टीमा गुटउपगुटको कुरा गरे त्यो मनोरञ्जन मात्र हुने टिप्पणी गरे। पार्टी एकल नेतृत्व र एक घन्टीको अवधारणामा अघि बढेको लामिछानेले बताए। उनले रास्वपामा अब अलगअलग नेता वा गुटको कुनै अस्तित्व नरहेको पनि बताए। 'कसैले भन्न सक्ला म यो गुटको, म ऊ गुटको, मेरो नेता यो हो, मेरो नेता ऊ हो भनेर, त्यसबाट मनोरञ्जनबाहेक केही पनि लिन सकिँदैन,' लामिछानेले भने, 'हामी एउटा रास्वपा हौं, एउटा नेतृत्व छ। वान आरएसभिपी वान बेल।' बाँकी पृष्ठ २

# सूर्यको सतहभन्दा कोरोना अधिक तातो किन हुन्छ ?


**गीता पाण्डे**

भौतिक विज्ञानका प्रमाणित कतिपय सिद्धान्तले सूर्यका भित्री भागदेखि बाह्य वायुमण्डलमा रहेको तातोपनको भिन्नतालाई अझै प्रस्ट्याउन सकेका छैनन्। सूर्यको सतहभन्दा सूर्यको बाहिरी वायुमण्डल (कोरोना) लाखौं डिग्रीले अधिक तातो किन हुन्छ भन्ने प्रश्नले वैज्ञानिकलाई सताउँदै आएको छ।

> सूर्यको सतहमा हुने हलचलबाट उत्पन्न तरंगहरूले मात्र कोरोनालाई अत्यधिक तातो बनाइराख्न पर्याप्त ऊर्जा दिन सक्दैन। सूर्यका चुम्बकीय क्षेत्रका रेखाहरू टुट्ने र फेरि जोडिने प्रक्रिया नै कोरोनालाई अधिक ऊर्जा उपलब्ध गराउने मुख्य स्रोत भएको अध्ययनले देखाएको छ।

विशेषगरी कोरोनामा ठुलो मात्रामा ऊर्जा निष्कासन गर्ने विस्फोटहरू भइरहँदा पनि यो सधैं यति तातो कसरी हुन्छ भन्ने प्रश्न पेचिलो बन्दै आएको छ।

भारतको पहिलो अन्तरिक्षस्थित सूर्य अवलोकन अभियान 'आदित्य-एल-१' मार्फत हालै उपलब्ध नयाँ तथ्यले यो प्रश्नको उत्तर खोज्न सहयोग गरेको छ। यससम्बन्धी अध्ययनको प्रतिवेदन प्रतिष्ठित वैज्ञानिक जर्नल एस्ट्रोभिजिकल जर्नलको लेटर्समा हालै प्रकाशित भएको छ। अध्ययनको नेतृत्व गरेका भारतीय खगोलविद् तथा इन्डियन इन्स्टिच्युट अफ एस्ट्रोफिजिक्स (आइआइए) का प्राध्यापक आरआर रमेशका अनुसार सूर्यका विभिन्न भागमा हुने तापक्रमको भिन्नता भौतिक विज्ञानका ज्ञात नियमसँग चुनौतीपूर्ण देखिने गरेका छन्।



तहगत हिसाबले सूर्यको सबैभन्दा भित्री भाग (कोर) को तापक्रम करिब एक करोड ५० लाख डिग्री सेल्सियस हुन्छ। कोरबाट बाहिरिँदै जाँदा हामीले पृथ्वीबाट देख्ने सूर्यको सतह (फोटोस्फेयर) को तापक्रम करिब पाँच हजार पाँच सय डिग्री सेल्सियस हुन्छ। तर कोरबाट धेरै टाढा रहेको सूर्यको सबैभन्दा बाहिरी तह (कोरोना) मा तापक्रम करिब २० लाख डिग्री सेल्सियस हुन्छ। कहिलेकाहीं यो चार करोड डिग्री सेल्सियससम्म पनि पुग्न सक्छ।

प्राध्यापक रमेशका अनुसार सूर्यबाट हुने अत्यन्त शक्तिशाली अन्तरिक्षीय गतिविधि जस्तै- सौर्य ज्वाला (सोलार फ्लेयर) र कोरोनल मास इजेक्सन (सिएमई) कोरोनाबाटै उत्पन्न हुन्छन्। सिएमई भनेको सूर्यबाट ठुलो मात्रामा तातो, विद्युतीय रूपमा आवेसित ग्यास र चुम्बकीय पदार्थ अन्तरिक्षतर्फ फ्याँकिने प्रक्रिया हो। यो प्रक्रियामा सूर्यले अन्तरिक्षमा ठुलो मात्रामा ऊर्जा छोड्छ। सिएमईले पृथ्वीबाट देखिने सुन्दर 'अरोरा' अर्थात् आकाशमा देखिने रंगीन प्रकाश पैदा गर्न सक्छ। तर यसले पृथ्वीलाई असर पनि पार्न सक्छ। यही सिएमईका कारण भू-चुम्बकीय आँधी (जिओम्यागनेटिक स्टोर्म) आउन सक्छ, जसले विद्युत् प्रसारण प्रणाली बिगार्न, सञ्चार प्रणालीमा असर पार्न तथा मौसम र सञ्चार उपग्रहहरूमा समस्या ल्याउन सक्छ।

सूर्यको गतिविधि सामान्य वा न्यून भएको अवस्थामा सिएमई प्रक्रिया दिनमा सामान्यतः दुईदेखि तीन पटकसम्म हुन सक्छ। प्रत्येक ११ वर्षमा आउने उच्च सौर्य सक्रियता चरणमा भने सिएमई प्रक्रिया एकै दिनमा १० वा त्योभन्दा बढीसम्म हुन सक्छ।

प्राध्यापक रमेशका अनुसार प्रत्येक सिएमईका क्रममा सूर्यले यति धेरै ऊर्जा गुमाउने हो र त्यो ऊर्जा पुनः फिर्ता नहुने हो भने सूर्यले बिस्तारै आफ्नो सबै ऊर्जा गुमाउनुपर्ने हो। त्यस्तो अवस्थामा पृथ्वी अत्यन्त चिसो हुँदै जाने र जीवनका लागि गम्भीर संकट उत्पन्न हुने थियो। बाँकी पृष्ठ २

# सुदूरपश्चिम : जहाँ खेलाडी छन्, पूर्वाधार छैन

**दिलबहादुर छत्याल**
*धनगढी, भदौ १*

प्रधानमन्त्री बालेन्द्र शाहले गत जेठ ३० गते सेताम्मे अपि हिमालको फेद (आधार शिविर बेसक्याम्प) मा क्रिकेट खेलिरहेका युवाको भिडियो आफ्नो सामाजिक सञ्जाल फेसबुकमा राखे। उक्त भिडियो केही समयमै भाइरल बनेसँगै मनमोहक र रमणीय स्थल अपि आधार शिविरमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट रंगशाला बनाउनुपर्ने विषय उठान भयो। सुदूरपश्चिमले अन्तर्राष्ट्रिय स्तरमै नाम कमाएका थुप्रै खेलाडी जन्माएको छ। राष्ट्रिय क्रिकेट टोलीमा झन्डै आधा खेलाडी सुदूरपश्चिमकै छन्। तेक्वान्दोका कीर्तिमानी खेलाडी दीपक विष्टदेखि विभिन्न खेलकुदमा अन्तर्राष्ट्रिय मैदानमा देशकै झन्डा फहराउने खेलाडी सुदूरपश्चिमै छन्। १० जना ओलम्पियन सुदूरपश्चिमकै छन्।

> 'सुदूरपश्चिमले प्रतिभाशाली खेलाडी जन्माएको छ। राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका खेलाडी सुदूरपश्चिमकै छन्', नेपाल उसु महासंघका केन्द्रीय कोषाध्यक्ष तथा कैलाली जिल्ला संघका अध्यक्ष राजीव गुप्ता भन्छन्, 'तर सरकारले खेलाडी र खेल पूर्वाधारका लागि गर्ने लगानी शून्यप्रायः छ।'

'सुदूरपश्चिमले प्रतिभाशाली खेलाडी जन्माएको छ। राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका खेलाडी सुदूरपश्चिमकै छन्', नेपाल उसु महासंघका केन्द्रीय कोषाध्यक्ष तथा कैलाली जिल्ला संघका अध्यक्ष राजीव गुप्ता भन्छन्, 'तर सरकारले खेलाडी र खेल पूर्वाधारका लागि गर्ने लगानी शून्यप्रायः छ।' खेलकुदका संरचना, खेल सामग्री र प्रशिक्षणमा लगानी न्यून भएको उनी बताउँछन्। खेलकुद पूर्वाधारतर्फ सरकारले विनियोजन गरेको बजेट पनि पार्टीका कार्यकर्ता पोस्न ठिक्क हुने गरेको उनको भनाइ छ। उनका अनुसार सीमित प्रशिक्षकले सीमित साधनस्रोतका भरमा खेलाडीलाई प्रशिक्षण दिनुपरेको छ। सुदूरपश्चिम प्रदेशमा एउटा पनि क्रिकेट रंगशाला छैन। खेलाडी अहिले पनि खुला मैदान, खेतबारी, नदी बगरमा अभ्यास गर्न बाध्य छन्।

नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य तथा कैलाली क्रिकेट संघका अध्यक्ष विक्रम विष्ट राज्यले लगानी नगर्दा प्रतिभावान् खेलाडी जन्माउने सुदूरपश्चिममा खेलका पूर्वाधार नभएको बताउँछन्। बाँकी पृष्ठ २



दाङको घोराही उपमहानगरपालिका-५ स्थित पाण्डवेश्वर महादेव मन्दिर। तस्बिर : रासस

# चरम ढिलासुस्तीका तीन नमुना

**पृष्ठ १ बाट**

छोटो बाटोका लागि लालबकैया खोला जोखिम मोलेर डुंगाबाट वारपार गर्नुपर्छ। डुंगाको सहारामा खोला वारपार गर्नुपर्ने बाध्यता रहेको गौर-३ टिकुलियाका पासपत राय यादवले बताए। टिकुलिया घाटमा २०७५ सालमा डुंगा पल्टिँदा पाँचजनाको मृत्यु भएको घटना अझै स्थानीयको स्मृतिमा ताजा छ।

**गंगापिपरा पुल : १० वर्षमा पनि बनेन**

बाढीले पुलको स्पान बगाएपछि गंगापिपरा पुल ठप्प छ। रौतहट-सर्लाही जोड्ने हुलाकी सडकअन्तर्गत दुर्गा भगवती गाउँपालिका-५ बडहवास्थित बागमती नदी पुल र सोही पालिकाको वडा नं. १ गंगापिपरास्थित बागमती नदी पुलको अवस्था पनि उस्तै छ। २०७३ असार २८ गते करिब ८६ करोड ३७ लाख रुपैयाँमा टुण्डी-रसुवा-पप्पु जेभीसँग ठेक्का सम्झौता भएको गंगापिपरा पुल निर्माण पटकपटक म्याद थपिँदा पनि पूर्ण हुन सकेको छैन। पछिल्लो पटक थपिएको म्यादअनुसार आगामी कात्तिक १३ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्ने हुन्छ। पुलको करिब ८० प्रतिशत काम सम्पन्न भइसकेको अवस्थामा २०८१ असोजको बाढीले एउटा स्पान बगाउनुका साथै जगमा क्षति पुऱ्याएपछि निर्माण ठप्प भएको मत्सरीका वीरेन्द्र मिश्रले बताए। माटो परीक्षण तथा डिजाइन पुनरवलोकन गर्दा समय लागेको निर्माण कम्पनीको भनाइ छ। स्थानीयका अनुसार राज्यका सम्बन्धित निकायबाट आवश्यक तदारुकता नदेखाउँदा काममा ढिलासुस्ती भएको हो।

पुल निर्माण पूरा नहुँदा दैनिक एक हजार बढी नागरिक जोखिम मोलेर डुंगाको सहारामा नदी वारपार गर्नुपर्ने बाध्यता रहेको स्थानीयको भनाइ छ। यसले व्यापारदेखि शिक्षा, स्वास्थ्य उपचार, रोजगारी र दैनिक आवागमनमा असर पारेको छ।

> २०७३ असार २८ गते करिब ८६ करोड ३७ लाख रुपैयाँमा टुण्डी-रसुवा-पप्पु जेभीसँग ठेक्का सम्झौता भएको गंगापिपरा पुल निर्माण पटकपटक म्याद थपिँदा पनि पूर्ण हुन सकेको छैन।

**बडहर्वा पुल : १७ वर्षसम्म अधुरै**

हुलाकी राजमार्गअन्तर्गत दुर्गा भगवती गाउँपालिका-५ बडहर्वास्थित बागमती नदीको पुल पनि १७ वर्षदेखि अधुरै छ। तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले २०६६ सालमा शिलान्यास गरेको यो पुलका स्पान निर्माण भए पनि बाँकी कामले अपेक्षित गति लिन सकेको छैन। निर्माणमा भएको चरम ढिलासुस्तीप्रति स्थानीय आक्रोशित छन्। स्थानीय बासिन्दाका अनुसार पुल निर्माण सम्पन्न नहुँदा वर्षायाममा जोखिम मोलेर नदी वारपार गर्नुपर्छ। स्थानीय भन्छन्- पटकपटक सरकार फेरिए, मन्त्री फेरिए, नेता फेरिए तर पुल बनेन, हाम्रो दुःख उस्तै छ।

**कार्यान्वयन क्षमतामा प्रश्न**

रौतहट र सर्लाहीका यी तीन पुल निर्माण गति हेर्दा सरकारको निर्णय कार्यान्वयन क्षमतामाथि प्रश्न उठेको छ। वर्षौंसम्म एउटै आयोजनामा पटकपटक म्याद थप्नु, समय लम्बिँदा लागत बढ्नु र जनताले दुःख पाइरहनुले विकास निर्माणमा सरकारको कमजोरी छताछुल्ल भएको छ।

पुल निर्माणमा ढिलाइ हुँदा राज्यको लागत बढ्दै जान्छ र नागरिकले त्यसको मूल्य चुकाउनुपर्छ। वर्षायाममा नदीको बहाव बढ्दा यात्रा जोखिम बढ्छ। बिरामीलाई अस्पताल पुऱ्याउन, विद्यार्थीलाई विद्यालय जान तथा किसानलाई उत्पादन बजारसम्म लैजानसमेत समस्या हुने गरेको स्थानीय बताउँछन्।

स्थानीय बासिन्दा, पालिकाका जनप्रतिनिधि र नागरिक समाजले यी पुल निर्माणका लागि आवश्यक बजेट तत्काल सुनिश्चित गरी कामलाई युद्धस्तरमा अघि बढाउन सम्बन्धित मन्त्रालय र सडक विभागसँग माग गरेका छन्। पटक-पटक म्याद थपेर पनि निर्माणले गति नपाएको भन्दै ढिलासुस्तीविरुद्ध उनीहरूले चेतावनी दिएका छन्।

रौतहट र सर्लाहीका नागरिकले अब आश्वासन होइन, शिलान्यासको पत्थरमा होइन, छिट्टै पुल बनेको देख्न चाहेको दुर्गा भगवती गाउपालिकाका पूर्वअध्यक्ष अरुण साहले बताए।

# सुदूरपश्चिम : जहाँ खेलाडी छन्, पूर्वाधार छैन

**पृष्ठ १ बाट**

'सुदूरपश्चिम प्रदेशभरिमा एउटा पनि क्रिकेट स्टेडियम छैन्', उनले भने, 'अहिले पनि खेलाडीले खुला मैदान, खेतवारीमै खेल्नुपरेको छ।'

क्रिकेटमा सुदूरपश्चिमका प्रतिभावान् खेलाडी छन्। अहिले क्रिकेट पुरुष सिनियर टोलीका खेलाडी विनोद भण्डारी, दीपेन्द्रसिंह ऐरी, शेर मल्ल, लोकेश बमलगायत सुदूरपश्चिमकै हुन्। क्रिकेट अण्डर १९ टोलीमा सुदूरपश्चिमका ६ जना खेलाडी रहेको विष्ट बताउँछन्। क्रिकेट महिला टिमतर्फ पनि सुदूरपश्चिमका खेलाडी उल्लेख्य छन्। विन्दु रावल, सुधा धामी, कविता जोशी, कविता कुँवर र इश्वरी विष्ट, सुमन विष्टलगायत राष्ट्रिय क्रिकेट टोलीमा रहेको अध्यक्ष विष्ट बताउँछन्। 'एक से एक प्रतिभावान् खेलाडी उत्पादन गर्ने सुदूरपश्चिममा खेल पूर्वाधार र खेलाडीतर्फ संघ, प्रदेश र स्थानीय सरकार कसैको पनि सन्तोषजनक लगानी छैन', उनी भन्छन्।

केही वर्षदेखि चर्चामा रहेको धनगढी उपमहानगरपालिका-३ स्थित फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान निर्माण अझै हुन सकेको छैन। सातआठ वर्षदेखि लाग्दा पनि जग्गा प्राप्तिमा भएको जटिलताले निर्माणमा ढिलाइ भएको फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदान तथा खेलग्राम पूर्वाधार निर्माण विकास समितिका निर्वतमान अध्यक्ष तथा क्रिकेट अभियन्ता सुभास शाही बताउँछन्।

सुदूरपश्चिममा अन्य खेलकूद पूर्वाधारको अवस्था पनि दयनीय छ, गतिला पूर्वाधार छैनन्। २०६८ सालमा छैटौं राष्ट्रिय खेलकुदका बेला बनाउन सुरु गरिएको धनगढीस्थित रंगशाला अझै पुरा हुन सकेको छैन। रंगशालाको आधा काम पनि भएको छैन्। १६ वटा प्यारापिट ब्लकमा ९ वटा मात्रै बनेका छन्। बनेका प्यारापिटमा पनि प्लास्टर र रंगरोगनको काम बाँकी छ। धनगढी रंगशाला परिसरमै इन्डोर खेलका लागि बनाउन लागिएको कर्भड हल पनि सम्पन्न हुन सकेको छैन।

सुदूरपश्चिममा आवासीय सुविधासहित दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यले कैलालीको टीकापुरमा निर्माण गरिएको स्पोर्ट्स एकेडेमी पनि सञ्चालनमा आउन सकेको छैन।

सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्का सदस्यसचिव लोकबहादुर खड्का सुदूरपश्चिम प्रतिभावान् खेलाडी जन्माउने उर्वर भूमि भएको बताउँछन्। खेलकुद क्षेत्रमा कम बजेट राख्दा खेलाडीलाई प्रोत्साहन, खेलकुद गतिविधि सञ्चालन र आवश्यक पूर्वाधार निर्माण हुन नसकेको उनको बुझाइ छ। अन्य प्रदेशको तुलनामा यो प्रदेशमा खेलकुदतर्फको बजेट धेरै न्यून रहेको उनी बताउँछन्। 'यो प्रदेशका ९ जिल्लाका खेलाडीलाई धनगढी बोलाएर खेलाउन सकिने अवस्था पनि छैन', उनले भने। प्रदेश सरकारले खेल विकासमा आश्वासन मात्र दिने तर आवश्यक बजेट नछुट्याएको उनको गुनासो छ। 'डेढ दशक हुँदा पनि धनगढी रंगशाला सम्पन्न भएको छैन', उनले भने, 'पहाडी जिल्लामा त खेल पूर्वाधार झन् दयनीय छ।'

**बजेट दुरुपयोग**

उसै त खेलकुदमा बजेट न्यून विनियोजन छ। त्यसमाथि सुदूरपश्चिममा खेल मैदान निर्माणका लागि विनियोजित बजेट पनि सदुपयोग भएको देखिँदैन। कागजमा योजना सम्पन्न भए पनि यो प्रदेशका धेरै जिल्लामा खेलकुद सञ्चालन गर्ने खेल मैदान र संरचना छैनन्। खेल मैदानका लागि विनियोजन भएको रकम र निर्माण प्रक्रियाबारेमा सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्सँग कसैले समन्वय नगरेको सदस्यसचिव खड्का बताउँछन्। 'खेल मैदानका लागि खुद्रे बजेट छुट्याइएको हुन्छ', उनले भने, 'त्यो कहाँ, कसरी खर्च हुन्छ, हामीलाई जानकारी हुँदैन।' खेलकुद परिषद्को रोहोवरमा खेल मैदान र पूर्वाधारमा विजिनयोजन भएको बजेट खर्च गरी दुरुपयोग रोकिनुपर्छ भन्ने उनको भनाइ छ।

सामाजिक विकास कार्यालयमार्फत खेल मैदान र संरचना निर्माणका लागि विनियोजित रकम कर्मचारी, राजनीतिक दलका कार्यकर्तालगायतको मिलेमतोमा दुरुपयोग गरिँदा परिणाममुखी संरचना बन्न नसकेको स्रोतको दाबी छ।

## पुल नबन्दा...

त्यो प्रस्ताव वडाबाट गाउँपालिका हुँदै अहिले संघीय सरकारको वन मन्त्रालयसम्म पुगेको छ तर कुनै न कुनै बहानामा समस्याको गाँठो फुक्न सकेको छैन। अघिल्ला सरकारले यसबारे वास्तै नगरेको स्थानीयको गुनासो छ।

दुम्कीबास-त्रिवेणी खण्डको आठ किलोमिटर सडक नहुँदा त्रिवेणी क्षेत्रका जनताले भोग्नुसम्मको सास्ती भोग्दै आएका छन्। हुलाकी मार्गको यो सडकको ट्र्याक खुले पनि सवारी चलाउने अधिकार नहुँदा उनीहरूलाई सकस छ। गाउँपालिका अध्यक्ष घनश्याम गिरी भन्छन्, 'संघीयतामा जनतालाई यतिको सास्ती हुनुहुँदैन। त्रिवेणीका जनतालाई अति दुःख छ। तर संघीय सरकारले जनतालाई आश्वासन मात्र दियो, कहिल्यै काम गरिदिएन।' गिरीका अनुसार अहिले त्रिवेणीबाट दुम्कीबास निस्कन त्यहाँका बासिन्दालाई चार किलोमिटर आफ्नै गाउँको बाटो, त्यसपछि बर्दघाटसम्मको २५ किलोमिट र दाउन्नेको १४ गरी ४३ किलोमिटर दुरी पार गर्नुपर्छ। यदी दुम्कीबास-त्रिवेणी सडक खुलाइदिने हो भने जम्मा १६ किलोमिटर मात्र यात्रा गरे पुग्छ। १६ किलोमिटर मध्ये पनि ८ किलोमिटर सडक तयार छ। बाँकी आठ किलोमिटर सडक मात्र जंगल पर्छ। अहिले त्यही जंगल खण्ड खुलाउनुपर्ने माग उनीहरूको रहेको अध्यक्ष गिरीले बताए।

'यो हुलाकी सडक हो। २०६३ सम्म यो रुटमा गाडी नै चलेको हो। त्यसपछि राष्ट्रिय निकुञ्जको निहुँमा बन्द गराइयो। त्यसपछि अहिलेसम्म खुल्न सकेको छैन,' उनले भने, 'नारायणी नदी किनारैकिनारको यो बाटो राष्ट्रिय निकुञ्जभित्र पनि पर्दैन। २०६३ सालपछि नियमन गरेर सडक सञ्चालन गर्ने भनियो तर रोकिएपछि खुलाउने पहल कतैबाट भएन।' उनका अनुसार हुलाकी यो बाटो २० मिटर चौडा छ। 'त्रिवेणी क्षेत्रका जनताले कति पाएको सास्ती छ भनेर भनिसाध्य छैन।

पृष्ठ १ बाट

अब पनि सडक विस्तार गर्दा एउटा रूख काट्नुपर्दैन। राष्ट्रिय निकुञ्जले समेत यो बाटोमा अवरोध छैन भनेको छ तर खोलिदिने निकायमा इच्छाशक्ति भएन,' अध्यक्ष गिरीले भने, 'अहिलेसम्मका वनमन्त्रीले यो सडक खुलाउन आँट गर्न सकेका छैनन्। वन मन्त्रालयको जैविक विविधता शाखामा गएर फाइल रोकिएको छ।'

दुई दशकदेखि रोकिएको यो सडक खोलेको खण्डमा प्रदेश सरकारले भनेको त्रिवेणी-कोरला सडक बल्ल पूरा हुने अध्यक्ष गिरीले बताए। बारम्बार भन्दै र माग्दै आएको यो सडक नखुलेपछि नागरिक दिक्क भएर बरु प्रदेश नै फेरिन पाए हुन्थ्यो भन्ने अवस्थामा पुगेको उनले बताए। अघिल्लो साता पोखरामा भएको गण्डकी प्रदेश विकास समस्या समाधान समितिको १५औं बैठकमा समेत यो विषयमा छलफल भएको थियो। त्यहाँको जटिलता हटाउन आवश्यक वातावरणीय तथा कानुनी रूपमा सहजीकरण गरिदिन राष्ट्रिय विकास समस्या समाधान समितिमार्फत नेपाल सरकारलाई आग्रह गर्ने निर्णयसमेत त्यही बैठकले गरेको थियो।

त्रिवेणीका जनताले भोगेको योसहितका समस्या लिएर गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सोमबार प्रधानमन्त्री बालेन्द्र शाहलाई भेटेका छन्। त्रिवेणीको योसहित अरू थुप्रै समस्या लिएर मुख्यमन्त्री पाण्डे प्रधानमन्त्रीकहाँ पुगेका थिए। गण्डकी प्रदेशसँग भारततर्फ जोडिएको (त्रिवेणी नाका) तथा चीनतर्फ (मुस्ताङको कोरोला, गोरखाको रुइला) अन्तर्राष्ट्रिय सीमा नाका एवं सीमा क्षेत्रको पूर्वाधार विकास र सीमा व्यवस्थापन सम्बन्धमा पनि संघीय सरकारले सघाउनुपर्ने माग प्रदेशले राखेको छ। मुख्यमन्त्रीको प्रस्तावपछि प्रधामन्त्री शाहले कानुन निर्माण गर्नुपर्ने सन्दर्भका विषयमा कानुनी रूपमा सहजीकरण गर्ने र संघ सरकारले नीतिगत निर्णय लिने आश्वासन दिएको पनि सापकोटाले बताए।

## रास्वपामा...

गुटगत प्रभाव र मनोमानी अन्त्य गर्न पार्टीले आरएसभिपी एपमार्फत क्यान्डिडेट क्लब सुरु गरेको र त्यसमार्फत उम्मेदवार बन्न चाहने व्यक्तिको कानुनी, आर्थिक, सामाजिक तथा पारिवारिक पृष्ठभूमि परीक्षण गरिने उनले बताए। लामिछानेका अनुसार पहिलो चरणमा क्यान्डिडेट क्लबले गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा सदस्य पदका लागि आवेदन मागेको छ।

## कांग्रेस...

पार्टी नेतृत्व आधिकारिकता विवाद भने सर्वोच्च अदालतमा विचाराधीन छन्। थापाले बैठकमा आफ्नो नेतृत्व र अनुहारका कारण कांग्रेसले प्रतिनिधिसभा सदस्य निर्वाचनमा अपेक्षित मत प्राप्त गर्न नसकेको भन्ने आलोचनाप्रति पनि टिप्पणी गरेका छन्।

'मेरो अनुहारका कारण भोट नआएको र मेरो ठाउँमा अरू कसैको अनुहार भएको भए धेरै भोट आउँथ्यो भन्ने कुरा पनि उठेको रहेछ। होला पनि,' उनले भने, 'त्यसो हो भने यही विषय महाधिवेशनमा लिएर गए हुन्छ। महाधिवेशनमा अर्को साथीले नेतृत्वका लागि प्रतिस्पर्धा गर्न सक्नु हुन्छ र मलाई हराएर नेतृत्व सम्हाल्न सक्नुहुन्छ।'

पार्टीमा लोकतान्त्रिक प्रक्रियाबाट नेतृत्व परिवर्तन गरी बागडोर सम्हाल्न असन्तुष्ट पक्षलाई आह्वान गर्दै थापाले अधिवेशनलाई समावेशी, न्यायपूर्ण र निष्पक्ष बनाउन आफू जुनसुकै सर्त र प्रक्रियामा छलफल गर्न तयार रहेको बताए। 'हामीले भन्दै आएका छौं, अधिवेशन सबैको सहभागीता र निष्पक्ष प्रतिस्पर्धाका आधारमा हुनुपर्छ,' थापाले भने।

थापाले शेरबहादुर देउवालाई वरिपरि बसेर धूप बाल्नेहरूले नै डुबाएको बताए। 'असोज २८ गते केन्द्रीय कार्यसमितिको बैठकबाट तपाईंलाई सम्मानपूर्वक बिदाइ गरेको हो। तपाईंप्रति गौरव गरेको हो,' थापाले देउवातर्फ लक्षित गर्दै भने, 'तर तपाईंलाई फेरि बोलाउने आए। सबै कुरा ठिकठाक भयो भनेर बोलाए। कसैले संसद् पुनर्स्थापना हुँदैछ भनेर बोलाए। फेरि ढाँटे दाइ। अलमलाए दाइ।'

## श्रेष्ठ...

सोहीअनुरूप संविधानको धारा १९ (१) ले सञ्चारको हकअन्तर्गत विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायत माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेखरचना वा अन्य कुनै पाठ्य श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्ने वा सूचना प्रवाह गर्ने हक प्रदान गर्नुका साथै प्रकाशनमा पूर्वप्रतिबन्ध नलगाइने, ऐ. उपधारा (२) मा कुनै श्रव्य, श्रव्यदृश्य, वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण छापा वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने उल्लेख गरिएको छ।

त्यसकै उपधारा (३) मा कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा 'टेलिभिजनलगायत सञ्चारसाधनलाई अवरुद्ध गरिने छैन भनी सञ्चार संस्थाको समाचार प्रकाशन प्रसारण गर्ने हकलाई मौलिक हकका रूपमा संरक्षण प्रदान गरेको पनि आदेशमा उल्लेख गरिएको छ। साथै छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन २०४८ लगायतका प्रचलित कानुनको उल्लेख गरिएको छ। आदेशमा भनिएको छ, 'उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्थाको रोहमा सञ्चार माध्यममा समाचार प्रकाशित गरेकै आधारमा पत्रिकाका सम्पादक वा प्रकाशकलाई गिरफ्तार गरी थुनामा राख्न मिल्ने अवस्थाको विद्यमानता देखिँदैन।'

नेपालको संविधानले प्रत्याभूत गरेको प्रकाशन तथा प्रसारणसम्बन्धी उल्लिखित हक निरपेक्ष र सीमाविहिन भने नदेखिने जनाइएको छ। 'गाली-बेइज्जती अदालतको अवहेलना वा सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूलको कार्यलगायतको संविधानले तोकेको विभिन्न आधार र अवस्थामा राज्यले कानुन बनाई उक्त हकमा मनासिब प्रतिबन्ध लगाउन सक्ने नै देखिन्छ,' आदेशमा भनिएको छ। यस सन्दर्भमा जाहेरवाला २६ परिसर (६) २०८३/८४ ले यी

पृष्ठ १ बाट

निवेदकले आफ्नो चरित्र हत्या हुने गरी नेपालको संविधानको धारा २८ एवं वैयक्तिक गोपनीयतासम्बन्धी ऐन २०७५ ले प्रत्याभूत गरेको गोपनीयताको हकको उल्लंघन गरी तस्बिर एवं समाचार प्रकाशित गरी वैयक्तिक गोपनीयताविरुद्धको कसुर गरेको भनी जाहेरी दिएको सन्दर्भमा सञ्चार संस्थाको समाचार प्रकाशनसम्बन्धी हक र वैयक्तिक गोपनीयताको हकको दायरा एवं सीमा के-कति हुने भन्ने स्पष्ट रूपमा परिभाषित हुनुपर्ने जनाइएको छ।

'जनआस्था' अनलाइन पोर्टलमा प्रकाशित समाचारले जाहेरवालाको वैयक्तिक गोपनीयताको हक उल्लंघन भएनभएको सम्बन्धमा मुद्दामा अनुसन्धान तहकिकात गरी साधिकार अदातलमा मुद्दा दायर गरे सोही बखत सोही मुद्दाको रोहबाट निर्क्याेल हुनुपर्ने देखिएको जनाइएको छ। त्यस्तै आदेशमा निवेदक सञ्चार संस्थासँग सम्बद्ध व्यक्ति रहेको देखिएको र नेपालको संविधानको धारा १९ को उपधारा (२) र (३) ले सञ्चार माध्यमका सञ्चार सामग्री जफत नगरिने एवं सञ्चार माध्यम अवरूद्ध नगरिनेलगायत सञ्चारको हकको सुनिश्चित गरेकाले निवेदकको घर एवम् कार्यालयबाट साउन २७ र २८गते बरामद गरी नियन्त्रणमा लिइएका बरामदी मुचुल्कामा उल्लिखित सोमबार यस इजलाससमक्ष पेस हुन आएका सम्पूर्ण सामग्री यस अदालतको सहरजिस्ट्रारको रोहबरमा निवेदक सरस्वती श्रेष्ठलाई फिर्ता दिलाई सोको निस्सा मिसिल सामेल राख्न भनिएको छ।

जनआस्था अनलाइनमा छापिएको एक समाचार र तस्बिरका कारण वैयक्तिक गोपनीयताको हक हनन भएको भन्दै प्रहरीले उनलाई गत साउन २७ गते पक्राउ गरेको थियो।

# उपत्यका पूर्वाधार सुधार्न ५०० अर्बका योजना

**पृष्ठ १ बाट**

छोटो (सन् २०३२), मध्यम (सन् २०४०) र दीर्घकालीन (सन् २०५०) अवधिका लागि परियोजनाहरू प्रस्ताव गरिएका छन्।

सहसचिव तथा सडक विभागका पूर्वमहानिर्देशक ढकालका अनुसार पूर्वाधार विकासका लागि २२ वटा र यातायात सेवा सुधारका लागि १३ वटा गरी ३५ वटा योजना तयार गरिएका छन्। सामूहिक यातायातका लागि सडक तथा पुल निर्माण (भूमिगत सुरुङ, माथिल्लो सडक/पुल विस्तार आदि), ट्राफिक व्यवस्थापन (चोक तथा ट्राफिक संकेतमा सुधार, सवारीसाधन निषेधित क्षेत्र आदि), बस सञ्चालनमा सुधार (बस क्षेत्रको सुधार, बसपार्कको स्तरोन्नति आदि) लगायत योजना छन्। यसैगरी महाराजगन्जमा अन्डरपास तथा चाबहिल-गौशालामा दुई तले भूमिगत सुरुङ मार्गको प्रस्ताव गरिएको छ।

चक्रपथ (रिङरोड) विस्तार (गौशाला-तिनकुने), नयाँ नदी कोरिडोर (थापाथली-त्रिपुरेश्वर) बागमती नदी किनारको कच्ची सडकमा सुधार, युएन पार्क (पुल विस्तार नयाँ), विष्णुमती नदीमा नयाँ पुल, धोबीखोला नयाँ पुल, नयाँ कर्मनासा पुल, नयाँ ग्वार्को पुल, नयाँ बागमती पुल (थापाथली), मुख्य केन्द्र जोड्ने गरी बालाजु विष्णुमती नदी कोरिडोर सडक निर्माणलगायत प्रस्ताव गुरुयोजनामा राखिएका छन्। यातायातको साधनमा परिवर्तनलाई मोटरसाइकलबाट सार्वजनिक यातायाततर्फ प्रोत्साहित गर्ने प्रयोजनबाट सार्वजनिक यातायात सेवामा सुधार गर्ने योजना राखिएको छ। बस सञ्चालनको दक्षता र सेवाको स्तर अभिवृद्धि गर्ने गरी सडकको क्षमता र अन्तरसञ्जाल सुदृढ गर्ने, चक्रपथबाहिर पहुँचमा सुधार गर्ने तथा चक्रपथभित्र ट्राफिक मागको व्यवस्थापन गर्नेलगायत योजना गुरुयोजनामा राखिएका छन्।

गुरुयोजनामा भनिएको छ, 'मास्टर प्लानअन्तर्गत ट्राफिक मागको पूर्वानुमान नतिजाका आधारमा उच्च माग देखिएको पूर्व-पश्चिम कोरिडोर (अस्थायी नाम : रत्नपार्क-भक्तपुर, करिब १४.६ किमि) को विकास गरिने छ। यसका लागि मेट्रो प्रणाली अपनाइने अनुमान गरिएको छ। सहरी क्षेत्रको केन्द्र र कोटेश्वर चोक आसपासको खण्ड भूमिगत संरचनाका रूपमा विकास गरिने छ भने अन्य खण्डहरूमा विद्यमान सडकको अधिकार क्षेत्रभित्रै 'एलिभेटेड' (उचाइमा रहने) संरचना निर्माण गरिने छ। यसलाई सञ्चालनमा ल्याउने लक्ष्य सन् २०४० को आसपास राखिएको छ। भविष्यमा गरिने विस्तार, अन्य सार्वजनिक यातायात प्रणालीसँगको एकीकरण तथा 'ट्रान्जिट-ओरिएन्टेड डेभलपमेन्ट'को अवधारणालाई पनि यसमा समेटिने छ।

गुरुयोजनामा राखिएका अन्य कार्यक्रमहरूमा प्रमुख मुख्य सडकहरूअन्तर्गत युटिलिटी करिडोर सञ्जालको स्थापना, ठमेल तथा काठमाडौं र ललितपुर महानगरपालिका दरबार क्षेत्रलाई सवारीसाधन निषेधित क्षेत्र बनाउने साइकलमार्ग सडक सुरक्षा परियोजना कार्यक्रम राखिएको छ। यसैगरी सडक चोक सुधारअन्तर्गत आपतकालीन सडक सञ्जालको विकास सडक बाहिरको पार्किङ (अफ-स्टिट पार्किङ) को व्यवस्थापन गर्ने कार्यक्रम गुरुयोजनामा राखिएको छ। गुरुयोजना बनाउन मन्त्रालयको तर्फबाट अगुवाइ गरिरहेका ढकालले भने, 'प्रणाली र प्रविधिको विकास गरी काठमाडौं उपत्यकामा पूर्वाधार विकास र सार्वजनिक यायाताय सुधार गर्ने उद्देश्यबाट गुरुयोजना तयार गरिएको हो।' आगामी सन् २०५० मा काठमाडौं उपत्यकामा ४२ लाख जनसंख्या बस्ने अनुमान गरिएको छ। उक्त जनसंख्यालाई थेग्ने गरी पूर्वाधार र यातायात सेवामा सुधार गर्न मास्टर प्लान तयार गरिएको मन्त्रालयको भनाइ छ।

# यसकारण सूर्यको सतहभन्दा कोरोना...

**पृष्ठ १ बाट**

तर शौभाग्यवस त्यस्तो भइरहेको छैन। त्यसैले कोरोनाको क्रममा हराएको ऊर्जा पुनः सोधभर्ना हुने खास प्रक्रिया वा संयन्त्र रहेको हुनुपर्ने वैज्ञानिक अनुमान छ। यसका लागि मुख्यतः दुई कारण जिम्मेवार रहेको वैज्ञानिकले ठान्दै आएका छन्।

पहिलो कारण, सूर्यको सतहमा निरन्तर हुने उम्लिने-खलबलिने प्रक्रियाले तरंगहरू उत्पन्न गर्छ। ती तरंगहरू सूर्यको बाहिरी भागतर्फ फैलिँदै जाँदा ऊर्जा पनि कोरोनासम्म पुग्छ। यसलाई समुद्रका छाललले फिँज र पानी किनारतर्फ ल्याएको जस्तै भनेर बुझ्न सकिन्छ। दोस्रो कारण, सूर्यको वायुमण्डलमा रहेका जटिल र एक-अर्कासँग जेलिएका चुम्बकीय क्षेत्रका रेखाहरू (म्यागनेटिक फिल्ड लाइन्स) निरन्तर तन्किने, घुम्ने, टुट्ने र फेरि जोडिने गर्छन्। प्राध्यापक रमेशका अनुसार, चुल्ठो परेको कपालजस्ता देखिने यी चुम्बकीय रेखा अचानक टुट्दा सिएमई उत्पन्न हुन सक्छ। त्यस क्रममा ठुलो मात्रामा 'चुम्बकीय प्लाज्मा र ग्यास' अन्तरिक्षमा फ्याँकिन्छ। प्लाज्मा भनेको पदार्थको यस्तो अवस्था हो, जसमा ग्यास अत्यन्त तातो भएर विद्युतीय रूपमा आवेसित हुन्छ। यस्तो सिएमई प्रायः सूर्यको सतहमा देखिने तुलनात्मक रूपमा गाढा र चिसा क्षेत्र (सनस्पट) नजिक उत्पन्न हुन्छ। यी क्षेत्रमा चुम्बकीय क्षेत्र निकै शक्तिशाली हुन्छ। 'तर महत्त्वपूर्ण कुरा के हो भने यी चुम्बकीय रेखाहरू जोडिन्छन् र तिनले सूर्यले गुमाएको ऊर्जा केही घण्टाभित्रै पुनर्भरण गर्छन्,' प्राध्यापक रमेश बताउँछन्।

भारतीय खगोलशास्त्रीले गरेको यो अध्ययनले यी दुई प्रक्रियाले कोरोनामा कतिकति ऊर्जा पुऱ्याउँछन् भन्ने गणना गरेको छ। यसले कोरोना सुरुमा यति धेरै तातो किन हुन्छ र लगातार ऊर्जा गुमाउँदा पनि तातो कसरी कायम रहन्छ भन्ने बुझ्न मद्दत गरेको छ। अध्ययनअनुसार, सतहमा हुने उम्लिने र खलबलिने प्रक्रियाबाट उत्पन्न तरंगले केही ऊर्जा सिर्जना गरे पनि त्यसको योगदान निकै कम छ। त्यसले आवश्यक ऊर्जाको सात प्रतिशत मात्र उपलब्ध गराउँछ। बाँकी ९३ प्रतिशत ऊर्जा भने सूर्यका चुम्बकीय क्षेत्रका रेखा निरन्तर तन्किने, घुम्ने, टुट्ने र पुनः जोडिदा आपूर्ति हुने अध्ययनले देखाएको छ। यसरी कोरोनालाई तातो राख्न आवश्यक अधिकांश ऊर्जा सूर्यका चुम्बकीय क्षेत्रका रेखाहरू टुट्ने र पुनः जोडिने प्रक्रियाबाट प्राप्त हुनेने अध्ययनको निष्कर्ष छ। यो निष्कर्ष निकाल्न वैज्ञानिकहरूले सन् २०२४ अगस्ट ५ मा भएको अत्यन्त शक्तिशाली सिएमईलाई अध्ययन र विश्लेषण गरेका थिए। अध्ययनका क्रममा 'आदित्य-एल-१' मा रहेको 'भिजिबल इमिसन लाइन कोरोनाग्राफ' नामक उपकरणले सूर्यको कोरोनाबाट निस्किएको विकिरण र गतिविधि रेकर्ड गरेको थियो।

अध्ययनका क्रममा सिएमई प्रक्रियाभ एको करिब १० घण्टापछि चुम्बकीय क्षेत्रका बेरिएका रेखाहरू पुनः पुरानै अवस्थामा फर्किएको, एकअर्कासँग पुनः जोडिएको र कोरोनाको ऊर्जा संरचना पुनः व्यवस्थित भएको देखिएको प्राध्यापक रमेशले बताएका छन्। उनका अनुसार सूर्यको सतहमा हुने हलचलबाट उत्पन्न तरंगहरूले मात्र कोरोनालाई अत्यधिक तातो बनाइराख्न पर्याप्त ऊर्जा दिन सक्दैन। सूर्यका चुम्बकीय क्षेत्रका रेखाहरू टुट्ने र फेरि जोडिने प्रक्रिया नै कोरोनालाई अधिक ऊर्जा उपलब्ध गराउने मुख्य स्रोत भएको अध्ययनले देखाएको छ।

वैज्ञानिकहरूले यो अध्ययनलाई सूर्यको वायुमण्डलमा ऊर्जा कसरी उत्पन्न हुन्छ भन्ने भविष्यमा हुने थप अध्ययनका लागि महत्त्वपूर्ण आधार हुने ठानेका छन्। प्राध्यापक रमेशका अनुसार यो अध्ययनको नतिजाले भौतिक विज्ञानका लागि चुनौती बनेका सूर्यसँग सम्बन्धित केही आधारभूत प्रश्नको उत्तर खोज्न थप मद्दत पुग्ने छ। (बिबिसी)

### भदौ १० मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर

# सभामुखको रुलिङपछि संसद् अवरोध स्थगित

ईश्वरी सुवेदी

*काठमाडौं, भदौ १*

सरकारले घोषणा गरेको सयबुँदे शासकीय सुधार कार्ययोजनाको कार्यान्वयन संसद्को प्रत्यक्ष परीक्षणमा पर्ने भएको छ। सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्री बालेन्द्र शाहलाई प्रतिनिधिसभामा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिन औपचारिक रुलिङ गरेपछि भदौ १० मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको कार्यसूची तय भएको छ।

प्रतिनिधिसभा नियमावलीको नियम ५६ देखि ६० सम्मको व्यवस्थाअनुसार हुने प्रत्यक्ष प्रश्नोत्तरमा प्रधानमन्त्रीले सरकारका कामकारबाही, नीति तथा निर्णयबारे सांसदले उठाएका प्रश्नको जवाफ दिनुपर्नेछ। यससँगै चैत १३ गते सरकार गठन भएपछि सार्वजनिक गरिएको सयबुँदे कार्ययोजना कार्यान्वयन अवस्थाबारे पनि संसद्मा प्रश्न उठ्ने सम्भावना बढेको छ।

प्रधानमन्त्री शाह नेतृत्वको सरकार गठन भएको करिब पाँच महिना र संसद्मा अवरोध सुरु भएको ७८औं दिनमा सभामुखको रुलिङ आएको हो। विपक्षी दलहरूले लामो समयदेखि प्रधानमन्त्री संसद्मा उपस्थित भएर नियमित प्रश्नोत्तरमा सहभागी हुनुपर्ने माग गर्दै आएका थिए। सरकारले पदभार ग्रहण गरेलगत्तै प्रशासनिक सुधार, सुशासन र सेवा प्रवाहलाई तीव्र बनाउने उद्देश्यसहित सयबुँदे कार्ययोजना सार्वजनिक गरेको थियो। एसइई नतिजा निर्धारित समयअगावै सार्वजनिक गर्नु तथा लामो समयदेखि रोकिएको सवारी चालक अनुमतिपत्र छपाइलाई गति दिनेजस्ता कामले सरकारलाई प्रारम्भिक चरणमा नतिजामुखी छवि दिएको थियो, तर कार्ययोजनाका कतिपय विषय कार्यान्वयनमा अपेक्षित गति नदेखिएको भन्दै आलोचना हुँदै आएको छ।

नियमावलीअनुसार महिनाको पहिलो सातामा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर हुनुपर्ने व्यवस्था भए पनि सरकार गठनपछि नियमित प्रक्रिया अघि बढ्न सकेन। जेठ १७ गते प्रधानमन्त्री शाह आफैं संसद्मा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिएका थिए, तर उक्त प्रश्नोत्तर नियमित प्रक्रियाअन्तर्गत तय भएको थिएन। त्यस क्रममा नेपाल-भारत सीमा सम्बन्धमा प्रधानमन्त्रीले दिएको अभिव्यक्तिलाई लिएर विवाद भएपछि विपक्षी दलहरूले त्यसलाई सच्याउनुपर्ने, संसद्को अभिलेखबाट हटाउनुपर्ने तथा प्रधानमन्त्रीले सदनमा उपस्थित भएर स्पष्टीकरण दिनुपर्ने माग गर्दै आएका थिए। प्रधानमन्त्री नियमित प्रश्नोत्तरमा सहभागी नभएको विषयलाई लिएर विपक्षी दलहरूले सभामुखमाथि पनि दबाब बढाउँदै आएका थिए।

सभामुख अर्यालले प्रधानमन्त्रीलाई संसद्मा उपस्थित हुन पटकपटक आग्रह गरेका थिए। उनले जेठ ७, साउन १३ र साउन २६ गते प्रधानमन्त्रीसँग भेट गरी सदनमा उपस्थित हुन आग्रह गरेको बताइएको छ। प्रधानमन्त्रीले भने, 'उपयुक्त समयमा आउने' जवाफ दिँदै आएका थिए। यसबिच संसद्मा सरकारको जवाफदेहिता र सभामुखको भूमिकालाई लिएर प्रश्नसमेत उठे। विपक्षी दलहरूले प्रधानमन्त्रीलाई संसद्मा उपस्थित गराउन सभामुखले औपचारिक रुलिङ गर्नुपर्ने माग गर्दै आएका थिए।

## शक्ति सन्तुलन गर्ने कडी

सोमबार सभामुख अर्यालले प्रतिनिधिसभा नियमावलीको नियम ५६, ५७, ५८, ५९ र ६० लाई उद्धृत गर्दै प्रधानमन्त्रीलाई सदनमा उपस्थित भएर सांसदहरूका प्रश्नको उत्तर दिन औपचारिक निर्देशन (रुलिङ) गरे। साथै नियम ५६ बमोजिम भदौ १० गते प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरका लागि समय निर्धारण गरिएको छ। सभामुखको यो रुलिङ र मिति तयपछि विपक्षी दलहरूले जारी राखेको संसद् अवरोध स्थगित गरेका छन्।

सोमबारको रुलिङलाई संसदीय इतिहासमा शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्त पुनः स्थापित गर्ने एउटा महत्त्वपूर्ण कडीका रूपमा हेरिएको छ, तर नियमावलीको व्यवस्थाबमोजिम प्रधानमन्त्री आफैंले प्रश्नउत्तरको कार्यसूची बनाउनका लागि खबर पठाउनुपर्नेमा रुलिङ गर्नुपर्ने अवस्थाले प्रधानमन्त्री र सभामुखको दूरी टाढिएको हो कि भन्ने आशंका उब्जिएको छ।

कार्यपालिकीय 'पपुलिजम' वा द्रुत प्रशासनिक शैलीभन्दा कानुनी प्रक्रिया र संसदीय सर्वोच्चता नै लोकतान्त्रिक प्रणालीको मूल मर्म हो भन्ने सन्देश यस घटनाक्रमले दिएको छ। आन्तरिक सेवा प्रवाहमा जतिसुकै गति देखाए पनि कार्यपालिका जनप्रतिनिधिहरूको सर्वोच्च संस्था संसद्प्रति उत्तरदायी हुनैपर्छ भन्ने स्थापित नजिरका साथ अब सबैको ध्यान भदौ १० गते हुने प्रत्यक्ष प्रश्नोत्तरतर्फ सोझिएको छ।

# जाजरकोट र रोल्पामा पहिरोले उठिबास

गोविन्द केसी

*वीरेन्द्रनगर, भदौ १*

लगातारको वर्षाले कर्णालीको जाजरकोट र लुम्बिनीको रोल्पामा आएको पहिलोले स्थानीय प्रभावित भएका छन्। जाजरकोटमा एक र रोल्पामा १० जनाले ज्यान गुमाएका छन्। सयौं नागरिक गाउँबाट विस्तापित भएर पालमुनि बस्नुपर्ने बाध्यता भएको छ।

एकजनाको मृत्यु भएको छ भने जाजरकोटमा पहिरोले नौजना घाइते भएको छन्। पहिरोमा मुत्यु हुनेमा ५२ वर्षका केदार कार्कीको थप उपचारका लागि नेपालगञ्ज लैजाँदै गर्दा मृत्यु भएको थियो। तीनजना बेपत्ता भएका छन्। बेपत्ता हुनेमा भेरी नगरपालिका- २ थारुल्लाका ५४ वर्षकी उमासिंह खत्री, ७० वर्षका भीमबहादुर कार्की, ८७ वर्षकी रती खत्री रहेका छन्। अहिले जाजरकोटमा पहिरोमा हराइरहेकाहरूको खोज तथा उद्धार गर्न र विस्थापित परिवारका लागि लागि प्रशासनसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनासहित सुरक्षा जनशक्ति परिचालन गरिएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले जनाएको छ।

अविरल वर्षाका कारण पहिरोको जोखिम बढेपछि जाजरकोटको भेरी नगरपालिका- २ रिसाङ क्षेत्रका करिब ६०/७० घरपरिवारका एक सय ५० देखि २ सय स्थानीयवासीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ।

पहिरोको जोखिममा रहेका स्थानीयवासीलाई त्रिभुवन आधारभूत विद्यालयको भवनमा सुरक्षित रूपमा बसोबासको व्यवस्था गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार झ्यालीखेत डाँडाबाट १६ जना, चिसापानीबाट २० जना, राउटेरे डाँडाबाट १५ जना र रिसाङ फारुलाबाट एक सय ४९ जनालाई उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गरिएको हो। विभिन्न जोखिमयुक्त क्षेत्रबाट गरी दुई सयजनालाई सुरक्षित स्थानमा राखिएको प्रहरीले जनाएको छ।

**पहिरोपीडितलाई स्वास्थ्य शिविर**

जाजरकोटको भेरी नगरपालिका- २ रिसाङस्थित त्रिभुवन आधारभूत विद्यालयमा बाढी तथा पहिरो प्रभावित स्थानीयवासीलाई लक्षित गरी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ। जिल्ला प्रहरी कार्यालय जाजरकोटको आयोजना तथा कर्णाली प्रदेश प्रहरी अस्पताल, सुर्खेतको समन्वयमा सञ्चालन गरिएको शिविरमा ८५ जना पहिरो प्रभावित स्थानीयवासीको स्वास्थ्य परीक्षण गरिएको हो। शिविरमा स्वास्थ्य परीक्षणसँगै आवश्यक औषधिसमेत निःशुल्क वितरण गरिएको जिल्ला प्रहरी कार्यालय जाजरकोटले जनाएको छ। बाढी तथा पहिरोका कारण प्रभावित स्थानीयवासीलाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्‍याउने उद्देश्यले शिविर सञ्चालन गरिएको हो।

त्यस्तै रोल्पाको थबाङ गाउँपालिका- ५ कोटलबारामा गएको पहिरोमा परी १० जनाको मृत्यु भएको छ भने तीनजना बेपत्ता भएका छन्। बेपत्ताको खोजी कार्य जारी रहेको छ। घटनास्थलमा शव भेटिएका पाँचजनामा १८ वर्षीया शान्ति पुन मगर, ६० वर्षीय कमलबहादुर पुन मगर, ८० वर्षीया मनरखी पुन मगर, ७५ वर्षीय डलबहादुर पुन मगर, ८५ वर्षीया हस्तकला रोका मगर रहेको प्रहरीले जनाएको छ। प्युठानको स्वर्गद्वारी नगरपालिका तथा माण्डवी गाउँपालिकास्थित माडी खोलाको किनारामा बेपत्ताहरूको शव फेला परेको थियो, जसमा नौ वर्षीय असिम पुन, ३८ वर्षीया जुनकुमारी पुन र ५ वर्षीय अशोक पुनको पहिचान खुलेको छ भने दुईजनाको पहिचान हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ।

पहिरोमा परी सोही ठाउँ बस्ने अन्दाजी २२ वर्षीय हिमाल पुनमगर र २५ वर्षीय सञ्जय घर्तीमगर घाइते छन्। उनीहरू दुवैलाई स्वास्थ्य चौकी थवाङबाट थप उपचारका लागि बुटवलतर्फ पठाइएको छ। लगातार वर्षाका कारण लेदोसहितको पहिरो आइरहेकाले उद्धार कार्यमा कठिनाइ भएको प्रहरीले जनाएको छ।

## सुनछहरीका विद्यालय पाँच दिन बन्द

दिनेश सुवेदी

*रोल्पा, भदौ १*

भिषण वर्षाका कारण बाढीपहिरोको जोखिम बढेपछि रोल्पाको सुनछहरी गाउँपालिकाले आफ्नो पालिकाभित्रका सबै विद्यालय पाँच दिनका लागि बन्द गर्ने निर्णय गरेको छ।

सोमबार सूचना जारी गर्दै गाउँपालिकाले भदौ १ देखि ५ सम्म सबै विद्यालयमा पठनपाठन बन्द गर्ने निर्णय गरेको जानकारी दिएको हो। साउन २८ देखि उक्त क्षेत्रमा निरन्तर वर्षा भइरहेको र सडक अवरुद्ध हुनुका साथै पहिरोको जोखिम बढेको भन्दै विद्यालय बन्द गर्ने निर्णय भएको हो।

अत्यधिक वर्षाका कारण यो क्षेत्र र आसपासमा बाढी तथा पहिरोमा परी पाँच दिनमा १७ जनाको ज्यान गएको छ। वर्षाका कारण गाउँपालिकाभित्रका धेरै घर गोठ र विद्यालयसमेत जोखिममा रहेको बताइएको छ। पैदल मार्गसमेत पहिरोले भत्काएपछि विद्यार्थी एवं स्थानीयको आवतजावतमा समस्या भएको छ।

## स्वदेशी वस्तुको प्रयोगमा जोड

काठमाडौं, भदौ १ (नागरिक)- बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले स्वदेशी वस्तुको प्रयोगमा जोड दिएका छन्। स्वदेशमै उत्पादित वस्तु तथा सामग्री प्रयोगलाई प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए।

प्रिफ्याब प्यानल नेपालको कर्पोरेट कार्यालयको सोमबार राजधानीमा उद्घाटन गर्दै उनले यसो गर्न सकिए मात्रै देशको विकास सम्भव हुने बताए। नेपाली उद्योग तथा व्यवसायलाई प्रवर्द्धन गर्न राज्यले नीतिगत तथा प्रशासनिक सहजीकरण गर्नुपर्नेमा पनि उनले जोड दिए। उनले नेपाली उद्योग सञ्चालन तथा प्रवर्द्धनका क्रममा दर्ता, नवीकरणलगायतका प्रक्रियामा उद्योगी व्यवसायीले झन्झट व्यहोर्नुपर्ने अवस्था अन्त्य गरी सेवा सहज र सरल बनाउनुपर्ने पनि बताए। स्वदेशी उद्योगलाई प्रोत्साहन नगरी मुलुकको आर्थिक विकास र रोजगारी सिर्जनालाई दिगो बनाउन नसकिने उनको बुझाइ थियो।

# दीलिपलाई सहिद घोषणा गर्न माग

काठमाडौं, भदौ १ (नागरिक)- नदीको अत्यधिक दोहनको विरोधमा आवाज उठाउँदा धनुषामा झन्डै सात वर्षअघि हत्या गरिएका वातावरण अभियन्ता ओमप्रकाश (दीलिप) महतोलाई सहिद घोषणा गर्न उनका पिताले सरकारसँग माग गरेका छन्। धनुषाको मिथिला- ५ श्रीपुरका युवा महतोले गाउँनजिकैको औरही खोलामा भइरहेको अवैधरूपमा ढुंगा, गिटी र बालुवा उत्खननको विरोध गर्ने क्रममा २०७६ पुस २५ गते उनीमाथि आक्रमण हुँदा उनको मृत्यु भएको थियो।

'म वर्तमान सरकारसँग उसलाई पर्यावरण सहिद घोषण गर्न माग गर्दछु', नेपाल पानी सदुपयोग फाउन्डेसनद्वारा काठमाडौंमा आयोजित एक कार्यक्रममा महतोका पिता रामजीवन महतोले भने।

सरकारले त्यसो गरेमा आफ्नो छोराको लडाइँ र योगदानको कदर हुने र उसको बलिदानले अरूलाई प्रेरणा दिने उनको कथन थियो। 'जंगलमा भीषण आगो लाग्दा एउटा चरीले चुच्चोबाट पानी ल्याएर आगो निभाएको कथा छ। त्यति थोरै पानीले जंगलको आगो निभ्छ त? भन्दै सो चराले आगो निभाउन नसके पनि आगो निभाउन को-को आएका थिए, त्यस अभियानमा लागेकाहरूको नामको दस्ताबेजमा आफू रहने बताएको थियो। मेरो छोरा त्यही कथाबाट प्रेरित थियो र त्यही कार्य गर्‍यो', उनले भने।

अहिलेको दुनियाँमा शिक्षाको महत्त्व अत्यधिक रहेका कारण छोरालाई भारतको भोपालमा इन्जिनियरिङ कोर्स पढाएको पनि उनले बताए। उनले भने, 'ऊ जहिले पनि प्रकृति र वातावरण संरक्षणको पक्षमा रह्यो। अन्तिम सेमेस्टरको परीक्षा दिएर बिदामा घर आएका बेला छोराको हत्या भयो। प्रहरी अनुसन्धान र अदालतमा प्रस्तुत विवरणअनुसार उत्खनन रोक्न औरही खोलाको किनारमा पुगेको बेला उसमाथि आक्रमण भएको थियो। आक्रमणपछि टिपरले किचेर उसको हत्या गरिएको थियो।' स्थानीय युवासँग मिलेर उसले खोलाको अनियन्त्रित दोहन रोक्न आवाज उठाउँदै आएको उनका पिताजीको भनाइ छ। नेपालमा अवैध नदी दोहनविरुद्धको संघर्ष र वातावरणीय न्याय र अधिकारको बहसमा उनको योगदान महत्त्वपूर्ण मानिँदै आएको छ।

नेपाल पानी सदुपयोग फाउन्डेसनले उनलाई मरणोपरान्त 'राष्ट्रिय स्रोत संरक्षक सम्मान- २०८३' बाट सम्मान गरेको छ। पूर्व प्रधानन्यायाधीश प्रकाशमान सिंह रावतले पिता महतोलाई सोमबार उक्त सम्मान हस्तान्तरण गरेका हुन्। कार्यक्रममा बोल्दै पूर्व प्रधानन्यायाधीश रावतले आफू र आफ्नाका लागि सबैले काम गर्ने तर समाजका लागि धेरै थोरैले योगदान गर्ने बताए। 'यो पुण्यकार्यका लागि आँट, साहस र सोच चाहिन्छ। स्वर्गीय महतोले गरेको योगदान स्तुत्य छ', उनको भनाइ थियो। बजारीकरण, सहरीकरण, आधुनिकीकरण र व्यक्तिगत स्वार्थले समाज विकृत बन्दै गएको चर्चा गर्दै पूर्वप्रधानन्यायाधीश रावतले महतो वर्तमान समाजका लागि पथप्रदर्शक रहेको बताए।




# 'चिहानडाँडा' हरियाली बनाउने राउटे अभियान

नगेन्द्र उपाध्याय

*सुर्खेत, भदौ १*



चिहानडाँडामा वृक्षरोपणमा सहभागी राउटे समुदायका युवकयुवती। *तस्बिर : नगेन्द्र/नागरिक*

सिम्ता गाउँपालिका- ९ को चिहानडाँडा साँच्चै उराठलाग्दो देखिन्छ। सिंगो डाँडामा एउटै रूख-बिरुवा छैनन्। स्थानीयको पशु-चौपाया चरन क्षेत्र भएर होला, बर्खामा हरियो देखिनेबाहेक अरू बेला उजाड देखिन्छ। मानिसको मृत्यु भएमा माटोमुनि गाड्ने ठाउँ भएकाले यसको नाम चिहानडाँडा राखिएको रहेछ।

यही चिहानडाँडानजिकै गत जेठमा नेपालको एक मात्रै घुमन्ते समुदाय राउटे बसाइँ सरेर आयो। रूख काटेर काठका सामग्री बनाएर आफ्नो दैनिकी चलाउने राउटेहरूले चिहानडाँडामा असारको पहिलो साता बृहत् वृक्षरोपण गरे।

राउटे आफ्नो ठाउँका नाङ्गो डाँडालाई हरियाली बनाउने अभियानमा लागेको देखेपछि स्थानीयले पनि उनीहरूलाई साथ दिए। बिरुवा रोप्नका लागि फरुवा, गैटीहरू स्थानीयले उपलब्ध गराए। डिभिजन वन कार्यालय सुर्खेतले उपलब्ध गराएको बिरुवा बोकेर ६४ जना राउटे युवा-युवती चिहानडाँडा पुग्दा स्थानीय भने उनीहरूलाई हेर्न भेला भएका थिए। 'झन्डै तीन घन्टा लगाएर उनीहरूले खाल्डा खने, आफूहरूसँगै ल्याएका विभिन्न जातका बिरुवा रोपेर गए', वडाध्यक्ष कविराज योगीले भने, 'हामीले राउटेलाई रूख मात्रै काट्छन् भन्ने सुनेका थियौं, उनीहरू त झन् वर्षौंदेखिको नाङ्गो डाँडालाई हरियाली बनाउन आएका रहेछन्।'

वडाध्यक्ष योगीले चिहानडाँडा क्षेत्रलाई हरियाली बनाउने आफ्नो सपना राउटेले पूरा गरिदिएको बताए। 'आफ्नै आँगनमुन्तिरको नांगो डाँडालाई वृक्षरोपण गरेर हरियाली बनाउने योजना भए पनि कार्यान्वयन गर्न सकिएको थिएन', उनले भने, 'राउटे समुदायले बिरुवा रोपिदिएको छ। अब यसको संरक्षणमा वडा सरकार लाग्छ।' राउटेले चिहानडाँडामा वृक्षरोपण गरेपछि यसको नाम पनि परिवर्तन गर्ने सोच अध्यक्ष योगीले बनाएका छन्। 'चिहानडाँडा नाम सुन्दै पनि अनौठो लाग्छ, पहिले-पहिले लासहरू गाड्ने भएकाले यो नाम राखिएको हो', वडाध्यक्ष योगीले भने, 'राउटे आएर नाङ्गो डाँडालाई हरियाली बनाउन वृक्षरोपण गरेपछि यसको नाम पनि राउटे वाटिका राख्ने सोच बनाएका छौं।'

राउटे समुदायलाई सामुदायिक वन र राष्ट्रिय वन क्षेत्रमा रूखहरू काट्न रोकतोक छैन, तर पनि स्थानीय र राउटेबिच रूख काट्ने विषयमा बेलाबेलामा 'झगडा' हुन्छ। आफूहरूले वर्षौंदेखि संरक्षण गरेर राखेको वन राउटेले एकैछिनमा नाङ्गो बनाइदिँदा संरक्षण गर्ने समुदाय नरिसाउने कुरा हुँदैन। एकपटक बस्ती सर्दा राउटेले आफ्ना छाप्रा बनाउनमै सयौं साना रूख काट्छन्। 'एउटा छाप्रो बनाउन झन्डै २० देखि ५० वटासम्म पोथ्रा (हुर्कंदै गरेका रूख) काट्छन्', राउटे समुदायसँग काम गरिरहेको सोसेक नेपालका जोडी शिक्षक लालबहादुर खत्रीले भने, 'रूख काट्ने विषयमा बेलाबेला राउटे र अन्य समुदायबिच समस्या हुने गरेको छ।' राउटे समुदायका अहिले ४० वटा छाप्रा छन्। यससँगै राउटे समुदाय काठमा निर्भर हुन्छ।

खेतीपाती नगर्ने, लेखपढ नगर्ने र एकै ठाउँमा नबस्ने यो समुदाय काठका सामग्री बिक्री गरेर आफ्नो दैनिकी चलाउँछ। काठका कोसी, मधुस, पिर्का, डाडुपन्युलगायतका सामग्री बनाउन दैनिक १० देखि १५ वटा रूख राउटेले काट्ने गर्छन्। काठका सामग्री बनाउन राउटेले सिमल, गुराँस, टुनीलगायतका रूख काट्ने गर्छन्।

काठ काट्ने विषयमा दुई समुदायबिच पटकपटक विवाद हुन थालेपछि कर्णाली प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले राउटे करिडोर क्षेत्रका सामुदायिक वन र नयाँ दर्ता हुने सामुदायिक वनको विधान र कार्ययोजनामा राउटे समुदायलाई अनिवार्य उपभोक्ताका रूपमा समेट्न परिपत्र नै गरेको छ।

तर पछिल्लो समय राउटेले आफूले काट्नेभन्दा धेरै रूख रोप्न थालेका छन्। राउटे मुखिया प्रकाश शाही आफूहरूलाई काठका सामग्री बनाउने रूख अभाव हुन थालेपछि बिरुवा रोप्न थालेको बताउँछन्। 'जंगलमा हामीलाई चाहिने काठ पाइन छाड्यो', मुखिया प्रकाशले भने, 'अहिले रोपेनौं भने पछिल्लो पुस्ताले दुःख पाउने भएकाले जहाँ जान्छौं, त्यहाँ बिरुवा पनि रोप्न थालेका छौं।'

पछिल्लो दुई वर्षमा राउटे समुदायले पाँच ठाउँमा वृक्षरोपण गरेका छन्। यसै वर्ष राउटेले विश्व वातावरण दिवसको अवसर पारेर आफू बसेको जंगलमै राउटेले उत्तिस, गुराँसलगायतका बिरुवा रोपे।

राउटे युवा दीपक शाहीले आफूहरू रूख मात्रै काट्ने नभएर बिरुवा रोप्ने र हुर्काउने काममा पनि अग्रसर भएको बताए। 'हामी रूख-बुटा मात्रै मास्दैनौं, पछिका सन्तानका लागि बिरुवा पनि रोप्छौं', दीपक शाहीले भने, 'अहिले बिरुवा रोप्यौं भने ठूलो भएपछि काट्न पाइन्छ।' राउटे समुदायसँग काम गर्दै आइरहेको सोसेक नेपालका कार्यकारी निर्देशक हिरासिंह थापाले राउटे समुदाय र अन्य समुदायबिचको सम्बन्ध प्रगाढ बनाउन तथा रूख-बिरुवाको महत्त्व बुझाउन बेलाबेलामा राउटे समुदायलाई वृक्षरोपण कार्यक्रममा सहभागी गराइने गरेको बताए। 'मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत दैलेखको गुराँस गाउँपालिकामा पहिलोपटक राउटे समुदायलाई वृक्षरोपणमा सहभागी गराएका थियौं', उनले भने, 'त्यसयता उहाँहरू (राउटे समुदाय) निरन्तर वृक्षरोपण अभियानमा सहभागी भइरहनुभएको छ।'

राउटे समुदाय प्रायः एकपटक बसेको ठाउँमा झन्डै १० वर्षपछि मात्रै फर्किने गर्छ। '१० वर्षपछिका लागि राउटेले आफू बसेको स्थानमा वृक्षरोपण गरेर जान्छ', उनले भने, 'अर्कोपटक त्यहाँ आउँदासम्म उनीहरूलाई आवश्यक काठको जोहो आफैंले रोपेका बिरुवाबाट होस् भन्ने हाम्रो उद्देश्य हो।' पछिल्लो समय बोट-बिरुवाको महत्त्वका बारेमा राउटे समुदायले बुझ्न थालेपछि बिरुवा रोप्ने र अनावश्यक रूख बिरुवा नकाट्ने गर्न थालेको उनले बताए। 'रूख काट्न सजिलो हुन्छ, तर लगाउन र हुर्काउन समय लाग्छ', उनले भने, 'हामीले रूख-बिरुवाको महत्त्वका बारेमा राउटे समुदायलाई बुझाउन सकेकाले अहिले उनीहरू आफैं बिरुवा रोप्छन्।' पछिल्लो समय राउटेले बिरुवा रोपेर मात्रै जाँदैनन्, फर्केर गोडमेल पनि गर्न थालेका छन्।

चिहानडाँडामा एक महिनाअघि रोपेका बिरुवाहरू यसै साता गएर राउटे युवतीले गोडमेल गरेका छन्। नजिक हुँदासम्म यसैगरी महिना-महिनामा आएर आफूले लगाएका बिरुवा गोडमेल गर्ने राउटे युवती गाजली शाहीले बताइन्।

## १७ वर्षीया बालिका चार दिनदेखि बेपत्ता

उदयपुर, भदौ १ (नागरिक)- गएको चार दिनदेखि सम्पर्कविहीन भएकी उदयपुरकी १७ वर्षीया बालिका अझै भेटिएकी छैनन्। गत शुक्रबारदेखि घर छाडेर बेपत्ता भएकी त्रियुगा नगरपालिका ४ बगाहा बुद्धचोकको विधिका तामाङ अहिलेसम्म सम्पर्कमा नआएको परिवारले जनाएको छ।

प्रहरीका अनुसार शुक्रबार विद्यालयदेखि फर्केको केही क्षणमै घर छाडेकी उनी कहाँ छिन् भन्ने यकिन छैन। घरपरिवार र प्रहरीले खोजी गरिरहे पनि अहिलेसम्म उनी कहाँ छिन् भन्ने टुंगो नलागेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। प्रहरी निरीक्षक विष्णु खड्काका अनुसार बाआमाले राति अबेरसम्म छोरी घर नफर्किएपछि गाउँघर छिमेक तथा साथीकहाँ गएको अनुमान गरेका थिए, तर भोलिपल्ट पनि नफर्किएपछि बेपत्ता भएको निष्कर्षमा पुगेर प्रहरीलाई खबर गरेका थिए।

घरमा कसैलाई नसोधी हिँडेको र मोबाइल सम्पर्क गर्दा हुन नसकेपछि सुरुमा आफन्त, छरछिमेक तथा नजिक-टाढाका सबै नातागोताका घर र सम्भावित ठाउँमा खोजी गरेको बालिकाका बुबा विनोदले बताए। तर पनि उनी नभेटिएपछि आइतबार प्रहरीमा हुलियासहित खोजीका लागि निवेदन दिएको उनले बताए।

ज्याला मजदुरी गरी परिवार पाल्दै आएका विनोद र घरधन्दा गर्ने आमा विमला छोरी हराएपछि भावविह्वल छन्। स्थानीय जनता माध्यमिक विद्यालय श्रीपुरमा कक्षा ९ मा पढ्दै गरेकी विधिका एकाएक सम्पर्कविहीन हुनुमा कोही साथीसँग गएको वा दलाल समूहले भेटेर फसायो कि भन्नेमा परिवारलाई चिन्ता लागेको छ।

प्रहरी निरीक्षक खड्काले बालिकाको हुलिया र तस्बिरसहित खोजीका लागि निवेदन परेकाले खोजी कार्य जारी रहेको बताए। हालसम्म कतै सम्पर्कमा नआए पनि प्रहरी र परिवार दुवैतर्फबाट खोजी कार्य तीव्र पारिएको प्रहरी भनाइ छ। विधिकाका बुबाआमा र प्रहरीले उनलाई कतै भेटेमा नजिकको प्रहरी कार्यालयमा बुझाउन या परिवारको सम्पर्क नम्बर ९७१६०७८६६८ मा सम्पर्क गर्न आग्रह गरेका छन्।

जसको जीवन अरूका लागि होइन, त्यो वास्तवमा जीवन नै होइन।
– मदर टेरेसा

# प्रसूतिमा प्रगति

परोपकार प्रसूतिगृहमा पुरुषको शुक्रकीटको गुणस्तर परीक्षण गर्ने अत्याधुनिक अटोमेटिक 'सेमेन एनालाइजर' सेवा सञ्चालन गर्नु प्रजनन स्वास्थ्य सेवाका लागि महत्त्वपूर्ण उपलब्धि हो। अझ महत्त्वपूर्ण, सरकारी अस्पतालअन्तर्गत यो प्रविधि भित्र्याउनेमा प्रसूतिगृह दोस्रो अस्पताल बनेको छ। यो सेवा यसअघि त्रिभुवन विश्वविद्यालयअन्तर्गतको शिक्षण अस्पतालमा मात्र उपलब्ध थियो। करिब ५० लाख रुपैयाँ मूल्यको यो उपकरणले शुक्रकीटको संख्या मात्र होइन, त्यसको टाउको, घाँटी, शरीर र पुच्छरको आकार तथा संरचनासमेत सूक्ष्म रूपमा परीक्षण गर्न सक्छ। यो अत्याधुनिक उपकरणले बाँझोपनाको उपचारलाई थप वैज्ञानिक, विश्वसनीय र सर्वसाधारणको पहुँचयोग्य बनाउने अपेक्षा गर्न सकिन्छ।

यो सुरुवातलाई एउटा मेसिन थपिएको समाचारका रूपमा मात्र बुझ्नुहुँदैन। जटिल बन्दै गरेको प्रजनन स्वास्थ्य उपचारमा रहेका आमधारणालाई पनि यसले सम्बोधन गर्न योगदान गर्नेछ। हाम्रो समाजमा सन्तान नभए त्यसको दोष महिलाकै हुने गलत धारणा अझै पनि विद्यमान छ। अझै पनि बाँझोपनाका लागि नेपाली समाजमा महिलाको कमजोरी वा दोषका रूपमा हेर्ने प्रवृत्ति छ। विवाह भएको केही समयमै गर्भ नरहे महिला नै आफन्त, छिमेकी र परिवारको प्रश्नको केन्द्र बन्छिन्। उपचारका लागि पनि सुरुमा महिलालाई नै अस्पताल पुऱ्याइन्छ। पुरुषको प्रजनन स्वास्थ्य परीक्षण आवश्यक छ कि छैन भन्ने प्रश्नसमेत धेरै परिवारमा उठ्दैन। यसको परिणामस्वरूप महिलाले अनावश्यक मानसिक तनाव, सामाजिक लाञ्छना र पारिवारिक हिंसासमेत बेहोर्नुपर्ने हुन्छ।


विज्ञानले पहिल्यै स्पष्ट गरिसकेको छ- बाँझोपना महिला वा पुरुषमध्ये कुनै एकको मात्र समस्या होइन। विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभर प्रजनन उमेरका करिब ६ मध्ये एक व्यक्ति जीवनको कुनै न कुनै समयमा बाँझोपनाबाट प्रभावित हुन्छन्। यसको कारण पुरुष, महिला, दुवै पक्ष वा कहिलेकाहीं पत्ता नलाग्ने कारण हुन सक्छन्। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको एक अध्ययनमा बाँझोपनाका लागि पुरुष पक्षको योगदान २३.९ प्रतिशत देखिएको थियो। अर्को नेपाली अध्ययनले महिला कारण ३४ प्रतिशत, पुरुषको कारण ३०.१ प्रतिशत र दुवै पक्षका कारण २२.४ प्रतिशत देखाएको थियो। यी अध्ययनका नमुना र स्थान फरक भएकाले तिनलाई देशव्यापी दरका रूपमा लिन मिल्दैन तर एउटा कुरा स्पष्ट हुन्छ, पुरुष पक्षलाई बेवास्ता गरेर बाँझोपनाको पूर्ण तस्बिर बुझ्न सकिँदैन।

> बाँझोपना महिलाको मात्र दोष होइन, पुरुषको अपमान पनि होइन। यो स्वास्थ्यसम्बन्धी समस्या हो र दम्पती दुवैले समान जिम्मेवारीसाथ यसको उपचार खोज्नुपर्छ।

त्यसो त, बाझोपना बदलिँदो जीवनशैलीसँग जोडिन्छ। धूमपान, मदिरा, गुट्खा तथा अन्य सुर्तीजन्य पदार्थको सेवन, अस्वस्थ खानपान, शारीरिक व्यायामको कमी, मोटोपना, तनाव र निद्राको अभावजस्ता पक्षले प्रजनन स्वास्थ्यमा असर पार्न सक्छन्। विश्व स्वास्थ्य संगठनले पनि धूमपान, अत्यधिक मदिरा सेवन र मोटोपनालाई महिला तथा पुरुष दुवैमा बाँझोपनासँग सम्बन्धित जीवनशैलीगत जोखिमका रूपमा उल्लेख गरेको छ।

नेपालमा वैदेशिक रोजगारीका क्रममा अत्यधिक गर्मीमा काम गर्ने पुरुषको संख्या ठुलो छ। शुक्रकीट उत्पादनका लागि शरीरको सामान्य तापक्रमभन्दा केही कम तापक्रम आवश्यक हुने भएकाले अत्यधिक तापको दीर्घकालीन प्रभावबारे पनि गम्भीर अध्ययन आवश्यक छ। यस विषयमा अनुमान र हल्लाभन्दा वैज्ञानिक अनुसन्धान आवश्यक छ। यो समस्याका लागि जीवनशैलीलाई मात्र दोष दिएर पुग्दैन। संक्रमण, हार्मोनसम्बन्धी समस्या, प्रजनन अंगको समस्या, आनुवंशिक कारणलगायत धेरै चिकित्सकीय कारणले पनि पुरुषको प्रजनन क्षमता प्रभावित हुन सक्छ। त्यसैले कसैलाई अकारण दोषारोपण होइन, वैज्ञानिक परीक्षण पहिलो प्राथमिकता हुनुपर्छ। यस सन्दर्भमा प्रसूतिगृहको नयाँ उपकरणको झन् महत्त्व देखिन्छ। यसअघि सामान्य उपकरणबाट गलत वा अपूर्ण परिणाम आउन सक्ने अवस्थाले उपचार असफल हुने जोखिम थियो भने अब सूक्ष्म परीक्षणबाट वास्तविक समस्या पहिचान गर्न सहज हुनेछ। अन्यत्रभन्दा सरकारी अस्पतालमै सुलभ मूल्यमा सेवा दिने तयारी निजी क्षेत्रको तुलनामा उपचारलाई धेरै परिवारको पहुँचमा पुऱ्याउने अवसर पनि हो।


अब सरकारले यस्ता उपकरण काठमाडौंका केही अस्पतालमा सीमित नराखी प्रदेश र जिल्ला तहसम्म आवश्यकताअनुसार विस्तार गर्नुपर्छ। दक्ष जनशक्ति, गुणस्तरीय रिएजेन्ट, नियमित मर्मत र परीक्षणको गुणस्तर सुनिश्चित गर्नुपर्छ। साथै बाँझोपनासम्बन्धी जनचेतना अनिवार्य गर्नुपर्छ। हाम्रो सोच बदलिनुपर्छ। बाँझोपना महिलाको मात्र दोष होइन, पुरुषको अपमान पनि होइन। यो स्वास्थ्यसम्बन्धी समस्या हो र दम्पती दुवैले समान जिम्मेवारीसाथ यसको उपचार खोज्नुपर्छ।



डा. सुभाष पोखरेल

# हिँड्न नछोडौं

**स्वस्थ खान्की अनि संयमित आचरणले बहुआयामिक फाइदा दिन्छ। अन्य शारीरिक कसरतजस्तै नियमित रफ्तारी हिँडाइले मुटुसम्बन्धी रोग मात्र होइन, अर्बुदरोगलगायतको सम्भाव्यलाई न्यून गरी व्यक्तिको आयु बढाउँछ।**



युनिभर्सिटी अफ क्यालिफोर्निया लस एन्जलस (युसिएलए) को स्वास्थ्य विभागले कस्तो किसिमको 'एक्सरसाइज' गर्ने भन्ने कौतूहल बोकेका जमातलाई गत वर्ष सरल जवाफ दियो। 'दर्जनौं अध्ययनको एउटै धनिष्कर्ष : टहल्न कहिल्यै नछोड्नु' भन्ने सन्देश थियो युसिएलएको। कसरत विद्यामा प्रकाशित भएका दर्जनौं अन्वेषणको विश्लेषण गरी धनी मुलुक र गरिब देशका स्वस्थ जीवन व्यतीत गर्न उद्यत जनतालाई हिँडाइको महत्त्व दर्शाउँदै जवाफ दियो अमेरिकी विश्वविद्यालयले। उपकरणले भरिपूर्ण जिमखाना धाउनेले मात्र व्यायामको फाइदा पाउँछन् कि भन्ने भ्रम पाल्नेलाई सहर-गाउँ, पहाड-तराई, खेतबारी, वनजंगललगायतका जुनसुकै भूगोलमा गरिने हिँडाइले सदैव फाइदा दिने निष्कर्ष थियो। हिँड्नका लागि कुनै पनि उपकरण नचाहिने तर स्वास्थ्य फाइदा भरपूर पाइने भएकाले उक्त खबरले गरिब मुलुकका नागरिकलाई थप उत्साही बनाउनु अस्वाभाविक होइन। हिमाली भेगलाई अपवाद मान्ने हो भने वर्षभरि नै घुमफिर गर्न मिल्ने मौसम भएकाले पनि नेपालीले स्वास्थ्य फाइदा लिन थप मेहनत गर्नुपर्ने रहेन। यस लेखको मुख्य लक्ष्य हिँडडुल र दिमागी स्वास्थ्यको अन्तर्सम्बन्ध स्थापित गर्नु हो।

आयुर्विज्ञान (मेडिकल साइन्स) को सफलता अनि खानपिन र जिउने तरिकामा आएको विश्वव्यापी परिवर्तनले मानिसको सरदर उमेर उकासियो। केही दशकअघिसम्म चारबिस नाघेका वृद्ध गाउँभरि एकदुई जना हुने गरेकोमा अहिले प्रत्येक घरमा वृद्धभत्ता पाउने हजुरपुस्ता भेटिन्छन्। आयुको बढोत्तरी अहिले नै रोकिने अवस्था छैन, बरु शताब्दी नागरिकको आँकडा थप चुलिने निश्चित छ। अमेरिकाको स्ट्यानफोर्ड विश्वविद्यालयको लन्जिभिटी (दीर्घजीवी) विभागले सन् २०२२ मा प्रकाशित गरेको एक प्रतिवेदनले अहिले ५ वर्ष पुगेका दुई अमेरिकी बालबालिकामध्ये एकजना सजिलै एक शताब्दी बाँच्ने भन्यो। जन्मदर घट्ने तर शताब्दी पुग्नेको संख्या उकासिँदै जाँदा समाजमा बुढाबुढीको घनत्व बढ्छ नै।

उमेर पाको बन्दै जाँदा शरीरका अंगप्रत्यंग शिथिल बन्छन् भने दिमागी तागत पनि घट्दै जान्छ। घुँडा परिवर्तन गर्ने मात्र होइन, बरु मिर्गौला, कलेजो, फोक्सो, मुटुलगायतका महत्त्वपूर्ण तन्तु नै फेर्नुपर्ने अवस्थाका लागि समेत विज्ञान तयार हुँदै छ। मानवीय अंगको आपूर्ति सहज बनाउन जनावरको प्रयोग मात्र गरिएको छैन, बरु ल्याब निर्मित मेसिनहरूले समेत उत्साहजनक नतिजा दिएका छन्। हालै गरिएको क्लिनिकल परीक्षणले बाइभाकोर भन्ने कम्पनीले बनाएको कृत्रिम मुटुको सहारामा समेत मानिस लामो समय बाँच्न सक्ने देखियो। पार्टपुर्जा परिवर्तन गरी थोत्रो कारलाई चलायमान बनाएझैं वृद्धावस्थामा शिथिल भएका अंगलाई परिवर्तन गरी मानवलाई दुरुस्त बनाउने दिशामा विज्ञान धेरै माथि पुगिसक्यो। तर, पृथक् चरित्रका कारण ल्याब निर्मित मस्तिष्कको प्रयोग निकै चुनौतीपूर्ण देखिन्छ। पाको उमेरमा मस्तिष्कका कोष (न्युरोन)हरू मर्दै जान्छन्, दिमागको आकृति खुम्चन्छ।

शारीरिक बनोट परिवर्तन गरी अशक्तलाई हिँडडुल गर्न सक्ने बनाउने विज्ञानले वृद्धावस्थामा शिथिल भएको मस्तिष्कलाई परिवर्तन गर्न भने निकै चुनौतीपूर्ण देखिन्छ। त्यस्तो हुनुमा दिमागको विशिष्ट चरित्र नै हो। कृत्रिम मुटुले रक्तसञ्चारलाई सुचारु गर्न सके थप उत्खननको आवश्यकता हुँदैन। तर, मस्तिष्कको कथा बेग्लै छ। जन्मेदेखि भोगेका अनुभवहरू मस्तिष्कका अर्बौं न्युरोनहरूमा भण्डारण गरिने भएकाले साबिकको दिमागलाई ल्याब निर्मित अंगले प्रतिस्थापन गर्दा विगतका अनुभवहरू स्मरणबाट हराउँछन्। पुराना परिदृश्य मानसपटलबाट मेटिँदा फरक व्यक्ति बन्न पुग्छ। व्यक्ति स्मरणशून्य बच्चाजस्तो बन्छ।

सर्वाधिक महत्त्वपूर्ण अंग भएकाले प्रकृतिले दिमागलाई अत्यधिक सुरक्षित राखेको छ। बाह्य केमिकलहरू 'ब्रेन'मा पुगेर क्षति नपुऱ्याऊन् भन्नका खातिर दिमाग र शरीरका बिच दरिलो पर्खाल बन्यो। रासायनिक तत्त्वहरू दिमागमा पुग्न नै कठिन भएकाले मस्तिष्क रोगको इलाज चुनौतीपूर्ण बन्यो। सन् २०२२ मा जर्नल वर्ल्ड साइकियाट्रीमा प्रकाशित एक अध्ययनले दिमागी स्वास्थ्यका प्रचलित औषधिहरूले रोग बिसेक नपार्ने, बरु लक्षणको व्यवस्थापन मात्र गर्ने निष्कर्ष निकालेबाट नै मानसिक रोगको इलाजको भयावहता बुझिन्छ। यसरी औषधिबाट निको पार्न चुनौतीपूर्ण देखिनु अनि दिमागको स्थानान्तरण असम्भव भएको अवस्थामा मस्तिष्कलाई परहेजमार्फत स्वस्थ राख्न जरुरी देखियो।

> आयुर्विज्ञानको सफलता अनि खानपिन र जिउने तरिकामा आएको विश्वव्यापी परिवर्तनले मानिसको सरदर उमेर उकासियो। केही दशकअघिसम्म चारबिस नाघेका वृद्ध गाउँभरि एकदुई जना हुने गरेकोमा अहिले प्रत्येक घरमा वृद्धभत्ता पाउने हजुरपुस्ता भेटिन्छन्। आयुको बढोत्तरी अहिले नै रोकिने अवस्था छैन, बरु शताब्दी नागरिकको आँकडा थप चुलिने निश्चित छ।

म्यासाच्युसेट्स जेनरल हस्पिटलकी न्युट्रिस्नल साइकोलोजिस्ट डा. उमा नायडु भोजनले व्यक्तिको दिमागी स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने ठान्छिन्। लामो समयदेखि खाना र दिमागी स्वास्थ्यको अन्तर्सम्बन्ध स्थापनाका खातिर अनुसन्धानरत डा. नायडुको विचारमा प्रकृतिले दिएको खाद्यान्नलाई बिनाप्रशोधन सेवन गर्नु मेन्टल हेल्थका लागि लाभप्रद हुन्छ। उनी खैरो चामल, बोक्रा नफालेको सग्लो दाल अनि थोरै मासु तथा धेरै तरकारी, फलफूल र सागपात खाने बानीले दिमागलाई दीर्घकालीन लाभ दिने ठान्छिन्। फरक अनुसन्धानहरूले पाचन प्रणालीमा पाइने सूक्ष्माणु 'गट माइक्रोबायोम'ले मानिसको 'मेन्टल हेल्थ'मा समेत सकारात्मक प्रभाव पार्ने यथार्थ बाहिरियो। एउटा चिनियाँ अध्ययनले गुन्द्रुक, सिन्कीजस्ता फर्मन्टेड खान्कीले आन्द्राको जीवाणु सुधारमार्फत दिमागी स्वास्थ्यलाई सबल बनाउने देखियो। स्वास्थ्यवर्धक खानाका अतिरिक्त नियमित सुताइको तालिका, भजनकीर्तन अनि नैतिक शिक्षा प्रवर्धनले समेत दिमागलाई स्वस्थ राख्न सक्ने पाइयो।

युवा तथा अधबैंसे समूहमा हिँडाइले शारीरिक तथा मानसिक स्वास्थ्यलाई तन्दुरुस्ती दिने ठानिएकोमा संयुक्त राज्य अमेरिकाको स्टोनी ब्रुक विश्वविद्यालयको स्नायु विभागका अनुसन्धानकर्ताहरूले यसै वर्ष ८० वर्ष उमेर कटेका हजुरपुस्ताले टहल्दा झन् बढी फाइदा पाउने बेहोरा प्रकाशित गरे जर्नल न्युरोलोजीमा। उक्त अन्वेषणले अन्य उमेर समूहलाई झैं आठ दशक कटेकालाई समेत हिँडाइले लाभ गर्ने भए पनि रफ्तारले भने दिमागी स्वास्थ्यमा निकै ठुलो भूमिका खेल्ने देख्यो। उमेर समूहका शालाखालाभन्दा अधिक गतिमा हिँड्न सक्ने हजुरपुस्ताको दिमाग निकै चनाखो हुने देखियो। उदाहरणका लागि ८० कटेका मानिसको सरदर हिँडाइको रफ्तार दुई किलोमिटर प्रतिघण्टा हो भने तीन किलोमिटरको दरले हिँड्ने व्यक्तिको मानसिक अवस्था निकै राम्रो हुने उक्त अध्ययनको निष्कर्ष हो। कम्तीमा ८० वर्ष पुगेका चार हजार मानिसमा गरेको उक्त अध्ययनले छिटो हिँड्न सक्ने हजुरबुबाको स्मरणशक्ति एक वयस्कको भन्दा साह्रै कम नहुने भन्छिन् उक्त अध्ययनकी संयोजक एवं अल्बर्ट आइन्स्टाइन कलेज अफ मेडिसिनकी प्राध्यापक डा. सोफिया मिल्म्यान। त्यही उमेर समूहकै भए पनि ढिलो हिँड्नेले उक्त लाभ नपाउने भन्छ उक्त अन्वेषणले।

हिँडाइले व्यक्तिको मुटु, फोक्सोलगायत शारीरिक प्रक्रियालाई समेत सकारात्मक प्रभाव पार्नु अस्वाभाविक होइन। छिटो हिँड्ने आदत भएको मानिसको मुटु र फोक्सोको चाल पनि अधिक हुन्छ। अत्यधिक खान्की पाएपछि मस्तिष्कका कोषहरू शिथिल बन्दैनन्, बरु लामो समयसम्म सशक्त नै रहन्छन्। रफ्तारमा हिँड्ने व्यक्तिको दिमागले अर्को समूहभन्दा अधिक पोषणतत्त्व पाउने भएकाले दिमागी शक्तिको प्रचुरता अस्वाभाविक होइन भन्ने अन्वेषणकर्ताको दाबी रह्यो।

जीवनको पूर्वार्धदेखि नै रफ्तारमा हिँड्ने व्यक्तिले मात्र उत्तरार्धमा आफ्नो उच्च गति कायम गर्न सक्ने भएकाले बुढेसकालमा बिर्सने रोग नलागोस् भन्ने सोच्ने मानिसले आफ्नो आदतलाई तदनुरूप नै ढाल्नुपर्ने देखियो। एक फरक अध्ययनले बुद्धधर्मावलम्बीहरूले पालन गर्ने 'वाल्किङ मेडिटेसन'को अभ्यास गर्ने समूहले पाको उमेरमा समेत आफूलाई मानसिक रूपले सशक्त पाए। त्यस्तै जापानको चिबा युनिभर्सिटीका प्राध्यापक योसिफुमी मियाजाकीको समूहले सन् २०१८ मा जंगल, खोलाजस्ता प्राकृतिक दृश्यको अवलोकन गर्दै टहल्दा दिमागी समस्या भएकाले समेत अतिरिक्त लाभ पाउने बेहोरा प्रस्तुत गरे।

स्वस्थ खान्की अनि संयमित आचरणले बहुआयामिक फाइदा दिन्छ। अन्य शारीरिक कसरतजस्तै नियमित रफ्तारी हिँडाइले मुटुसम्बन्धी रोग मात्र होइन, अर्बुदरोगलगायतका सम्भाव्यलाई न्यून गरी व्यक्तिको आयु बढाउँछ। दिमागी स्वास्थ्यका औषधिहरू प्रभावकारी नभएको अनि बुढेसकालमा स्मरणशक्ति घट्दै गई व्यक्ति पूर्ण रूपले मानसिक अपांग बन्न सक्ने सम्भाव्यलाई मध्यनजर राख्दै हिँडाइलाई सबैले आफ्नो कार्यतालिकामा राख्नुपर्ने देखियो। सफ्तारी हिँडाइको आदतमार्फत शारीरिक तथा मानसिक रूपले स्वस्थ बन्न सकिन्छ भन्ने स्मरण गरौं अनि अरूलाई पनि सम्झाऔं।

# राजनीतिमा सामाजिक–आर्थिक सन्दर्भ

**विगतमा दलका राजनीतिक अनुभव देशको दिशा पहिल्याउन पर्याप्त देखिएनन्। फलस्वरूप आजको राजनीतिक स्वरूप निर्माण भयो। अहिले केन्द्रबिन्दुमा वर्तमान संविधानलाई राखेर यो संविधान संशोधन गरी देशलाई नयाँ गन्तव्यमा लैजान खोजिएको छ। आशा गरौं, २०८३ सालमा देशले नयाँ स्वरूप प्राप्त गर्ने छ।**



डा. सुमनकुमार रेग्मी

नेपालको २०३६ सालको विद्यार्थी आन्दोलन, २०४६ को जनसंघर्ष, २०६२-६३ को माओवादीसहितको जनआन्दोलनले नेपालको संविधान २०७२ मार्फत राजालाई फाल्न सक्यो। देशको बागडोर दलहरूको हातमा आए पनि देशले दिशा लिन सकेको छैन। यस्तै भइरहे भविष्यमा प्रजातान्त्रिक शक्ति कमजोर बन्न सक्छ। फलस्वरूप बहुदल पुनःस्थापितपश्चात्को ३७ वर्षपछि प्रजातान्त्रिक व्यवस्था र साम्यवादी व्यवस्था रोज्ने जनमतसंग्रह आवश्यक पर्न जान सक्छ। यसमा प्रजातान्त्रिक शक्तिको जित भएमा राम्ररी शक्ति हस्तान्तरण गर्नुपर्ने स्थिति आउन सक्छ। अन्यथा समयावधिक चुनावमा रास्वपा, कांग्रेस, एमालेलगायत अरू माओवादी शक्तिले चुनावमा बहुमत पाउन सक्छन्। २०७७ मा कोरोना महामारीका साथै देशमा आर्थिक स्थिति बिग्रन जाने जस्तो देखिएकाले कल्पना नै गर्न नसकिने परिवर्तन हुने देखा पर्दै छन्।

गाउँका भलादमी भेला हुने चौतारा नाश भए। त्यसले गर्दा हिन्दु धर्मको नाश हुन गएको छ। यी सबै कारणले नेपालमा कहिल्यै पनि प्रजातन्त्र जनतामाझ पुग्न सकेन। बेलामा जनमतसंग्रहको नतिजा नै शान्तिपूर्ण जनसंघर्षको मौन परिणाम हो। हिन्दु संघीय गणतन्त्र राज्यमा जोकोही पनि धर्मका कारणले तल हुन्छन्। माओवादीसहितको पटक-पटकको अरू दलहरूसँगको सरकार गठनपछि नेपालमा राजनीतिक गल्ती बढेर गएको छ।

पछि नेपालमा हिन्दु गणतन्त्रको हाबी हुँदै जान्छ। नेपाल हिन्दु धर्मावलम्बीको बाहुल्य भएको देश भएकाले हाम्रा रीतिरिवाज, संस्कृति, परम्परा, चाडपर्व सबै वैदिक परम्परामा आधारित छन्। देशलाई समृद्ध बनाउन पनि आर्थिक तथा व्यापारिक क्षेत्रको महत्त्व हुन्छ। वैदिककालदेखि हाम्रा भौगोलिक बनावट, हावापानीअनुसार प्रकृतिसँग मेल खाने वस्तुको उत्पादन हुँदै गएकोमा नेपालमा पश्चिमी देशको प्रभावले गर्दा हाम्रा प्राकृतिक संरचनालाई असर गरेको छ। हाम्रा कतिपय धार्मिक ग्रन्थ तथा परम्पराअनुसारका विधिलाई हामीले नै प्रयोगहीन पार्दै आएका छौं। आवाज वास्तवमा हरेक दलले विगतमा दलभित्र जनजाति-पीडित आदिको आवाज सुनेको भए यस्तो समस्या आउँदैनथ्यो। यस्ता समस्या दलभित्रका समस्या हुन्, न कि देशको समस्या। राष्ट्रिय समस्या बढेर नेपालको संविधान २०७२ संशोधन गर्नुपर्ने अवस्था आउँदैनथ्यो।

बहुदल आएको १०-१२ वर्षपछि नै नेपालमा दलहरू फुट्ने-फुटाउने क्रम सुरु भएको थियो। अझै पनि जारी छ। नेपालमा बहुदल आएको धेरै वर्ष भए पनि सत्ताको अधिकार सीमित व्यक्तिमा निहित छ। संघीय गणतन्त्र बहुदल र विकेन्द्रीकरण भए पनि अधिकार माथिल्लो वर्गमा सीमित देखिन्छ। जसले गर्दा सीमित व्यक्तिद्वारा भ्रष्टाचार गरी मोज र भोज गर्ने अखडा बन्न गएको छ। भ्रष्टाचारका प्रमाण पाइँदैन-आउँदैन तर समाजमा भ्रष्टाचारका गन्ध व्यवहार छर्लंग प्रस्टिन्छ।

तीनपुस्ते खानदानी प्रस्ताव २०३२ सालको स्वआर्जनको व्यवस्थाले धराशायी बनायो। जसले गर्दा नेपालमा राजनीतिक व्यवस्था छिनछिनमा स्थिर भएर गएको छैन। आर्थिक विकास वा गरिबी निवारण भएको खण्डमा राजनीतिक व्यवस्था स्थिर रहन सक्छ। दल-बदल परिवर्तन गर्ने विचार आएमा बहुदल कमजोर बन्दै जाने हुन्छ। पदमा बस्नेले मानवीय राजनीतिक दृष्टिकोण अपनाउनुपर्नेमा दानवीय दृष्टिकोण अपनाएकाले नेपालमा राजनीतिक व्यवस्था सञ्चालनमा स्थिरता नआएको हो। भ्रष्टाचारीले भ्रष्टाचार गरी कमाएको अदृश्य शक्ति प्रमाणका आधारमा जफत गरी कर्मचारीलाई नै बोनसका रूपमा वितरण गरेमा राजनीतिक व्यवस्था स्वच्छ, दिगो र स्थिर बन्न जान्छ। समाजमा भएका कालो धन, भ्रष्टाचार र अनियमित कार्यले देशमा महँगी बढाउँछ। जसले गर्दा जस्तोसुकै राजनीतिक व्यवस्था कमजोर बनाउँछ।

सम्बन्धित कार्यालयले कारबाही गरेमा भ्रष्टाचार फाइलमा हेरिन्छ तर वास्तवमा भ्रष्टाचार लगानी हुने सम्भावित क्षेत्रको जाँच-पडताल गरिनुपर्छ। कुनै कार्यालयमा केही कार्य गर्ने कुरा उठाएमा यसपालि त बजेट छैन भनिन्छ। सायद भ्रष्टाचार, नमस्कार र शिष्टाचार नबुझेकाले यस्तो भएको हो। नेपालमा शिष्टाचार-नमस्कार-अनुशासन खोजिन्छ तर भ्रष्टाचार-दुराचार-अनियमितता आदिलाई कारबाही गरिँदैन।

तसर्थ, सरकारले भ्रष्टाचारी पहिचान गरी सामाजिक, आर्थिक, राजनीतिक उत्थानको पाइला सार्नुपर्छ। सुकार्यले मानिस मात्रै होइन, देशलाई नै महान् बनाउँछ। जनताले नै भ्रष्टाचारको विरोध गरी शान्ति अभियान चलाउनुपर्छ।

नेपालमा दलको कमजोरीको रूपमा वैकल्पिक प्रजातान्त्रिक गैरसाम्यवादी दलको विकास हुन नसक्नु बहुदलीय व्यवस्थाको कमजोरी हो। समय बितेअनुसार सत्तासीन दलको विकृति पनि बढेर गयो। जसले गर्दा आफ्नै दललाई सर्वसम्पन्न देख्ने गरेकाले बहुदल आए पनि चुनावबाट साम्यवादी दलीय सरकार बन्यो। देशको विकृति हेर्दा साम्यवादी दल नेकपासहित र सम्मिलित राजनीति राजनीतिक केन्द्रविन्दुमा जनसमर्थित बन्न खोज्यो। तसर्थ, प्रजातान्त्रिक अर्को दल नेपालमा विकास नहुनु बहुदलको विगत ३७ वर्षको कमजोरी बन्न पुग्यो।

विगतमा दलका राजनीतिक अनुभव देशको दिशा पहिल्याउन पर्याप्त देखिएनन्। फलस्वरूप आजको राजीतिक स्वरूप आइपुग्यो। अहिले केन्द्रविन्दुमा 'नेपालको संविधान २०७२' लाई राखेर यो संविधान संशोधन गरी देशलाई नयाँ गन्तव्यमा लैजान खोजिएको छ। आशा गरौं, २०८३ सालमा देशले नयाँ स्वरूप प्राप्त गर्ने छ।

दक्षिण एसियामा नै पाकिस्तान र नेपालको प्रजातन्त्र विगतमा खतरायुक्त थियो। नेपालमा २००७ सालपछि प्रजातन्त्र आयो। २०६५ मा गणतन्त्र आए पनि नेताहरूको भनाइमा अझ नेपालमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्रीमा आधारित व्यवस्था भएको जनगणतन्त्र संस्थागत गर्न बाँकी छ। २००७ साललगत्तै आमनिर्वाचन हुनुपर्नेमा त्यसो नभएपछि नेपाली कांग्रेसले भद्र अवज्ञाका कारणले मात्र २०१५ सालमा आमनिर्वाचन सम्पन्न भयो। नवसंविधान २०७२ आयो।

नयाँ संविधान २०७२ पछि केन्द्रीयलगायत स्थानीय सरकारको चुनाव भई देश संघीय गणतान्त्रिक प्रजातान्त्रिक युगमा प्रवेश गऱ्यो। २०१६ सालपछिको १८ महिना मात्र बहुदलीय व्यवस्था रह्यो। २०१५ सालको आमचुनावले नेपालमा पहिलो पटक बहुदलीय सरकार स्थापित गऱ्यो। २०४७ सालदेखि अनवरत रूपमा २०८३ हालसम्म संसदीय व्यवस्थामा संघीय गणतान्त्रिक थप भई कायम नै छ तर संघीय गणतान्त्रिक स्वरूपमा आएको स्वरूप अर्कैमा बदलियो। यो नै विश्वमा उत्कृष्ट व्यवस्था मानिएको छ। तर जनताको प्रत्यक्ष मताधिकारलाई तोडमोड गरी बहुमतका वर्तमान नेकपाको सरकार आएको पटक-पटक भएको छ।

नेपालमा आधुनिक औद्योगिक विकासको क्रम सुरु भएको अर्थात् १९९३ सालदेखि साढे आठ दशक भए पनि कतिपय आवश्यक वस्तुका उत्पादन अझै हुन सकेको छैन। संविधान २०७२ बन्नुभन्दा अगाडिको व्यवस्थापिका संसदमा विपक्षी दल नभए पनि ठुला दलबाहेक अरू दलले सडकमा विपक्षीको भूमिका निभाउन सक्थे तर देखाएनन्।

-रेग्मी व्यापार तथा निकासी प्रवर्धन केन्द्रका पूर्वनायब कार्यकारी निर्देशक हुन्।





काठमाडौंको नागपोखरीमा सोमबार परम्पराअनुसार नागपूजा गरी नागपञ्चमी मनाइँदै। सनातन धर्मावलम्बीहरू घरको मूल ढोकामा नागका चित्र टाँसेर दूध, अक्षता र दुबो चढाउँदै सर्पदंशको भयबाट मुक्ति र रक्षाको कामना गर्दछन्। सर्प संरक्षणले पर्यावरणीय सन्तुलन कायम राख्न तथा प्रकृतिको रक्षा गर्न मद्दत पुग्ने भएकाले यो पर्व धार्मिक, सांस्कृतिक र वैज्ञानिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ। *तस्बिर : नागरिक/द्वारिका काफ्ले*

# निष्पक्ष छानबिन गर्न माग

## कप्तानगन्ज घटना

**अमर खड्का**

*इटहरी, भदौ १*

सुनसरीको देवानगन्ज गाउँपालिका- ३ कप्तानगन्जमा भएको दुईपक्षीय झडपपछि भएको हिसांत्मक घटना भएयता अहिलेसम्म १४ जना पक्राउ परेका छन्। पक्राउ परेकामध्ये केहीलाई तारेखमा छाडिएको छ भने केहीको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

साउन १० गते दुई पक्षबिच भएको झडपले हिंसात्मक रूप लिँदा कप्तानगन्जका २५ वर्षीय ओमप्रकाश मेहता, २१ वर्षीय जयप्रकाश मेहता र १९ वर्षीय रवीन्द्र मेहताको मृत्यु भएको थियो। सो घटनामा घाइते भएका तीनजना अस्पतालबाट डिस्चार्ज भइसकेका छन् भने तीनजनाको उपचार भइरहेको छ।

घटनामा संलग्न भएको आरोपमा प्रहरीले पक्राउ गरेका कप्तानगन्जका सहमान मियाँ, निरसलाम मियाँ, तेतर मियाँ र अर्का एकजनालाई अनुसन्धानपछि छाडेको छ। यस्तै कादिर मियाँ र अबुल मियाँको भने अनुसन्धान जारी छ। यस्तै सो घटनामा संलग्न भएको आरोपमा प्रहरीले सुरुवातमा दुईजना, त्यसपछि आठजना र पछिल्लो समयमा चारजना पक्राउ गरेको छ। आइतबार मात्र दुईजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा मुस्लिम र हिन्दु दुवै पक्षका छन्।

घटनाको सुरुवातदेखि नै दोषीलाई पक्राउ गर्नुपर्ने माग चौतर्फी उठेको थियो। देवानगन्ज घर भएका संविधानसभा सदस्यसमेत रहेका मुगालाल मेहता त दोषीलाई पक्राउ गर्न प्रहरी-प्रशासनले प्रभावकारी भूमिका खेल्न नसकेको जिकिर गर्छन्। 'घटनालाई गाउँका केही मान्छेले त भड्काए नै; बाहिरका मान्छेले पनि भड्काए', उनले भने। उनका अनुसार कप्तानगन्ज घटनाले हिन्दु र मुस्लिम दुवै वर्गलाई मारमा पारेको छ।

यसैबिच प्रहरीले पक्राउ परेका आन्दोलनकारीलाई तत्काल रिहा गर्न संयुक्त हिन्दु मोर्चा सुनसरीले सोमबार माग गरेको छ। मोर्चाका संयोजक कप्लेश्वर यादव (कपिल) को नेतृत्वमा आएको टोलीले सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याललाई ज्ञापनपत्र बुझाउँदै घटनाको निष्पक्ष, स्वतन्त्र र प्रभावकारी छानबिन गर्न माग गरेको छ। ज्ञापनपत्रमा कप्तानगन्जसँगै सुनसरीका विभिन्न स्थानमा भएका हिंसात्मक घटना, आगजनी, कुटपिट, तोडफोडलगायतका विषयमा निष्पक्ष छानबिन गर्न माग गरिएको छ।

ज्ञापनपत्रमा हिन्दु समुदायको धार्मिक तथा सांस्कृतिक आस्था, संस्कार, परम्परा, रीतिरिवाज र सांस्कृतिक सम्पदा संरक्षण तथा सम्मान हुने वातावरण बनाउनसमेत प्रशासनसँग माग गरिएको छ। चाडपर्वका समयमा भय र त्रासरहित वातावरण सुनिश्चित गर्दै शान्तिसुरक्षाको प्रत्याभूति गर्नुपर्ने मोर्चाको माग छ। सुनसरीमा साम्प्रदायिक सद्भाव, सामाजिक शान्ति र नागरिकको सुरक्षालाई प्राथमिकतामा राखी कुनै पनि हिन्दु धर्मावलम्बीमाथि व्यक्तिगत वा सामूहिक दोषारोपण तथा प्रतिशोधको वातावरण सिर्जना हुन नदिन मोर्चाले आग्रह गरेको छ।

मोर्चाले भोक्राहा नरसिंहको चिरौली चोकमा हिन्दु समुदायका पसलमा भएको भनिएको आगजनी तथा त्यहाँका जनप्रतिनिधिबाट हिन्दुहरूलाई पलायन गर्न र व्यापार-व्यवसाय गर्न नदिने अभिव्यक्ति आएको विषयमा समेत छानबिन गर्न माग गरेको छ। हिन्दु समुदायले ज्ञापनपत्र बुझाएपछि जिल्ला प्रशासन कार्यालयमा धर्ना र विरोधसमेत गरे।

# जनकवि दुर्गालालको निधन



काठमाडौं, भदौ १ (नागरिक)- नेपालभाषा र नेपाली भाषाका कवि तथा गीतकार दुर्गालाल श्रेष्ठको निधन भएको छ। श्रेष्ठको आइतबार राति बूढानीलकण्ठस्थित आफ्नै निवासमा निधन भएको हो। नेपालभाषा र नेपाली साहित्यमा सात दशकभन्दा लामो समय सक्रिय श्रेष्ठ कविता, गीत, नाटक तथा बालसाहित्यका क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने स्रष्टाका रूपमा स्थापित छन्। नेपालभाषाको आधुनिक साहित्यलाई नयाँ उचाइ दिन उनको महत्त्वपूर्ण भूमिका छ।

साहित्य सिर्जनासँगै मातृभाषा, संस्कृति र जनजीवनका पक्षमा निरन्तर आवाज उठाउँदै आएका श्रेष्ठलाई नेपालभाषाको पुरानो र नयाँ पुस्ताबिचको सेतुका रूपमा पनि स्मरण गरिन्छ। उनका रचनामा प्रेम, करुणा, प्रकृति, मानवीय संवेदना, सामाजिक चेतना र जीवनदर्शनका विविध पक्ष अभिव्यक्त भएका छन्। 'फूलको आँखामा फूलै संसार' गीतले उनलाई नयाँ पुस्तामाझ लोकप्रिय बनाएको थियो। यो गीत न्ह्यू बज्राचार्यको संगीतमा आनी छोइङ डोल्माले गाएकी थिइन्।

१९९२ साउनमा जन्मेका श्रेष्ठले लामो समय क्षेत्रपाटीस्थित कन्या मन्दिर विद्यालयमा अध्यापन गरेका थिए। कवि श्रेष्ठको पहिलो रचना सान्त्वना कविता धर्मोदय पत्रिकामा प्रकाशित भएको थियो। उनले २०६० सालमा नेपाल भाषा परिषद्द्वारा 'जनकवि'को उपाधि प्राप्त गरेका थिए। उनको साहित्यिक योगदानको कदर गर्दै 'जगदम्बा-श्री २०६७'बाट सम्मान गरिएको थियो। मातृभाषाका माध्यमबाट नेपाली साहित्यको प्रवर्धन र विकासमा पुर्‍याएको योगदानका लागि उनलाई मातृभाषा राष्ट्रिय सेवा पुरस्कारबाट समेत सम्मानित गरिएको थियो।

उनको शव श्रद्धाञ्जलीका लागि मंगलबार नेपाल भाषा मंकाः खलः मा राखिने र मंगलबार नै शोभाभगवतीमा परम्पराअनुसार दाहसंस्कार गरिने भएको छ। उनका श्रीमती, एक छोरी र दुई छोरा छन्।

# गुरही ठटाएर महामारी भगाउने पर्व



बाँकेको कोहलपुरस्थित खुलामञ्चमा बालपर्व 'गुरही' अर्थात् 'गुरिया' पर्व मनाउँदै थारू समुदाय। *तस्बिर : गणेश/नागरिक*

**गणेश विशु**

*बाँके, भदौ १*

खेतीपाती सकिएसँगै थारू समुदायमा मनाइने पहिलो महत्त्वपूर्ण बालपर्व 'गुरही' अर्थात् 'गुरिया' पर्व सोमबार पश्चिम तराईका थारू बस्तीमा हर्षोल्लासका साथ मनाइएको छ। श्रावण शुक्ल पञ्चमी अर्थात् नागपञ्चमीका दिन मनाइने यो पर्वमा बालबालिका तथा युवायुवतीदेखि समुदायका ज्येष्ठ सदस्यहरू सहभागी भएर परम्परागत संस्कारलाई निरन्तरता दिने गर्छन्।

बाँके, बर्दिया, दाङ, कैलाली र कन्चनपुरलगायत पश्चिम तराईका थारू बस्तीमा गुरही पर्व उत्साहका साथ मनाइएको हो। पर्वका अवसरमा गाउँका चोक तथा चौबाटामा जम्मा भएर कपडाबाट बनाइएका गुरही (पुतली) फाल्ने र त्यसलाई लौरो वा सोंटाले ठटाएर विसर्जन गर्ने परम्परा छ। थारू समुदायमा 'असरैना' भन्नाले बिसर्जन गर्नु वा सेलाउनु भन्ने बुझिन्छ। यही परम्पराअनुसार दिदीबहिनी तथा बालिकाले विभिन्न रङका पुराना कपडाबाट गुरही तयार पार्छन्। साँझपख ती गुरहीलाई गाउँको चोक वा चौबाटामा लगेर फालिन्छ। दाजुभाइ तथा बालकले निगालो वा बाँसबाट बनाइएको सोंटाले गुरही ठटाउने गर्छन्।

कोहलपुरका बरघर चिन्कु थारूका अनुसार गुरही मनोरञ्जनका लागि मनाइने पर्व नभई थारू समुदायको पुरानो सांस्कृतिक र सामाजिक परम्परासँग जोडिएको पर्व हो। गुरही ठटाएर गाउँबाट रोगव्याधि, महामारी तथा बालीनालीमा लाग्ने हानिकारक कीरा हटोस् भन्ने सामुदायिक विश्वास रहेको उनले बताए। 'गुरही हाम्रो पुरानो परम्परा र संस्कृतिसँग जोडिएको पर्व हो। बालबालिकाको सहभागिता बढी हुने भएकाले यसलाई बालपर्वका रूपमा पनि लिइन्छ', बरघर थारूले भने, 'गुरही ठटाएर रोग, महामारी र बालीनाली बिगार्ने कीरा गाउँबाट बाहिर जाऊन् भन्ने मान्यता छ।' गुरही पर्वका लागि घरघरमा विशेष तयारी गरिन्छ। दिदीबहिनी तथा बालिकाले गुरही तयार पार्ने गर्छन् भने घरमा परिकार बनाइन्छ। केराउ, चना, मकैजस्ता गेडागुडी भुटेर बनाइने 'घुघ्री' यस पर्वको प्रमुख परिकार हो। यसबाहेक परम्परागत रोटी, बरिया तथा अन्य परिकारसमेत बनाइन्छ।

स्थानीय रोशन चौधरीका अनुसार गुरही पर्वले थारू समुदायमा दाजुभाइ र दिदीबहिनीबिचको सम्बन्धलाई थप आत्मीय बनाउँछ। पर्वमा बालबालिकाको सक्रिय सहभागिता हुने भएकाले नयाँ पुस्ताले पनि आफ्नो मौलिक संस्कार र संस्कृति सिक्ने अवसर पाउने उनको भनाइ छ। पछिल्लो समय विभिन्न संघसंस्था र स्थानीय तहले समेत थारू समुदायका मौलिक पर्व तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा जोड दिन थालेका छन्।

## ओल्के पर्व सुदूरपश्चिमको पहिचान

**दिलबहादुर छत्याल**

*धनगढी, भदौ १*

भदौ संक्रान्तिका दिन मनाइने 'ओल्के' सुदूरपश्चिमबासीको मौलिक पर्व हो। दैवी प्रकोप र महामारीबाट बच्न सकेको खुसीयालीमा भदौ १ मा ओल्के पर्व मनाइन्छ। मान्यजनलाई अन्न, परिकार, फलफूल उपहार दिएर यो पर्व मनाउने चलन छ। सुदूरपश्चिममा सोमबार ओल्के पर्वको रौनक छाएको छ। विभिन्न लोक संस्कृति, परम्परा र मौलिक पर्वले सुदूरपश्चिमको पहिचान झल्काएको छ।

ओल्केका दिन परिकार पकाइन्छ। सुरुमा देवता, पितृलाई चढाउने र मान्यजनलाई फलफूल, खानेकुरा आदि उपहार दिनुलाई ओल्के दिएको भनिन्छ। पिँडालुका पात, काँक्रा, भन्टा, मुला, दही र हरिया सागपात अर्थात् 'ओल्को' दिने चलन छ।

यस दिन प्रत्येक गाउँ र बस्तीनजिकका डाँडामा बिरुवाका हाँगा र झाङ काटेर एक ठाउँमा थुप्रो बनाएर 'बुढी' बनाउने चलन छ। असोज १ मा बुढी पोल्ने पर्व मनाइन्छ। ओल्के पर्व सुदूर तथा मध्यपश्चिमका केही ठाउँ र भारतको कमाउ क्षेत्रमा समेत मनाइने संस्कृतिविद् तीर्थराज पाण्डेय बताउँछन्। उनका अनुसार सुदूरपश्चिमकै विशिष्ट मौलिक सांस्कृतिक पर्व हो- ओल्के संक्रान्ति। भारतको कुमाउ क्षेत्रमा 'घिउ संक्रान्ति' का रूपमा मनाइन्छ। 'गाउँभन्दा अलिपर, अग्ला डाँडा वा सार्वजनिक स्थानमा 'झिँगडा' वा बुट्यान तथा काँडाका हाँगा थुपारेर 'बुढी' बाँध्ने गरिन्छ', पाण्डेयले भने, 'महिनाभरि सुकेपछि असोज संक्रान्तिका दिन यसलाई पोल्ने (जसलाई 'बन्दुनी' पर्व पनि भनिन्छ) गरिन्छ।'

ओल्के पर्वको मुख्य आकर्षण भनेकै मान्यजन र ज्येष्ठ नागरिकप्रति दर्शाइने श्रद्धा र आदर हो। यस दिन ठूलाबडा, आफन्त र मान्यजनलाई सागपात, फलफूल, दूध, दही वा आफ्नो क्षमताअनुसारको उपहार 'ओल्को' दिएर ढोगभेट गरी आशीर्वाद लिने गरिन्छ।

सुदूरपश्चिममा चाडपर्व र उत्सवको नयाँ मौसमको सुरुवातका रूपमा पनि यो पर्वलाई लिइन्छ। आजैदेखि गौरा पर्व, भुवा पर्व, तीज, दसैं-तिहारसँगै स्थानीय जात्रामा खेलिने डेउडा, चैत, धुमारी, ढुस्को, फाग, सगुन, झोडा र न्याउले जस्ता लोकभाका तथा देवीदेवता र राजा-महाराजाका वीरगाथा गाउन सुरु गरिने संस्कृतिविद् पाण्डेयले बताए। ओल्के पर्वका अवसरमा सुदूरपश्चिम प्रदेश सरकारले सोमबार प्रदेशभर सार्वजनिक बिदासमेत दिएको छ। बिहानैदेखि स्नान गर्ने, घरघरमा परिकार पकाउने, खेतबारीबाट कृषि उत्पादन ल्याउने र मान्यजनकहाँ 'ओल्को' दिएर ढोगभेट गरी उल्लासपूर्वक मनाइरहेको स्थानीयले बताए।

# काँचो जुम्ली स्याउले गुणस्तर र मूल्यमा असर

बाँके, भदौ १ (नागरिक)- पश्चिम नेपालका प्रमुख सहर तथा बजारमा यतिबेला जुम्ली स्याउ छ्याप्छ्याप्ती देखिन थालेका छन्। जुम्लासहित कर्णालीका विभिन्न जिल्लाबाट स्याउ बजारमा आउन थाले पनि पाक्नुअघि नै टिपेर ल्याइएका कारण स्याउको गुणस्तर र मूल्य दुवैमा असर परेको व्यापारी तथा उपभोक्ताले बताए।

नेपालगन्ज, कोहलपुर, सुर्खेत, धनगढी, दाङलगायतका बजारमा अहिले जुम्ला, कालीकोट र मुगुबाट स्याउ भित्रिइरहेको छ। बजारमा पर्याप्त मात्रामा स्याउ आउन थालेपछि उपभोक्ताले सहजै खरिद गर्न पाए पनि काँचो तथा टर्रो स्याउका कारण जुम्ली स्याउप्रतिको आकर्षण घट्न सक्ने व्यापारीको भनाइ छ। कोहलपुर बजारमा जुम्ली स्याउ प्रतिकेजी एक सय ८० रुपैयाँमा व्यापारीले खरिद गरिरहेका छन्। ढुवानी, भण्डारण तथा अन्य खर्च जोडेर उपभोक्तालाई दुई सयदेखि दुई सय २० रुपैयाँसम्ममा बिक्री भइरहेको छ।

कोहलपुरकी फलफूल व्यापारी मिठु रोकायले जुम्ली स्याउ बजारमा छिटो ल्याइएकाले समस्या देखिएको बताइन्। उनका अनुसार अहिले आउने अधिकांश स्याउ पूर्णरूपमा पाकेका छैनन्। 'ग्राहकले स्याउ हेरेर मात्र होइन, खाएर पनि गुणस्तर तुलना गर्छन्। काँचो, टर्रो र अमिलो भएपछि उनीहरू जुम्लीभन्दा अन्य स्याउ रोज्छन्', उनले भनिन्।

नेपालगन्जकी उपभोक्ता मञ्जु अधिकारीले जुम्ली स्याउ स्थानीय उत्पादन भएकाले खरिद गर्ने इच्छा भए पनि स्वादमा सन्तुष्टि नपाएको बताइन्। 'स्याउ हेर्दा राम्रो हुन्छ, मूल्य पनि कम छ, तर खाँदा काँचो र अमिलो लाग्छ', उनले भनिन्, 'पाकेको र मीठो स्याउ बजारमा आए हामी स्थानीय उत्पादन नै रोज्छौं।' जुम्ली स्याउले पछिल्ला वर्षमा पश्चिम नेपालका बजारमा राम्रो पहिचान बनाउँदै आए पनि समयअगावै बजारमा पठाउँदा त्यसको बजार सम्भावनामा असर पर्न सक्ने व्यवसायीको चिन्ता छ। जिल्ला प्रशासन कार्यालय जुम्लाले स्याउको गुणस्तर कायम गर्न बजारमा पठाउने समयसम्बन्धी निर्णय गरेको छ। कार्यालयले भदौको पहिलो सातादेखि मात्र जुम्लाको स्याउ बजारमा पठाउन सिफारिस दिने निर्णय गरेको जनाएको छ। स्याउ पूर्णरूपमा पाक्ने समयअघि नै टिपेर बाहिरी जिल्लामा पठाउने प्रवृत्ति रोक्न यस्तो निर्णय गरिएको हो। समयअघि टिपिने स्याउका कारण किसानलाई तत्काल आम्दानी भए पनि दीर्घकालमा उत्पादनको बजार मूल्य र प्रतिष्ठामा असर पर्न सक्ने कृषि क्षेत्रका जानकारहरू बताउँछन्।


## मणिग्राम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड



का.म.न.पा. २५ थँहिटी
फोन नं. ०१ ५३१२४६८, ५३१५४०६,

**कर्जा चुक्ता गर्ने बारेको ३५ (पैतिस) दिने सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०५/०२**

तपशिल बमोजिमका ऋणीले यस मणिग्राम बहुउद्देश्यीय सहकारी संस्था लि.बाट कर्जा लिई उपभोग गरेको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौता भए अनुसार तिर्न बुझाउनु पर्ने सांवा ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने सांवा तथा ब्याज तिर्न सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत उक्त ऋण कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएको हुदां यस संस्थासंग भएको ऋण कर्जा सम्बन्धी सर्त बन्देज उलंघन गर्नु भएकोले यथासिध्र संस्थामा सम्पर्क गरि आफुले उपभोग गरेको ऋण कर्जा सुबिधा बापत संस्थालाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता गर्न हुन यो ३५( पैतिस) दिने सार्वजनिक सूचना जारी गरिएको छ। तपाईले संस्थालाई तिर्न बुझउन पर्ने सम्पूर्ण रकम यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिन भित्र चुक्ता भुक्तान गर्न आउनु होला वा तिरी बुझाई सकेको भए वा तिर्न बुझाउन नपर्ने भए सोको निस्सा पेश गर्नु होला। तिर्न बुझाउन नआएमा वा तिरे बुझाएको वा तिर्न बुझाउन नपर्ने कुनै प्रमाण पेश नगरेमा संस्थाले कानुन बमोजिम कारवाही गरी असुल गर्ने ब्यहोरा जानकारी गराईन्छ। साथै कर्जा जमानत दिने ब्यक्तिहरुलाई समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपशिल**

| क्र.सं. | ऋणीको नाम थर तीन पुस्ते | ऋणीको फोटो | शिर्षक | जमानी दिने | जमानी दिनेको फोटो |
|---|---|---|---|---|---|
| १ | **नाम : नारायण देव कुँवर राणा**<br>बाबुको नाम : कृष्ण बलदेव कुँवर<br>बाजेको नाम : मान सिं कुँवर<br>ठेगाना:गोदावरी न.पा.१४ ठैब, ललितपुर<br>हाल का.म.न.पा.११ त्रिपुरेश्वर, काठमाण्डौ<br>ना.प्र.नं.२१९३९<br>मिति २०४३/०७/२० ललितपुर |  | ब्यबसायिक | १) मान सिं कुँवरको बुहारी कृष्ण वलदेव कुँवर को श्रीमति गोदावरी न.पा. वडा नं.१४ ठैब, ललितपुर बस्ने बर्ष ८५ का भानु देवी कुँवर (ना.प्र.नं.४४३१/०३९/४० मिति २०४०/०३/०५ ललितपुर )<br>२) गंगा सिं शाहीको छोरी नारायण देव कुँवर राणाको श्रीमति ठैब गा.बि.स.वडा नं.९ हाल गोदावरी न.पा.वडा नं.१४ ठैब,ललितपुर बस्ने बर्ष ५१ का सन्ध्या कुँवर राणा( ना.प्र.नं.२८-०१-०६५-०१० ९४ मिति२०६५/०३/०९ ललितपुर)<br>३) कृष्ण वलदेव कुँवर राणाको नाति नारायण देव कुँवर राणाको छोरा गोदावरी न.पा.वडा नं.१४ ठैब ललितपुर बस्ने बर्ष...को ऋषभ कुँवर राणा (ना.प.नं.२८-०१-७२-००६२२ ललितपुर ) |   |
| २ | **नाम : नारायण दास श्रेष्ठ**<br>बाबुको नाम : साईला श्रेष्ठ<br>बाजेको नाम : शेर बहादुर श्रेष्ठ<br>ठेगाना : बुढानिलकण्ठ न.पा.३ काठमाण्डौ<br>ना.प्र.नं.५९८२/१८/७०६७<br>मिति २०४६/०२/१६<br>काठमाण्डौ |  | ब्यबसायिक | १) खड्ग बहादुर श्रेष्ठको छोरी नारायण दाश श्रेष्ठको श्रीमति काठमाण्डौ जिल्ला बु.न.पा.३ बस्ने बर्ष ३९ का सबिता श्रेष्ठ ( ना.प्र.नं.३२२२० मिति२०६३/०२/०९ काठमाण्डौ)<br>२) साईला श्रेष्ठको नाति नारायण दास श्रेष्ठको छोरा काठमाण्डौ जिल्ला बु.न.पा.३ बस्ने बर्ष २५ को निशान श्रेष्ठ ( ना.प्र.नं.२७-०१-७५-०३५०४ मिति २०७५।०२।२८ काठमाण्डौ )<br>३) गणेश बहादुर महतको नाति राजु महतको छोरा काठमाण्डौ जिल्ला बु.न.पा.३ बस्ने बर्ष ३४ को मुकेश महत (ना.प्र.नं.२७१०५५।१९०६७ मिति २०६५।०२।०१ काठमाण्डौ) |    |
| ३ | **नाम : मुकेश महत**<br>बाबुको नाम : राजु महत<br>बाजेको नाम : गणेश ब.महत<br>ठेगाना : बु.न.पा.३ काठमाण्डौ<br>ना.प्र.नं.२७१०५५।१९०६७<br>मिति २०६५।०२।०१काठ. |  | ब्यबसायिक | १) गणेश बहादुर महतको नाति राजु महतको छोरा दक्षिणकाली न.पा.३ बस्ने बर्ष २५ को रिजन महत (ना.प्र.नं.२७-०६-७५-००२२५ मिति २०७५।०६।१५ काठमाण्डौ ) |  |


# सेठ नेपाली सेनाको मानार्थ महारथी



काठमाडौं, भदौ १ (नागरिक)- राष्ट्रपति रामचन्द्र पौडेलले भारतीय स्थल सेनाध्यक्ष धिरज सेठलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरेका छन्। आइतबार काठमाडौं उत्रिएका उनलाई सोमबार राष्ट्रपति भवन शीतलनिवासमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले मानार्थ महारथीको दर्जा प्रदान गरेका हुन्। नेपाल र भारतबिच सन् १९५० देखि एक-अर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने परम्पराअनुसार सेठलाई सो सम्मान गरिएको हो। नेपाल भ्रमणका लागि सेठ आइतबार अपराह्न काठमाडौं आइपुगेका उनले प्रधानमन्त्री बालेन्द्र शाहसँग भेटेका छन्। काठमाडौं बसाइका क्रममा उनले उच्च अधिकारी र नेपाली सेनाका उच्च अधिकृतसँग भेटघाट गर्ने छन्।

## बजार

सुन तोला - ३०६,८००
चाँदी तोला - ४७७०

| विदेशी मुद्रा | | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | - | १५२.४१ | १५३.०१ |
| युरो | - | १७५.८० | १७६.५० |
| पाउन्ड स्टर्लिङ | - | २०५.६५ | २०६.४६ |

# म्यानपावर व्यवसायी र सरकारबिच सहमति

मधुजंग पाण्डे

*काठमाडौं, भदौ १*

वैदेशिक रोजगार व्यवसायीले अघि सारेका १५ बुँदे माग सम्बोधन गर्न सरकार सहमत भएपछि म्यानपावर व्यवसायी र सरकारबीचको विवाद तत्कालका लागि टुंगिएको छ । युवा, श्रम तथा रोजगार मन्त्रालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघबीच सोमबार भएको करिब साढे तीन घण्टा लामो वार्तामा अधिकांश माग आगामी ४५ दिनदेखि दुई महिनाभित्र सम्बोधन गर्ने सहमति जुटेपछि व्यवसायीले आन्दोलनका सबै कार्यक्रम स्थगित गरेका छन् ।

संघका प्रथम उपाध्यक्ष तथा संघर्ष समिति संयोजक महेशकुमार बस्नेतका अनुसार मंगलबारदेखि म्यानपावर कम्पनीका कार्यालय नियमित सञ्चालन हुनेछन् र श्रमिक विदेश पठाउने कामसमेत निरन्तर हुनेछ । व्यवसायीले यसअघि माग सम्बोधन नभए सोमबारदेखि श्रमिकको वैदेशिक उडान रोक्ने घोषणा गरेका थिए ।

सहमतिअनुसार प्रशासनिक प्रकृतिका समस्या वैदेशिक रोजगार विभागमार्फत तथा नीतिगत विषय वैदेशिक रोजगार ऐन र नियमावली संशोधनमार्फत समाधान गरिने भएको छ । व्यवसायीले विशेषगरी प्रतिकामदार सेवा शुल्क पुनरवलोकन गरी कामदारले पाउने एक महिनाको तलबबराबर शुल्क तोकिनुपर्ने, विभागबाट भएका कारबाही फिर्ता लिनुपर्नेलगायतका माग अघि सारेका थिए । २०७२ सालमा प्रतिकामदार १० हजार रुपैयाँ सेवा शुल्क तोकिए पनि उक्त रकममा श्रमिक पठाउन नसकिने भन्दै व्यवसायीले लामो समयदेखि शुल्क वृद्धि माग गर्दै आएका थिए । यही विषय अध्ययन गर्न मन्त्रालयले सहसचिव तथा प्रवक्ता पिताम्बर घिमिरेको संयोजकत्वमा समिति गठन गरेको थियो । मन्त्रालयका अनुसार व्यवसायीका अधिकांश माग नीतिगत विषयसँग सम्बन्धित भएकाले ऐन तथा नियमावली संशोधन प्रक्रियामा समेटिने छन् । वैदेशिक रोजगारीलाई पारदर्शी, सुरक्षित र मर्यादित बनाउने गरी संशोधन प्रक्रिया शीघ्र टुंग्याउन मन्त्रालय र संघले अधिकतम प्रयास गर्ने सहमति भएको छ ।


## ग्लोबल आइएमई बैंक लिमिटेडको

## धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति : २०८३/०५/०२ गतेको नागरिक राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत चुक्ता भुक्तान नगरेपश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।
साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**खैरेनी शाखा, रुपन्देही**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|
| नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ५०४८२/०७७/७८ अन्तर्गत मिति २०७७/१२/१२ मा दर्ता कायम भएको **न्यू ज्योती लाइट हाउस एण्ड सप्लायर्स**<br>फर्म दर्ता ठेगाना : देवदह न.पा. - ७, रुपन्देही<br>स्थायी लेखा नं. ६०६२०४८०८, मिति : २०७४/०३/०५<br>**प्रोप्राइटर : राम प्रसाद अधिकारी**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा** | **ज्योती शर्मा**<br>ना.प्र.नं. ३७-०२-७१-०९३५९<br>जारी मिति : २०७१/०२/०६<br>जि.प्र.का. रुपन्देही<br>बाबुको नाम : चन्द्र कान्त काफ्ले<br>पतिको नाम : राम प्रसाद अधिकारी<br>ससुराको नाम : टुक प्रसाद अधिकारी<br>स्थायी ठेगाना : देवदह - ८, रुपन्देही<br>हालको ठेगाना : देवदह न.पा. - ९, रुपन्देही | **राम प्रसाद अधिकारी**<br>ना.प्र.नं. ४००७६<br>जारी मिति : २०६३/०८/०७<br>जि.प्र.का. रुपन्देही<br>बाबुको नाम : टुक प्रसाद अधिकारी<br>बाजेको नाम : बालानन्द अधिकारी<br>स्थायी ठेगाना : देवदह - ७, रुपन्देही<br>हालको ठेगाना : देवदह न.पा. - ९, रुपन्देही |

**धितोको विवरण (जग्गाको विवरण)**

बालानन्दको नाति, टुक प्रसाद अधिकारीको छोरा, राम प्रसाद अधिकारीको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ८ ख स्थित कि.नं. २२२१ र १९३३ को क्षेत्रफल क्रमश : ०-०-१८-० र ०-०-७-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**टाँडी शाखा, चितवन**

| ऋणीको विवरण | | व्यक्तिगत जमानत दिनेको विवरण | |
|---|---|---|---|
| १. प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, प्रदेश नं. ३, भरतपुर, चितवनमा प्रा.फ.र.नं. ९२६/०७६/०७७ अन्तर्गत मिति २०७६/०५/२६ मा दर्ता कायम भएको **सिदीसा इन्टरप्राइजेज**<br>फर्म दर्ता ठेगाना : राप्ती न.पा. -२, चितवन<br>स्थायी लेखा नं. १००२०७६२४<br>मिति : २०७६/०५/२७<br>**प्रोप्राइटर तथा जमानतकर्ता : चित्र बहादुर खत्री क्षेत्री**<br>**कर्जा शिर्षक : ओभरड्राफ्ट, फोर्स तथा सवारी साधन कर्जा** | २. **चित्र बहादुर खत्री क्षेत्री**<br>ना.प्र.नं. २०३४<br>जारी मिति : २०४४/१२/२९<br>जि.प्र.का. चितवन<br>बाबुको नाम : मिन बहादुर खत्री क्षेत्री<br>बाजेको नाम : हर्क बहादुर खत्री क्षेत्री<br>स्थायी ठेगाना : चैनपुर -७, चितवन<br>हालको ठेगाना : खैरहनी न.पा.-२, चितवन<br>**कर्जा शिर्षक : आवधिक कर्जा** | **यमुना कुमारी खत्री**<br>ना.प्र.नं. १२७३/०४६/४७<br>जारी मिति : २०४६/०९/२०<br>जि.प्र.का. चितवन<br>बाबुको नाम : चन्द्र बहादुर खड्का<br>पतिको नाम : चित्र बहादुर खत्री क्षेत्री<br>ससुराको नाम : मिन बहादुर खत्री क्षेत्री<br>स्थायी ठेगाना : चैनपुर -७, चितवन<br>हालको ठेगाना : खैरहनी न.पा. -२, चितवन | विष्णु माया खत्री क्षेत्री<br>ना.प्र.नं. २२७९,<br>जारी मिति : २०३६/११/१४<br>जि.प्र.का. चितवन<br>पतिको नाम : मिन बहादुर खत्री क्षेत्री<br>ससुराको नाम : हर्क बहादुर खत्री क्षेत्री<br>स्थायी ठेगाना : चैनपुर -८, चितवन<br>हालको ठेगाना : खैरहनी न.पा.-२, चितवन<br>**(ऋणी सिदीसा इन्टरप्राइजेजका लागि मात्र)** |

**धितोको विवरण (जग्गाको विवरण)**

**ऋणी सिदीसा इन्टरप्राइजेजका लागि मात्र धितो सुरक्षण रहेको**
१. चन्द्र बहादुर खड्काको छोरी, मिन बहादुर खत्री क्षेत्रीको बुहारी, चित्र बहादुर खत्री क्षेत्रीको पत्नी, यमुना कुमारी खत्रीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको
क. चितवन जिल्ला चैनपुर गा.वि.स/न.पा. वडा नं. ३ ख स्थित कि.नं. ७३० को क्षेत्रफल २७७६.७६ व. मि.को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
ख. चितवन जिल्ला चैनपुर गा.वि.स/न.पा. वडा नं. ८ ग स्थित कि.नं. ३५५ को क्षेत्रफल ०-२-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. हर्क बहादुर खत्री क्षेत्रीको बुहारी, मिन बहादुर खत्री क्षेत्रीको पत्नी, विष्णु माया खत्री क्षेत्रीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको
क. चितवन जिल्ला चैनपुर गा.वि.स/न.पा. वडा नं. ८ ग स्थित कि.नं. ५७१ को क्षेत्रफल ०-३-१५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
ख. चितवन जिल्ला चैनपुर गा.वि.स/न.पा. वडा नं. ३ ख स्थित कि.नं. २७५ को क्षेत्रफल ०-९-११-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणी चित्र बहादुर खत्री क्षेत्रीका लागि मात्र धितो सुरक्षण रहेको:**
हर्ष बहादुरको नाति, मिन बहादुर क्षेत्रीको छोरा, चित्र बहादुर खत्रीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला चैनपुर गा.वि. स/न.पा. वडा नं. ३ ख (देवीथान मन्दिर नजिक) स्थित कि.नं. २६४ को क्षेत्रफल ०-६-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधनको विवरण (ऋणी सिदीसा इन्टरप्राइजेज का लागि मात्र)**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | इन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|---|
| Ashok leyland Dost Plus Cont. Pickup | बागमती प्रदेश ०१-०२६ च ८५३२ | २०२१ | BMHO51495P | MB1AA22E6MRBR9834 |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रति(निधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनुहुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफैं सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समयसीमा दिई बैंकले लिखित अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरिक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ भाद्र ८ गते (कार्यालय समय भित्र)**
**बोलपत्र खोलिने मिति : २०८३ भाद्र ९ गते**
**समय : दिउँसो ३ बजे, स्थान : सम्बन्धित शाखा कार्यालयमा**

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्टः ०१-५९७०६००**


# एसबिआई बैंकको अध्यक्षमा मुनीषकुमार चन्दना



काठमाडौं, भदौ १ (नागरिक)- नेपाल एसबिआई बैंक लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा मुनीषकुमार चन्दना सर्वसम्मत चयन भएका छन् । बैंकको सञ्चालक समितिको ५४८ औं बैठकले भारतीय स्टेट बैंक (एसबिआई) को प्रतिनिधित्व गर्दै आएका चन्दनालाई अध्यक्षमा चयन गरेको हो ।

चन्दनाले नेपाल राष्ट्र बैंकका गभर्नर प्रा डा विश्वनाथ पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएका छन् । उनी एसबिआईको मुम्बईस्थित प्रधान कार्यालयअन्तर्गत अन्तर्राष्ट्रिय बैंकिङ समूह-२ मा मुख्य महाप्रबन्धकका रूपमा कार्यरत छन् । चन्दनाले यसअघि पूर्वी तथा दक्षिण एसिया, सिंगापुर र अस्ट्रेलियामा एसबिआईको अन्तर्राष्ट्रिय बैंकिङ सञ्चालन तथा विश्वभर रहेका प्रमुख विदेशी सहायक बैंकका लागि रणनीतिक नेतृत्व प्रदान गर्दै आएका छन् । उनको नियुक्तिले नेपाल एसबिआई बैंकको रणनीतिक व्यवस्थापन तथा अन्तर्राष्ट्रिय बैंकिङ अनुभवलाई थप सुदृढ गर्ने अपेक्षा गरिएको छ । पद तथा गोपनीयताको शपथ ग्रहण कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर किरण पण्डित, बैंकका सञ्चालक, उच्च व्यवस्थापन तथा एसबीआईका प्रतिनिधिहरूको उपस्थिति थियो ।

# पाल्पाको तानसेनमा एभरेस्ट बैंकको नयाँ एक्सटेन्सन काउन्टर




काठमाडौं, भदौ १ (नागरिक)- एभरेष्ट बैंक लिमिटेडले आफ्नो सेवा विस्तार गर्ने क्रममा पाल्पाको तानसेनमा नयाँ एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ । बैंकले भदौ १ गतेदेखि तानसेन-७ स्थित लुम्बिनी मेडिकल कलेज एन्ड टिचिङ हस्पिटल लिमिटेडको परिसरमा काउन्टर सञ्चालन गरेको हो ।

नयाँ काउन्टर सञ्चालन गरिएसँगै पाल्पावासीले बैंकिङ सेवा लिन थप सहज हुने बैंकले जनाएको छ । विशेषगरी अस्पताल तथा आसपासका सेवाग्राहीलाई आधुनिक, सरल र सहज बैंकिङ सुविधा उपलब्ध गराउने उद्देश्यले काउन्टर स्थापना गरिएको बैंकको भनाइ छ । तानसेनमा काउन्टर विस्तारसँगै एभरेष्ट बैंकका एक्सटेन्सन काउन्टरको संख्या पाँच पुगेको छ । बैंकले शाखा तथा एक्सटेन्सन काउन्टरमार्फत ग्राहकको पहुँच विस्तार गर्दै डिजिटल तथा आधुनिक बैंकिङ सेवामा जोड दिँदै आएको जनाएको छ । बैंकका अनुसार नयाँ काउन्टरबाट स्थानीय बासिन्दा तथा अस्पतालसँग सम्बन्धित सेवाग्राहीले दैनिक बैंकिङ कारोबारका लागि आवश्यक सेवा सहज रूपमा प्राप्त गर्न सक्नेछन् ।

# भदौ ९ देखि १४ गतेसम्म 'नाडा अटो सो २०२६'




काठमाडौं, भदौ १ (नागरिक)- नेपाल अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) ले यस वर्षको 'नाडा अटो सो २०२६' भदौ ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डप प्रदर्शनीस्थलमा आयोजना गर्ने भएको छ । प्रदर्शनीको मुख्य प्रायोजन एचपी लुब्रिकेन्ट्सले गर्ने भएको छ । नाडाको ५०औं वार्षिकोत्सवको अवसरमा आयोजना हुन लागेको यो १८औं संस्करणलाई 'स्वर्ण उत्सव संस्करण'का रूपमा भव्यताका साथ सञ्चालन गरिने आयोजकले जनाएको छ । ६ दिनसम्म चल्ने प्रदर्शनीले नेपालको अटोमोबाइल तथा मोबिलिटी क्षेत्रको आर्थिक, सामाजिक र व्यावसायिक गतिविधिलाई एउटै मञ्चमा प्रस्तुत गर्ने अपेक्षा गरिएको छ ।

करिब तीन लाख वर्गफुट क्षेत्रफलमा आयोजना हुने प्रदर्शनीमा २०० भन्दा बढी स्टल रहनेछन् । प्रदर्शनीमा २३ ब्रान्डका प्यासेन्जर कार, १७ ब्रान्डका लाइट कमर्सियल भेहिकल, १३ ब्रान्डका दुईपांग्रे सवारी साधन, १० वित्तीय तथा बिमा सेवा प्रदायक र करिब ७० अटोमोबाइल पार्टपुर्जा, टायर, लुब्रिकेन्ट्स तथा ग्यारेज उपकरणसम्बन्धी स्टल रहनेछन् ।

# इन्फिनिटीका फिल्ड सहायकलाई नेतृत्व विकास तालिम




काठमाडौं, भदौ १ (नागरिक)- इन्फिनिटी लघुवित्त वित्तीय संस्थाले आफ्ना फिल्ड सहायक कर्मचारीको क्षमता अभिवृद्धि गर्दै भावी नेतृत्वका लागि दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम सम्पन्न गरेको छ । सौराहास्थित पार्क सफारी रिसोर्टमा आयोजित तालिममा संस्थाका १०२ शाखामा कार्यरत १२० जना फिल्ड सहायक सहभागी भएका थिए ।

संस्थाका संस्थापक सेयरधनी दिनेश अधिकारीको प्रमुख आतिथ्य तथा प्रमुख कार्यकारी अधिकृत ज्ञानेश्वर पन्तको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नायब प्रमुख कार्यकारी अधिकृत विश्वराज श्रेष्ठ पनि सहभागी थिए । 'एम्पावर्ड टुडे, लिडिङ टुमारो' मूल नारासहित सञ्चालन गरिएको तालिममा नेतृत्व क्षमता, निर्णय क्षमता, व्यावसायिक सोच, समस्या समाधान र प्रभावकारी सञ्चारमा जोड दिइएको थियो ।

कार्यक्रममा संस्थाका विभिन्न विभागीय प्रमुखहरूले जोखिम तथा असुली, कर्जा, अनुगमन, वित्त तथा सञ्चालन, आन्तरिक लेखापरीक्षण, मानवस्रोत तथा सूचना प्रविधिसम्बन्धी विषयमा प्रशिक्षण दिएका थिए । व्यवस्थापनले फिल्ड सहायकलाई संस्थाको प्रत्यक्ष सम्पर्कमा रहने महत्त्वपूर्ण जनशक्ति भन्दै उनीहरूलाई भविष्यको नेतृत्वका रूपमा विकास गर्ने नीति अघि सारेको जनाएको छ ।

# कुमारी बैंकको एपमा आइआरडी प्रोत्साहन कार्यक्रम सुविधा

काठमाडौं, भदौ १ (नागरिक)- कुमारी बैंक लिमिटेडले नेपाल सरकार तथा आन्तरिक राजस्व विभागको करदाता प्रोत्साहन कार्यक्रमलाई सहयोग गर्ने उद्देश्यले आफ्नो मोबाइल बैंकिङ एपमा आइआरडी प्रोत्साहन कार्यक्रम सुविधा थप गरेको छ । आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत सुरु गरिएको कार्यक्रमले उपभोक्तालाई प्यान तथा भ्याट बिल लिन प्रोत्साहित गर्दै डिजिटल भुक्तानी, कर अनुपालन र वित्तीय पारदर्शिता बढाउने लक्ष्य राखेको छ ।

कुमारी बैंकका ग्राहकले नेपालभित्र व्यक्तिगत प्रयोजनका लागि १०० रुपैयाँभन्दा बढीको वस्तु वा सेवा खरिद गरी मर्चेन्ट क्युआरमार्फत भुक्तानी गर्दा स्वतः पुरस्कार योजनामा सहभागी हुन सक्ने बैंकले जनाएको छ । कुमारी स्मार्ट मोबाइल बैंकिङ एपको आइआरडी प्रोत्साहन कार्यक्रम मेनुबाट योग्य कारोबारको संख्या, विवरण तथा पुरस्कार प्राप्तिको अवस्था हेर्न सकिनेछ । कार्यक्रमअन्तर्गत दैनिक 'लक्की ड्र'मार्फत एक ग्राहकले कर कट्टीपछि एक लाख रुपैयाँ नगद पुरस्कार तथा प्रत्येक १५ दिनमा एक भाग्यशाली ग्राहकले १० लाख रुपैयाँसम्मको बम्पर पुरस्कार पाउने व्यवस्था छ । बैंकका अनुसार अभियानले डिजिटल कारोबार विस्तारसँगै नगदरहित अर्थतन्त्र, कर अनुपालन र वित्तीय पारदर्शिता प्रवर्धनमा योगदान पुर्‍याउनेछ ।

# नाडा मोबिलिटी एक्स्पोमा लिपमोटरका ३०० गाडी बुक




काठमाडौं, भदौ १ (नागरिक)- सांग्रिला मोटर्स प्रालिले नाडा मोबिलिटी एक्स्पो २०२६ मा ३०० भन्दा बढी गाडी बुक गराउन सफल भएको जनाएको छ । भृकुटीमण्डपमा आयोजित ६ दिने एक्स्पोमा लिपमोटरको स्टलमा अवलोकनकर्ताको उल्लेख्य भिड देखिएको थियो ।एक्स्पोमा सार्वजनिक गरिएको बी ०३ एक्स इलेक्ट्रिक एसयुभी ग्राहकको प्रमुख आकर्षण बनेको कम्पनीले जनाएको छ । १४५ किलोवाट मोटर, ५३ किलोवाट आवर ब्याट्री, सिएलटिसीअनुसार ५०२ किलोमिटरसम्म रेन्ज, ५१० लिटरको फराकिलो बुट स्पेस तथा लेभल-२ एडिएएस सुरक्षा प्रविधिले उक्त मोडललाई आकर्षक बनाएको कम्पनीको दाबी छ ।

लिपमोटरको बी १० ले पनि ग्राहकबाट उत्साहजनक प्रतिक्रिया पाएको जनाएको छ । मूल्य समायोजन तथा एक्स्पो विशेष अफरका कारण बी १० को माग बढेको कम्पनीको भनाइ छ । दुवै मोडलको उच्च मागका कारण लिपमोटरको स्टल एक्स्पोका व्यस्त स्टलमध्ये एक बनेको थियो । एक्स्पोको सफलतापछि सांग्रिला मोटर्सले सवारी साधनको शीघ्र डेलिभरी तथा नेपालभर बिक्री र बिक्रीपछिको सेवा सञ्जाल विस्तारमा केन्द्रित हुने जनाएको छ ।


## आवश्यकता

प्रथम पटक प्रकाशित मितिः २०८३।०५।०३

लमजुङ जिल्ला मर्स्याङदी गाउँपालिका सिम्पानीस्थित सञ्चालनमा रहेको खुदी जलविद्युत केन्द्रका लागि तपसिल बमोजिमका प्राविधिक तथा दक्ष कामदारहरुको आवश्यकता भएको हुँदा इच्छुक योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र उल्लेखित ठेगानामा आवेदन दिनुहुन अनुरोध छ ।

**तपसिल**

**Position: Power House Operator (Electrical/ Mechanical): Few Numbers**
**योग्यताः** इलेक्ट्रिकल/मेकानिकल सब ओभरसियर पास गरी सम्बन्धित क्षेत्रमा १ वर्ष कार्यानुभव भएको । **काम गर्नुपर्ने स्थानः** आयोजना स्थल, **पदको किसिमः** करार
**तलब स्केलः** आपसी समझदारीमा, **कागजातहरुः** सम्बन्धित कागजातहरु
**सम्पर्क ठेगानाः खुदी हाइड्रोपावर लिमिटेड**, बुद्धनगर, काठमाण्डौं ।
**खुदी जलविद्युत केन्द्र**, सिम्पानी, लमजुङ । **E-mail: khudi@khl.com.np**

## वर्गीकृत विज्ञापन/डिस्प्ले

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

**दर्ता खारेजी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७४।०९।२४ मा दर्ता भएको (प्रा.लि.नं. १८१४८७) को हौल ट्रेडिङ्ग कम्पनी प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वर्गीकृत डिस्प्ले**

**कलर प्रति बक्स**
१X५ = रु.१८००/-* मात्र
१X१० = रु.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X५ = रु.१२५०/-* मात्र
१X१० = रु.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभागः ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

## हार्दिक समवेदना



**जन्मः** वि.सं. २०१८/०३/२०
**स्वर्गारोहणः** वि.सं.२०८३/०४/२१

**स्व. रमेश कुमार मिश्र**

यस निर्माण व्यवसायी संघ मोरङ विराटनगरका अध्यक्ष महेश कुमार मिश्रका दाजु एवं पूर्व अध्यक्ष अशोक कुमार मिश्रका भाई रमेश कुमार मिश्रको ६५ वर्षको उमेरमा असामयिक निधन भएको खबरले हामी निर्माण व्यवसायी संघ कार्यसमिति एवं निर्माण व्यवसायी संघ परिवार स्तब्ध भएका छौ । आज १३ औं दिनको पुण्य तिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।

**उत्तमराज जोशी**
महासचिव

**ध्रुवराज कार्की**
का.वा.अध्यक्ष

एवंम

**निर्माण व्यवसायी संघ मोरङ, विराटनगर परिवार ।**

# ‘सरकारको दृष्टि दूरगामी हुनुपर्छ’

निर्माण व्यवसायको क्षेत्रबाट १३ वर्षअघि सन् २०१३ मा पहिलो पटक नेपाल उद्योग परिसंघमा प्रवेश गरेका वीरेन्द्रराज पाण्डे अहिले परिसंघको अध्यक्ष छन्। साधारण सदस्यबाट परिसंघको राष्ट्रिय परिषद् सदस्य भएपछि लगातार तीन पटक उपाध्यक्ष र वरिष्ठ उपाध्यक्ष हुँदै पाण्डे सन् २०२५ जुलाईमा सम्पन्न परिसंघको २२औं वार्षिक साधारणसभाबाट अध्यक्षमा निर्वाचित भएका हुन्। त्यसअघि उनी परिसंघका वरिष्ठ उपाध्यक्ष थिए। नेपाल आदर्श निर्माण सेवा कम्पनीका प्रबन्ध निर्देशक पाण्डे मूलतः निर्माण व्यवसायी हुन्। उनी तीन दशकभन्दा बढी समयदेखि मुलुकको पूर्वाधार निर्माणलगायत विभिन्न क्षेत्रमा सक्रिय छन्। अध्यक्ष पाण्डेको नेतृत्वमा परिसंघले विशेषगरी औद्योगिकीकरण, लगानीको वातावरण, निजी क्षेत्रको क्षमता वृद्धि र नीतिगत सुधारलाई जोड दिइरहेको छ। परिसंघको नेतृत्वकर्ताको रूपमा पाण्डेले डिजिटलमैत्री सेवा, लगानीको सुरक्षासहित व्यवसाय गर्ने वातावरण सुधार, कर प्रशासन र वित्तीय क्षेत्र सुधार, निजी क्षेत्रको क्षमता अभिवृद्धि, पूर्वाधार विकास, औद्योगिकीकरण, व्यापार, प्रतिस्पर्धात्मकता, स्थिर तथा पूर्वानुमान गर्न सकिने आर्थिक नीति नेपालमा लगानी आकर्षित गर्ने वातावरण निर्माणलाई प्राथमिकता दिँदै आएका छन्। निर्माण तथा पूर्वाधार क्षेत्रबाट आएका उद्योगी भए पनि हाल परिसंघ अध्यक्षको रूपमा पाण्डेको एजेन्डा निर्माण क्षेत्रम मात्र सीमित छैन। उनको एजेन्डा समग्र स्वदेशी उत्पादकत्व बढाई निर्यात प्रवर्धन गर्न औद्योगिक नीति, लगानी, वित्तीय क्षेत्र, राजस्व/भन्सार र नेपालको आर्थिक रूपान्तरणसम्म फैलिएको छ।

अध्यक्षको जिम्मेवारी सम्हाल्नुअघि परिसंघका विभिन्न समितिमा रहेर उदाहरणीय काम गरेका पाण्डेले विगतमा पूर्वाधार र ऊर्जासम्बन्धी जिम्मेवारी सम्हाल्दै आएका छन्। नीतिगत सुधार, स्वदेशी उत्पादन प्रवर्धन र वैदेशिक लगानी आकर्षणका क्षेत्रमा केन्द्रित रहेर विभिन्न कार्य गरिरहेको परिसंघको तर्फबाट पाण्डेले आइएमएफ टोलीसँगको छलफलमा इएएसई वा डुइङ विजनेस, भन्सार तथा राजस्व नीति लगायतका विषय उठाएका थिए। उनले लगानीकर्ताको विश्वास बढाउन स्थिर र पूर्वानुमानयोग्य नीति आवश्यक रहेको धारणा राखेका थिए। सोही क्रममा परिसंघले नेपालको अर्थतन्त्रलाई ४१ सय बिलियनको इकोनोमी बनाउने सम्भावनाबारे गरिरहेको अध्ययन पनि अन्तिम चरणमा रहेको जानकारी दिइएको थियो। पाण्डेले हाल परिसंघ नेतृत्वको तर्फबाट स्वदेशी उत्पादन (मेक इन नेपाल) अभियानलाई पनि प्रवर्धन गर्दै आएका छन्। स्वदेशी उत्पादन र सेवा विस्तार गर्न सके आयात घटाएर निर्यात बढाउन सकिन्छ र यसले देशको आर्थिक अवस्था बलियो बनाउन मदत पुग्छ भन्ने मान्यताका साथ सरकारलाई नीतिगत सुझाव दिँदै आएका पाण्डेले पूर्वाधार, निर्माण उद्योग र सार्वजनिक खरिद ऐन संशोधनसहितको प्रणालीलाई अहिलेको अवस्थासम्म ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। अन्तर्राष्ट्रिय क्षेत्रमा पनि उनले परिसंघ नेपालका उद्योगी-व्यवसायीको प्रमुख छाता संगठनमध्ये एक हो भन्नेबारे राम्रोसँग चिनाउने प्रयास गरेका छन्। परिसंघको मुख्य भूमिका सरकारसँग औद्योगिक तथा आर्थिक नीति निर्माणमा निजी क्षेत्रको आवाज पुऱ्याउनु हो। सन् २००२ मा स्थापना भएको परिसंघले औद्योगिक नीति, निजी क्षेत्रको क्षमता, आर्थिक सुधार र प्रतिस्पर्धात्मक औद्योगिकीकरणका विषयमा काम गर्दै आएको छ। सरकार, राजनीतिक दल र निजी क्षेत्रसम्बद्ध आर्थिक र औद्योगिकक्षेत्रमा केन्द्रित रही परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेसँग नागरिककर्मी **मधुजंग पाण्डे**ले गरेको वार्ताको सारसंक्षेप :

**निजी क्षेत्रको प्रतिनिधित्व गर्ने परिसंघको अध्यक्षका रूपमा तपाईंले देशको आर्थिक अवस्थालाई कसरी मूल्यांकन गर्नुभएको छ ?**

अहिले नेपालको अर्थतन्त्र दबाबमा छ। बाह्य क्षेत्रका केही सूचकहरू सकारात्मक भए पनि त्यसको प्रत्यक्ष लाभ आन्तरिक अर्थतन्त्रमा देखिन सकेको छैन। बजारमा माग कमजोर छ। बैंकिङ तरलता र बैंक ब्याजदर घटे पनि अपेक्षाकृत रूपमा लगानी बढ्न नसकिरहेको अवस्था छ। पछिल्लो समय सरकारले गरेको अनेक प्रयासका बाबजुद उद्योगको उत्पादन क्षमता पूर्ण रूपमा उपयोग हुन सकेको छैन। निजी क्षेत्रको लगानीमा उत्साह देखिएको छैन। यसको मुख्य कारण उपभोग र मागमा आएको कमी, लगानीको कमजोर वातावरण, नीतिगत तथा प्रशासनिक जटिलता र व्यवसायीको घट्दो आत्मविश्वास हुन्। अर्थतन्त्रमा पैसा भएर मात्र हुँदैन, त्यो उत्पादन, लगानी र रोजगारी सिर्जनामा प्रवाह हुन सक्नुपर्छ। अहिले त्यही चक्र कमजोर भएको अवस्था हो।

**अर्थतन्त्र सुस्त हुनुका प्रमुख कारणहरू के-के हुन् ?**

अहिले देशको अर्थतन्त्र सुस्त हुनुको मुख्य कारक आन्तरिक बजार चलायमान हुन नसक्नु हो। निजी क्षेत्रको मनोबल खस्किएका कारण बजारमा समग्र माग र लगानी बढ्न सकेको छैन। अहिले बजारमा मागको चरम अभाव छ। बैंकहरूमा पर्याप्त लगानीयोग्य रकम (तरलता) छ। लामो समयदेखि बैंक ब्याजदर घटेको भए पनि बजारमा वस्तु र सेवाको माग बढ्न सकेको छैन। बजारमा माग नहुँदा उद्योगहरू पूर्ण क्षमतामा चल्न पाएका छैनन्। सरकारको नीतिगत अस्थिरता र झन्झटिलो प्रशासनिक संरचना, कर तथा व्यावसायिक नीतिहरू वार्षिक रूपमा परिवर्तन भइरहन्छन्। यसले पनि स्वदेशी तथा विदेशी लगानीकर्तामा अन्योल र अविश्वास बढाएको छ। सरकारले सबै सेवा डिजिटलमैत्री बनाउने भन्दै आए पनि अझै एउटा सामान्य कामका लागि थुप्रै सरकारी निकाय धाउनुपर्ने झन्झट कायमै छ। नियमनकारी संरचनाहरू व्यावहारिक भन्दा बढी नियन्त्रणमुखी भएका छन्। हाल व्यवसायीमाथि प्रहरी र सरकारको धरपकड बढेका कारण निजी क्षेत्रको मनोवल कमजोर भएको छ। जसका कारण व्यवसायी थप लगानी विस्तार गर्न डराएका छन्। अझै व्यवसायी सरकारको नीति कस्तो हुन्छ पर्ख र हेरको अवस्थामै छन्।

सरकार रेमिट्यान्स बढ्यो भनेर दंग भएको छ। अहिले मुलुकमा युवा जनशक्तिको तीव्र पलायन हुने क्रम जारी छ। नेपालको सबैभन्दा ठूलो शक्ति युवा जनशक्ति नै हो यसलाई कसैले कमजोर ठान्नुहुँदैन। युवा जनशक्तिलाई उचित सदुपयोग गर्न सरकारले स्वदेशमै काम गर्ने राम्रो वातावरण बनाउन सक्नुपर्छ। निजी क्षेत्रको प्रयासमा मात्र संभव छैन।

थप नयाँ रोजगारीको अवसर दिनेतर्फ सरकारको ध्यान जानुपर्छ। स्वदेशमा रोजगारी र अवसरको अभावमा लाखौं युवा विदेशिन बाध्य छन्। यसले गर्दा आन्तरिक बजारमा उपभोग (कन्जम्प्सन) र माग ह्वात्तै घटेको छ। कमजोर पुँजीगत खर्च र बजेट कार्यान्वयनको फितलोपन, सरकारको पुँजीगत खर्च समयमै र प्रभावकारी रूपमा हुन नसक्नु पनि मुख्य कारण हो। निर्माण व्यवसायी तथा उद्योगहरूको भुक्तानी समयमै नहुँदा बजारमा पैसाको चक्र रोकिएको छ। चालु आर्थिक वर्षको बजेटमा घोषणा गरिएका राम्रा नीतिहरू पनि कार्यान्वयनको तहमा पुग्दा कमजोर बन्छन्। उत्पादनशील क्षेत्रमा लगानीको कमीले अर्थतन्त्र कमजोर हुन पुगेको छ। देशको अर्थतन्त्र अझै पनि आयात र व्यापारमुखी बढी छ। स्वदेशी उत्पादन बढाउने र आयात प्रतिस्थापन गर्ने उद्योगमा पर्याप्त प्रोत्साहन छैन। पूर्वाधार, ऊर्जा र उत्पादनशील क्षेत्रमा दीर्घकालीन लगानी अझै संकुचित छ। यस्ता कम्जोरीले निकै प्रभाव पारेको छ।

**लगानीको वातावरण बनाउन परिसंघले कस्तो भूमिका निर्वाह गरेको छ ?**

मुलुकको आर्थिक अवस्था सुधारेर लगानीमैत्री वातावरण निर्माण गर्न नेपाल उद्योग परिसंघले सरकार र निजी क्षेत्रबिच पुलको रूपमा महत्त्वपूर्ण र नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। परिसंघले मुख्य रूपमा नीतिगत सुधार, स्वदेशी उत्पादन प्रवर्धन र वैदेशिक लगानी आकर्षणका क्षेत्रमा केन्द्रित रहेर विभिन्न कार्य गरिरहेको छ। नीतिगत र कानुनी सुधारका लागि सरकार तथा सम्बन्धित सरोकारवालालाई दबाब दिँदै आएको छ। यसैगरि परिसंघले चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमा उल्लिखित निजी क्षेत्र तथा अर्थतन्त्रसँग सम्बन्धित मुख्य विषयहरू सहित ‘बजेट वाच’ कार्यक्रम सञ्चालन गरेको छ। परिसंघले गरेको ‘बजेट वाच’ कार्यक्रममा अघिल्लो आर्थिक वर्षको बजेटमा समावेश निजी क्षेत्र र अर्थतन्त्रसँग सम्बन्धित विषयको कार्यान्वयन पक्ष फितलो देखिएको छ। गत आर्थिक वर्ष २०८२/८३ को बजेटमा समावेश निजी क्षेत्र र अर्थतन्त्रसँग सम्बन्धित ७४ बुँदामध्ये ३४ वटा अर्थात् ४६ प्रतिशत मात्र पूर्णरूपमा कार्यान्वयन भएका छन्। ३४ वटा बुँदा आंशिकरूपमा कार्यान्वयन भएका छन्। ६ वटा बुँदा कार्यान्वयनको चरणमै नगएको पाइएको छ। यस अवस्थाबारे पनि परिसंघले सरकारलाई जानकारी गराएको छ।

**अब मुलुकमा लगानीको वातावरण बनाउन के गर्नुपर्छ ?**

विगत केही वर्षदेखि अस्थिर राजनीति लगायत विभिन्न घटनाक्रमले मुलुकको आर्थिक अवस्था बिग्रियो। लगानीको वातावरणमा पनि असर परेको छ। त्यसैले अर्थतन्त्र सुधारेर मुलुकमा लगानीको वातावरण बनाउन अगामी दिनमा सरकार र निजी क्षेत्र मिलेर सधैं अघि बढ्नुपर्छ। मुलुकमा लगानीको वातावरण बनाउन नीतिगत स्थिरता कायम हुनुपर्छ। स्वदेशी उत्पादन बढाई निर्यात प्रवर्धन गर्न सरकारले वातावरणमैत्री र वैकल्पिक ऊर्जा प्रयोगमा जोड दिनुपर्छ। हामीले वातावरणमैत्री र वैकल्पिक ऊर्जा उपयोग गरिएको वस्तु उत्पादन गर्ने हो भने निर्यात गर्दा त्यसको मूल्य पनि बढी पाइने भएकाले यसतर्फ सबैको ध्यान दिनुपर्छ। पूर्वाधार निर्माणमा हाल भएको व्यवस्थामा पनि धेरै परिवर्तन हुनुपर्छ। सरकारले आयोजना छनोट गर्नुभन्दा पहिले नै आफ्नो तर्फबाट निर्माणस्थलमा हुने सम्पूर्ण अवरोधका काम पूरा गरिदिनुपर्छ। त्यसपछि मात्र आयोजनाको सम्झौता भयो भने मात्र काम राम्रो हुने थियो। अहिले यस्तो नभएका कारण आयोजना राम्रोसँग तयार नहुने समयमा नसकिने, बजेट पूरा नहुने, डिजाइनमा त्रुटि, भौगोलिक समस्या छ। यसले गर्दा सरकारको पूर्वाधार सम्बन्धी दीर्घकालीन नीति नै भएन। यसमा तत्काल सुधार हुनु आवश्यक छ। आगामी दिनमा यस्तो समस्याबाट मुक्ति पाउन सरकारको भिजन दूरगामी हुनुपर्छ। पूर्वाधार विस्तारका काममा राम्रोसँग सोचेर अघि बढ्नुपर्छ। निर्माण व्यवसायीले पूर्वाधार आयोजनाको अन्तिममा आएर डेलिभरि दिने हो। त्यसैले निर्माणस्थलको ठाउँ पहिचान गर्न ठाउँ छान्दा गलत भयो भने अपेक्षा अनुसारको काम हुन सक्दैन। विविध झमेलाका कारण आयोजना सुरु भएदेखि निर्माण सम्पन्न हुँदासम्म निर्माण व्यवसायीले दुःख पाइरहेका छन्। केही ठाउँमा सबै कमजोरी निर्माण व्यवसायीको थाप्लोमा हाल्ने प्रवृत्ति छ। यो प्रवृत्ति गलत हो। यसमा सुधार गर्नैपर्छ। सरकारी निकाय लगायत सबैले गरेको कमी कमजोरीको भागिदार व्यवसायी हुने अवस्थाबाट मुक्ति पाउने वातावरण बनाइनुपर्छ। अब यसतर्फ पनि सरकार सचेत र गम्भीर हुनुपर्छ। निर्माण व्यवसायीदेखि सबैलाई जिम्मेवार बनाउनुपर्नेमा सरकार गम्भीर हुनुपर्छ। यसमा परिसंघले पनि आफ्नो तर्फबाट सक्दो प्रयास गरिरहेको छ।

**सरकारको प्रयासबारे निजी क्षेत्रको धारणा के छ ? निजी क्षेत्रले कस्तो सहकार्य गर्दै छ ?**

अहिले मुलुकको अर्थतन्त्र चलायमान बनाउन सरकारले गर्दै आएका प्रयासहरूलाई निजी क्षेत्रले सकारात्मक रूपमा लिएको छ। अब विस्तारै पुराना ऐन संशोधन हुँदै जाने र निजी क्षेत्रका सुझावहरू सम्बोधन हुनेमा व्यवसायी आशावादी छन्। यस वर्षको बजेटमा पनि निजी क्षेत्रको सुझाव धेरै सम्बोधन भएको छ। अब कार्यान्वयन कसरी हुँदै छ भन्नेतर्फ पनि निजी क्षेत्र चनाखो भएर हेरिरहेको छ। सरकारलाई समयअनुकूल नीति बनाउन र पुराना ऐन संशोधन गर्न परिसंघले पनि विविध कार्य गर्दै आएको छ। देशको अर्थतन्त्र सुधार गर्न सरकारले चालु आर्थिक वर्षको बजेट, मौद्रिक नीति र सयदिने कार्यपत्रमार्फत विस्तारै बलियो आर्थिक नियम बनाएको छ। निजी क्षेत्रले गर्नुपर्ने भनेको इनोभेसन र क्रिएटिभ उद्यम हो। कुनै काल खण्डमा आइपरेको परिस्थितिले हाल बन्द अवस्थामा रहेका गोरखकाली रबर उद्योग, हेटौंडा कपडा उद्योगलगायत जीर्ण भई घाटामा सञ्चालित पुराना उद्योग सञ्चालन गर्न सरकारले निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने हुन्छ। सरकार आफैंले उद्योग सञ्चालन गर्नेभन्दा पनि राम्रो लगानीको वातावरण सिर्जना गर्ने नीति बनाउनेतर्फ अग्रसर हुनुपर्छ भनेर हामीले सरकारलाई दबाब दिँदै आएका छौं। सरकारले जीर्ण उद्योग चलाउन थ्रिपिपी मोडलमा काम गर्नुपर्छ। यस वर्षको बजेट र मौद्रिक नीति पूर्ण तवरले कार्यान्वयन गर्न निजी क्षेत्रले सक्दो प्रयास र सहकार्य गर्दै आएको छ। त्यसैको परिणाम स्वरूप अहिले सरकारले हरेक सेवालाई डिजिटलमैत्री बनाउँदै छ। उद्योग दर्तादेखि खारेजीसम्मका सबै सेवा सम्बन्धी काम अनलाइन प्रणालीमा ल्याउन निजी क्षेत्रले आपसी सहकार्य गर्दै आएको छ। यसले सरकार, व्यवसायी र अन्य सेवाग्राही सबैलाई फाइदा हुने छ।

**सरकारको अनलाइन सेवा कस्तो छ ?**

विभिन्न कामलाई ‘पेपरलेस फेसलेस’ बनाई सेवाग्राहीलाई डिजिटल प्रणालीबाट काम गर्ने वातावरण बनाउन अहिले सरकारले सुरु गरेको अनलाइन सेवा पनि स्वागतयोग्य नै छ।

अहिले परिसंघले पनि उद्योग विभागले थालनी गरेको अनलाइन सेवालाई थप प्रविधिमैत्री बनाएर सहज रूपमा सेवा लिन सक्ने वातावरण बनाउन विभिन्न कार्यक्रम गर्दै आएको छ। परिसंघले उद्योगी व्यवसायीको भनाइलाई आधार बनाएर गरेको सर्वेक्षणमा पनि अझै आधा भन्दाबढीले अहिलेको अनलाइन सेवा चित्त बुझ्दो छैन भनेका छन्। अधिकांश सेवाग्राहीले सरकारी डिजिटल सेवा मा थप सुधार गर्न सुझाव दिएका छन्। यस अवस्थाबारे पनि हामीले सरकारलाई जानकारी गराएका छौं। अब सरकारले अनलाइन सेवा प्रणालीलाई क्रमशः सुधार गर्ने छ भन्ने आशा जागेको छ।

**अहिले बजारमा माग घटेको, उद्योग-व्यवसायको कारोबार खुम्चिएको र लगानीको वातावरण कमजोर भएको व्यवसायीको गुनासो छ। यसबारे तपाइँको धारणा के छ ?**

हाल बजारमा विभिन्न कारणले माग घटेको, उद्योग-व्यवसायको कारोबार खुम्चिएको र लगानीको वातावरण कमजोर भएको अवस्थाबारे हामीले सरकारको ध्यानाकर्षण गराएका छौं। यो सामान्य उतारचढाव मात्रै होइन। यसलाई निजी क्षेत्रले गम्भीर रूपमा लिनुपर्ने विषय हो भन्दै आएको छ। उद्योगको उत्पादन घट्दा त्यसको असर रोजगारी, आम्दानी, उपभोग र राजस्वसम्म पुग्ने भएकाले निजी क्षेत्र यसमा निकै चिन्तित छ। यी विविध क्षेत्रमध्ये एउटा क्षेत्र कमजोर हुँदा त्यसको असर अर्को क्षेत्रमा पनि पर्छ। अहिले निजी क्षेत्रले जोखिम लिएर नयाँ लगानी गर्नुभन्दा ‘पर्ख र हेर’को अवस्थामा बस्नुको कारण पनि यही हो। आगामी दिनमा पनि लगानीको वातावरण बन्दै न कि? भन्ने भविष्यप्रतिको अनिश्चितता व्यवसायीमा छ। त्यसैले सरकारले व्यवसायीको आत्मविश्वास फर्काउने वातावरण तत्काल बनाउनुपर्छ। अहिले व्यवसायी माथि प्रहरी र विभिन्न सरकारी निकायबाट भइरहेका धरपकडको अवस्थाप्रति पनि निजी क्षेत्र निकै चिन्तित छ। गलत काम गर्नेलाई कानुनी दायरामा ल्याउनुपर्छ तर अनुसन्धानका लागि भन्दै आरोपकै भरमा पक्राउ गरिहाल्ने प्रवृत्तिले निजी क्षेत्रको मनोबल थप कमजोर बनाएको छ। यस्ता गतिविधिले मुलुकमा लगानीको वातावरण बिगार्छ भन्नेबारे हामीले पटक-पटक सरकारलाई अब यस्तो समस्या आउन नदिन आग्रह गर्दै आएका छौं।

**निजी क्षेत्रले अझै आत्मविश्वासका साथ लगानी गर्न सकेको देखिँदैन। समस्या सरकारकै नीतिमा हो ?**

निजी क्षेत्रले गत २० फागुनमा सम्पन्न निर्वाचनको बेलादेखि नै स्थायी सरकार र मुलुकमा नीतिगत स्थिरता कायम भई धेरै परिवर्तन हुने आशा गरेका थिए। संयोगले अहिले हामीले दुईतिहाइको बलियो सरकार पाएका छौं। परिवर्तनकारी यो सरकारलाई हामीले बजेटअघि नै देशको अर्थतन्त्र चलायमान बनाउन आर्थिक ऐनमा सुधार हुनुपर्छ भन्ने सुझाव दिएका थियौं। यस वर्षको बजेटमा पनि निजी क्षेत्रको धेरै सुझाव सम्बोधन भएको छ। ४५ खर्बको अर्थतन्त्रलाई सय खर्ब पुऱ्याउने आधारका बारेमा पनि निजी क्षेत्रले सरकारलाई सहयोग गर्ने बताउँदै आएको छ। चालु आर्थिक वर्षको बजेटमा पनि ६२ प्रतिशत निजी क्षेत्रको सुझाव समेटिएको भन्ने हामीलाई लागेको छ। अब कार्यान्वयन कसरी हुन्छ हेर्न बाँकी छ। अझै निजी क्षेत्रले आत्मविश्वासका साथ लगानी गर्न नसक्नुमा सरकारकै कमजोरी छ। किनभने व्यवसाय सञ्चालनका लागि आइपर्ने अप्ठ्यारा ऐन कानुन अझै फुकिसकेका छैनन्।

कमजोर अर्थतन्त्र चलायमान बनाउन अहिले सरकारले अनेक प्रयास गरिरहेको छ तर नीति घोषणा गर्नु र त्यसको प्रभावकारी कार्यान्वयन हुनु फरक कुरा हो। निजी क्षेत्रलाई अहिले सबैभन्दा बढी खाँचो भएको नीतिगत स्थिरताको हो।

सरकारले दूरगामी नीति लिएर नीतिगत स्थिरता कायम गर्न सकेका खण्डमा अपेक्षाकृत आर्थिक विकास हुन्छ। अहिले सरकारले चालु आर्थिक वर्षमा ७ प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्य राखेको छ। अहिलेसम्मको आर्थिक अवस्थालाई हेर्दा उत्पादनमूलक उद्योगको पाँच प्रतिशत, निर्माण क्षेत्रकोतर्फबाट पाँच प्रतिशतको आर्थिक वृद्धिदर भएको देखिन्छ। अपेक्षाकृत रूपमा मुलुकको पुँजिगत खर्च अझै हुन सकिरहेको छैन। गत आर्थिक वर्षमा जम्मा ४० प्रतिशत मात्र पुँजीगत खर्च भएको छ। यो अवस्थामा सरकारले जतिसक्दो छिटो सुधार गर्नुपर्छ।

पूर्वानुमान गर्न सकिने नीति र छिटो निर्णय हुने वातावरण सिर्जना गर्न सके व्यवसाय विस्तारमा सहजीकरण हुन सक्थ्यो। सरकारले एउटा नीति बनाउने र कार्यान्वयनका क्रममा फेरि धेरै निकायबाट फरक-फरक व्याख्या हुने अवस्था अन्त्य गर्नुपर्छ। व्यवसायीले आज लगानी गर्दा पाँच वर्षपछि पनि नीति यही रहन्छ भन्ने विश्वास गर्न सक्ने वातावरण भयो भने लगानी स्वाभाविक रूपमा बढ्छ।

**बैंकिङ प्रणालीमा पर्याप्त तरलता र ब्याजदर घट्दा पनि कर्जा विस्तार नहुनुको कारण के हो ?**

कर्जा विस्तार नहुनुमा दुई चारवटा कुरा मुख्य छन्। कोरोना महामारीको संकटपछि सरकारले देशमा विदेशी मुद्राको सञ्चिति बढाउन अनेक प्रयास गरेको छ। विभिन्न देशबाट रेमिट्यान्स भित्रिने क्रम बढेको छ। सबै क्षेत्र आयातमा निर्भर हुँदै गएका कारण अहिले अधिकांश मान्छेको खर्च बढेको छ। आम्दानी घट्यो। बैंक एन पिए बढ्यो, वित्तीय क्षेत्रमा डिफल्ट र ब्ल्याकलिस्टिङ बढ्यो। यस्तो अवस्थामा बैंक ब्याजदर घट्नु सकारात्मक हो तर ब्याजदर मात्रै लगानीको निर्णय गर्ने आधार होइन। व्यवसायीले बजारमा थप लगानी बढाउन आफ्ना उत्पादनको माग देख्नुपर्छ। उत्पादकलाई लगानीबाट प्रतिफल आउने विश्वास हुनुपर्छ। नीतिगत जोखिम कम हुनुपर्छ। अहिले बैंकबाट कर्जा लिन सकिने अवस्था भए पनि कर्जा लिएर के र कुन ठाउँमा लगानी गर्ने भन्ने प्रश्न महत्त्वपूर्ण छ। त्यसैले माग बढाउने, उत्पादनमूलक क्षेत्रमा लगानी प्रोत्साहन गर्ने, पूर्वाधार निर्माण तीव्र बनाउने र लगानीसम्बन्धी प्रक्रियालाई सरल बनाउने काममा सरकार केन्द्रित हुनुपर्छ।

**वर्तमान कर प्रणाली, प्रशासनिक झन्झट, नीतिगत अस्थिरता र नियामकीय जटिलतालाई तत्काल सुधार गर्न के गर्नुपर्छ ?**

अहिलेको सन्दर्भमा सबैभन्दा पहिले नीतिगत स्थिरता र लगानीको सुरक्षा सुनिश्चित गर्नुपर्छ। उद्योग सञ्चालनसँग सम्बन्धित प्रशासनिक प्रक्रिया सरल र डिजिटल बनाउनुपर्छ। कर तथा नियामकीय प्रणालीलाई स्पष्ट, पारदर्शी र व्यवसायमैत्री बनाउनुपर्छ। निजी क्षेत्रले सरकारसँग सुविधा मात्रै मागेको होइन। अहिले हामीले व्यवसाय सञ्चालनका लागि सहज वातावरण मागिरहेका छौं। व्यवसायीले नियम पालना गरेर लगानी गर्न चाहन्छ तर नियम धेरै जटिल र पटक-पटक परिवर्तन हुने अवस्था हुनुहुँदैन। जसका लागि सरकारले निजी क्षेत्रको मनोबल बढाउने स्पष्ट सन्देश दिनुपर्छ। सार्वजनिक पुँजीगत खर्चको प्रभावकारी कार्यान्वयन, निर्माणाधीन आयोजना सम्पन्न गर्ने, नयाँ लगानीका लागि ‘एकद्वार प्रणाली ’ प्रभावकारी बनाउने र उद्योगलाई प्रतिस्पर्धी बनाउने नीति आवश्यक छ। उत्पादन र निर्यात बढाउने उद्योगलाई प्रोत्साहन, पर्यटन र सूचना प्रविधिजस्ता सम्भावनायुक्त क्षेत्रमा लगानी विस्तार गर्नुपर्छ। स्टार्टअप तथा नयाँ उद्यमलाई सहजीकरण र रोजगारी सिर्जनालाई आर्थिक नीतिको केन्द्रमा राख्नुपर्छ।

**स्वदेशमै रोजगारी बढाउन र उत्पादन क्षमता वृद्धि गर्न नेपालले कुन आर्थिक मोडल अपनाउनुपर्छ ?**

स्वदेशमा थप रोजगारीको अवसर बढाउने गरी उत्पादकत्व बढाउन अब हामीले स्थानीय स्रोत साधनका वस्तु उपभोगमा आधारित अर्थतन्त्रमा जोड दिनुपर्छ। सकेसम्म धेरै उत्पादनमा आधारित अर्थतन्त्र निर्माण गर्नुपर्छ। नेपालले आयात गरेर मात्र अर्थतन्त्र बलियो बनाउन सक्दैन। हामीले स्वदेशमै उत्पादन बढाउनुपर्छ। उत्पादनको लागत घटाउनुपर्छ र नेपाली वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता बढाउनुपर्छ। जसका लागि ऊर्जा, पर्यटन, सूचना प्रविधि, कृषि तथा कृषिजन्य उद्योग, पूर्वाधार र निर्यातमुखी उद्योगलाई प्राथमिकता दिनुपर्छ। यसका लागि महत्त्वपूर्ण विषय सरकार र निजी क्षेत्रबीच विश्वासको वातावरण निर्माण गर्नु भएकाले अब निजी क्षेत्रलाई विकासको साझेदारका रूपमा अघि बढाउन सक्नुपर्छ। यस्तो गर्न सकियो भने रोजगारी सिर्जना, उत्पादन वृद्धि र आर्थिक वृद्धिलाई बलियो बनाउन सकिन्छ।



वीरेन्द्रराज पाण्डे, अध्यक्ष, नेपाल उद्योग परिसंघ

नागरिक अर्थ-संवाद

**देशको अर्थतन्त्र अझै पनि आयात र व्यापारमुखी छ। स्वदेशी उत्पादन बढाउने र आयात प्रतिस्थापन गर्ने उद्योगमा पर्याप्त प्रोत्साहन छैन। पूर्वाधार, ऊर्जा र उत्पादनशील क्षेत्रमा दीर्घकालीन लगानी बढाउनेतर्फ सबैको ध्यान जानुपर्छ**

**सरकारले १६६ वटा ऐन कानुन संशोधन गर्ने भनेको छ। पुराना ऐनमा विद्यमान कनुनी जटिलतालाई सहजीकरण गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ। हामीले पनि २८ वटा ऐन संशोधन गर्न सरकारलाई सुझाव दिएका छौं।**

सरकारको नीतिगत अस्थिरता र झन्झटिलो प्रशासनिक संरचना, कर तथा व्यावसायिक नीतिहरू वार्षिक रूपमा परिवर्तन भइरहन्छन्। यसले पनि स्वदेशी तथा विदेशी लगानीकर्तामा अन्योल र अविश्वास बढाएको छ। सरकारले सबै सेवा डिजिटलमैत्री बनाउने भन्दै आए पनि अझै एउटा सामान्य कामका लागि थुप्रै सरकारी निकाय धाउनुपर्ने झन्झट कायमै छ।

# ग्वार्डिओला युगपछि अनिश्चितता र उथलपुथल

**गत सिजन इङ्लिस फुटबलमा देखिएको महत्त्वपूर्ण परिवर्तन पुरानो शैलीको रणनीतितर्फ फर्किनु थियो। लामो थ्रोबाट बललाई पेनाल्टी क्षेत्रमा पुऱ्याउने, सेट पिसमा बढी निर्भर हुने र गोलकिपरले लामो क्लियरेन्स गर्ने जस्ता शैली बढेका थिए। यसलाई ग्वार्डिओलाबाट प्रभावित बल पोसेसनमा राखेर खेल्ने शैलीप्रतिको एक किसिमको अस्वीकारका रूपमा पनि हेरिएको थियो।**




मिकेल आर्टेटा



आन्दोनी इराओला



जाबी अलोन्सो



एन्जो मारेस्का

लन्डन, भदौ १ (एपी)- इङ्लिस फुटबलमा पेप ग्वार्डिओलापछिको युग सुरु हुँदै गर्दा म्यानचेस्टर सिटीसँगै समग्र प्रिमियर लिगमै अनिश्चितता र उथलपुथल देखिएको छ।

विश्वकै चर्चित र लोकप्रिय व्यावसायिक फुटबल इङ्लिस प्रिमियर लिग शुक्रबारदेखि सुरु हुने तयारीमा छ। यस सिजनको प्रिमियर लिगमा नौ क्लबले नयाँ स्थायी प्रशिक्षक नियुक्त गरेका छन्। इङ्लिस शीर्ष डिभिजनको सिजन सुरु हुनुअघि धेरै क्लबले नयाँ प्रशिक्षक पाएको यो अहिलेसम्मकै ठूलो संख्या हो। ३३ वर्षका फाबियन ह्युर्जेलर नै अहिले प्रिमियर लिगका सबैभन्दा लामो समयदेखि कार्यरत प्रशिक्षकमध्ये एक हुन्। तर, उनी ब्राइटनमा आएको पनि दुई वर्ष मात्र भएको छ। सबैभन्दा ठूलो रिक्तता म्यानचेस्टर सिटीमा छ। जहाँ १० वर्षको कीर्तिमानी कार्यकालपछि ग्वार्डिओलाले क्लब छाडेका छन्। उनको स्थानमा आएका एन्जो मारेस्काका लागि सहज हुने छैन।

आर्सनलसँग आइतबार कम्युनिटी सिल्डमा गरेको निराशाजनक प्रदर्शनपछि सिटी समस्यामा रहेको स्पष्ट देखिन्छ। अन्य ठूला क्लब लिभरपुल (आन्दोनी इराओला), चेल्सी (जाबी अलोन्सो) र न्युक्यासल युनाइटेड (माथियस जाइस्ले) ले पनि नयाँ प्रशिक्षक पाएका हुन्। यी तीनै टोलीले गत सिजन च्याम्पियन्स लिगमा खेलेका थिए। त्यसैले मार्च ३१ तारिखमा रेलिगेसनबाट बचाउन टोटनहमको प्रशिक्षक नियुक्त भएका रोबर्टो डे जर्बी र गत सिजनको मध्यमा म्यानचेस्टर युनाइटेडका अन्तरिम प्रशिक्षकका रूपमा आएर प्रभाव पार्दै स्थायी प्रशिक्षक बनेका क्यारिकसमेत अनुभवी प्रशिक्षकजस्ता देखिन्छन्। यसबिच गत सिजनको च्याम्पियन आर्सनलमा स्थिरता देखिन्छ। मिकेल आर्टेटा आर्सनलको जिम्मेवारीमा सातौं सिजनमा प्रवेश गर्दै छन्।

उनी नै अहिले प्रिमियर लिगकै सबैभन्दा लामो समयदेखि कार्यरत प्रशिक्षक हुन्। तर आर्सनलमाथि पनि ठूलो प्रश्नचिह्न सिर्जना भएको छ। २२ वर्षपछि पहिलो पटक लिग उपाधि जितेपछि टोलीमा त्यसको असर अर्थात् 'ह्याङओभर' देखिएला ? यसको जबाफ अब छिट्टै पाइनेछ। यद्यपि कम्युनिटी सिल्डमा आर्सनलको प्रदर्शनले समर्थकलाई आशा भने दिएको छ। लगातार रोमाञ्चक मोड लिइरहने प्रिमियर लिगको नयाँ सिजन शुक्रबार रातिदेखि औपचारिक रूपमा सुरु हुनेछ। आर्सनलले आफ्नो घरेलु मैदानमा लामो समयपछि शीर्ष डिभिजनमा फर्किएको कोभेन्ट्रीको सामना गर्नेछ। कोभेन्ट्रीको आफ्नै रोचक कथा छ। यो टोली २५ वर्षपछि फेरि इङ्लिस फुटबलको ठूलो मञ्चमा फर्किएको हो। प्रिमियर लिगमा अन्य प्रश्न पनि सिर्जना भएका छन्।

**सुपरस्टारको कमी हुँदै छ ?**

क्रिस्टियानो रोनाल्डोको प्रिमियर लिग यात्रा २०२२ मै समाप्त भयो। ह्यारी केनले २०२३ मा इङ्ल्यान्ड छाडे। केभिन डी ब्रुएनेले २०२५ मा सिटीबाट बिदा लिए।

मोहम्मद सालाहले यो अफसिजन टर्की जाने निर्णय गरे। अर्का स्टार रोड्री पनि बार्सिलोना जाने सम्भावना छ। यसले एउटा ठूलो प्रश्न खडा गर्छ। के अब विश्वकै सबैभन्दा ठूलो मानिने लिगमा स्टार खेलाडीको कमी हुँदै छ ? तर, सिटीसँग अझै पनि उत्कृष्ट स्ट्राइकर एर्लिङ हालान्ड छन्। विश्वकपका क्रममा अमेरिकी समर्थकलाई प्रभावित गरेपछि उनको ब्रान्डको लोकप्रियता झन् बढेको छ। तर किलियन एम्बाप्पे, ओस्मान डेम्बेले, भिनिसियस जुनियर, लामिन यामाल तथा इङ्ल्यान्डकै दुई ठूला खेलाडी केन र जुड बेलिङ्घमजस्ता सुपरस्टार अहिले अन्य देशमा खेलिरहेका छन्।

साथै यस शताब्दीका महान् स्टार लियोनल मेसी, रोनाल्डिन्हो र जिनेदिन जिदानले पनि इङ्ल्यान्डमा खेलेनन्। यस अफसिजनको सबैभन्दा ठूलो ब्लाकबस्टर ट्रान्सफर भिनिसियस आर्सनल जाने हुन सक्थ्यो। तर उनले रियाल मड्रिडमै रहने निर्णय गरे। प्रिमियर लिगले पछिल्लो समय विश्वकै उत्कृष्ट प्रशिक्षकहरू आफूसँग रहेकोमा गर्व गर्दै आएको थियो। तर अब ग्वार्डिओला र योर्गान क्लोप दुवै प्रिमियर लिगमा छैनन्। त्यसैले प्रिमियर लिगले अब विश्वकै उत्कृष्ट प्रशिक्षक वा सुपरस्टारभन्दा पनि गहिरो प्रतिस्पर्धालाई नै सबैभन्दा ठूलो शक्ति मान्नुपर्ने हुन सक्छ। ठूलो प्रसारण सम्झौताका कारण मध्यमस्तरका क्लबहरू पनि आर्थिक रूपमा बलिया बनेका छन्। उनीहरूको स्तर सम्भवतः पहिलेभन्दा उच्च भएको छ।

**उपाधि दाबेदार आर्सनल**

अन्य क्लबहरूमा देखिएको परिवर्तन र अस्थिरताबिच आर्सनलसँग लगातार दोस्रो पटक उपाधि जित्ने उत्कृष्ट अवसर छ। बेलायती सट्टेबाजहरूले पनि आर्सनललाई उपाधिको प्रमुख दाबेदारका रूपमा हेरेका छन्।

ब्राजिलियन मिडफिल्डर ब्रुनो गिमारेस न्युक्यासलबाट आर्सनल आएका छन्। यसले पहिले नै बलियो रहेको मिडफिल्डलाई थप मजबुत बनाउनेछ। बायाँ विङ्गर क्रिस्टोस जोलिस क्लब ब्रुगबाट आएका छन्। उनले लियान्ड्रो ट्रोसार्डको स्थान लिनेछन्। टोलीसँग लगभग हरेक पोजिसनमा पर्याप्त विकल्पसमेत छन्। तर आर्सनलका लागि समस्या डिफेन्सका मुख्य खेलाडी विलियम सालिबाको चोट हो। फ्रान्सेली सेन्टर ब्याक सिजनको सुरुआती केही महिना मैदानबाहिर रहनेछन्। त्यससँगै अर्को अदृश्य चुनौती पनि छ। अन्ततः लिग जितिसकेपछि टोलीको तीव्रता वा प्रेरणामा कमी आउला ?

आर्टेटा भने यस्तो हुन नदिनेमा दृढ छन्। म्यानचेस्टर युनाइटेडमा मार्कस रासफोर्ड पुनः फर्किएका छन्। इङ्ल्यान्डका विङ्गर बार्सिलोनामा लोनमा समय बिताएपछि ओल्ड ट्राफोर्ड फर्किएका हुन्। तर उनी युनाइटेडमै रहन्छन् या रहँदैनन् भन्ने अझै स्पष्ट छैन। चेल्सीका महान् खेलाडीमध्ये एक फ्रान्क लाम्पार्ड पनि पुनः प्रिमियर लिगमा फर्किएका छन्, कोभेन्ट्रीको प्रशिक्षकका रूपमा। प्रिमियर लिगको संस्थापक सदस्यमध्ये एक रहेको कोभेन्ट्री सन् २००१ मा रेलिगेट भएको थियो। त्यसपछि क्लब गम्भीर आर्थिक संकटमा फस्यो। आफ्नो घरेलु मैदानसमेत गुमायो र अन्ततः चौथो तहसम्म झऱ्यो। 'स्काई ब्लुज' को पुनरागमन इङ्लिस फुटबलको प्रेरणादायी कथामध्ये एक हो। इप्सविच र हलसँगै प्रिमियर लिगमा बढुवा भएका तीन टोलीमध्ये एक कोभेन्ट्री हो।

**तीन अर्ब डलर र अझै बढ्दो खर्च**

खर्च गर्ने क्षमताका हिसाबले इङ्ल्यान्ड अरूभन्दा निकै अगाडि छ। यस ट्रान्सफर विन्डोमा प्रिमियर लिग क्लबहरूले नयाँ खेलाडी अनुबन्धित गरेको खर्च अहिलेसम्म करिब तीन अर्ब डलर पुगिसकेको छ। सबैभन्दा महँगा अनुबन्धनहरू मिडफिल्डरका छन्। चेल्सीले मोर्गन रोजर्सका लागि १५ करोड ६० लाख डलर, म्यानचेस्टर सिटीले इलियट एन्डरसनका लागि १५ करोड ५० लाख डलर, टोटनहमले सान्ड्रो टोनालीका लागि १३ करोड ३० लाख डलर र आर्सनलले गिमारेसका लागि १० करोड डलर खर्च गरे। जाबी अलोन्सोले टोली पुनर्निर्माण गरिरहेका कारण चेल्सीको शुद्ध खर्च मात्रै करिब ३० करोड डलर पुगेको छ। लगातार दुई सिजन १७औं स्थानमा रहेपछि टोटनहमले पनि आफ्नो ट्रान्सफर नीति परिवर्तन गरेको छ। यसले नयाँ खेलाडीमा करिब ३० करोड डलर खर्च गरिसकेको छ। विश्वकपपछि ट्रान्सफर गतिविधि तीव्र हुने भएकाले विन्डो अझै दुई साता खुला रहनेछ।

गत सिजन इङ्लिस फुटबलमा देखिएको महत्त्वपूर्ण परिवर्तन पुरानो शैलीका रणनीतितर्फ फर्किनु थियो। लामो थ्रोबाट बललाई पेनाल्टी क्षेत्रमा पुऱ्याउने, सेट पिसमा बढी निर्भर हुने र गोलकिपरले लामो क्लियरेन्स गर्ने जस्ता शैली बढेका थिए। यसलाई ग्वार्डिओलाबाट प्रभावित बल पोसेसनमा राखेर खेल्ने शैलीप्रतिको एक किसिमको अस्वीकारका रूपमा पनि हेरिएको थियो। अब ग्वार्डिओला प्रिमियर लिगबाट बाहिरिएपछि यो प्रवृत्ति अझ बढ्ला त ? बर्नमाउथका मार्को रोज, क्रिस्टल प्यालेसका पिएर साज, फुलहमका अल्भारो अर्बेलोआ र चेल्सीका अलोन्सो पहिलो पटक प्रिमियर लिगमा प्रशिक्षकको भूमिका सम्हाल्दै छन्। नयाँ प्रशिक्षकहरूको यो लहरले प्रिमियर लिगमा फेरि अर्को नयाँ खेलशैली स्थापित गर्ला ? जबाफका लागि नयाँ सिजनलाई पर्खनुको विकल्प हुने छैन।

# अर्जुन र मञ्जु पहिलो



काठमाडौं भदौ १ (नागरिक)- अर्जुन कुलुङ राई र मञ्जु सुनुवार ब्याकयार्ड अल्ट्रा- २०२६ मा पहिलो भएका छन्।

अल्ट्रा ट्रेल्स नेपालको आयोजना भएको ट्रेलमा एक्सटेपबाट खेलेका अर्जुन पुरुष तथा महिलमा मञ्जु पहिलो भएका हुन्। अर्जुनले ३३ लुप पूरा गरी शीर्ष स्थानमा रहँदै नयाँ कोर्स रेकर्ड पनि कायम गरे। यसअघि ३२ लुपको कोर्स रेकर्ड हेमन्त राणाको नाममा थियो। मञ्जुले पनि कोर्स रेकर्ड कायम गर्ने क्रममा १४ लुप पूरा गरिन्। यसअघि १२ लुपको कोर्स रेकर्ड रहेको थियो। शीर्ष स्थानमा रहने दुवैले जनही ३० हजार नगद पुरस्कार हात पारे। दोस्रोदेखि दसौं स्थानमा रहनेलाई पनि नगद पुरस्कार प्रदान गरिएको थियो। सहभागीले १ लुपमा ६.७ किलोमिटर दूरी १ घण्टाको समयमा तय गर्नुपर्ने थियो। त्यसो गर्न नसक्ने खेलाडी सीधै प्रतियोगिताबाट बाहिरिने नियम थियो।

प्रतियोगिता निर्देशक दिवाकर बुढाले यस खालको प्रतियोगिताले नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे। आयोजकका अनुसार प्रतियोगतामा नेपाल, फ्रान्स, अमेरिका, डेनमार्क, नर्वे, स्विट्जरल्यान्डलगायत राष्ट्रबाट ६५ प्रतिस्पर्धी सहभागी थिए। दौड चन्द्रागिरी नगरपालिकाको मच्छेगाउँबाट सुरु भई विभिन्न भागको परिक्रमा गरी पुनः त्यहीं आएर टुंगिएको थियो। ब्याक यार्ड अल्ट्राको विश्व च्याम्पियनसिप सन् २०२६ को अक्टोबर १७ तारिख पोखरामा हुने आयोजकले जनाएको छ।

# स्कट कुगेलेइन पुनः सुदूरपश्चिममा

काठमाडौं, भदौ १ (नागरिक)- सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणका लागि न्युजिल्यान्डका पेस बलर स्कट कुगेलेइनलाई पुनः अनुबन्धित गरेको छ।

सुदूरपश्चिमले कुगेलेइनलाई तेस्रो विदेशी खेलाडीका रूपमा टोलीमा समावेश गरेको हो। यसअघि उसले इङ्ल्यान्डका सेफ जैबलाई अनुबन्धित गरिसकेको छ। कुगेलेइनले एनपिएलको पहिलो संस्करणमा सुदूरपश्चिमबाट ९ खेलमा १७ विकेट लिएका थिए। उनी सर्वाधिक विकेट लिने खेलाडीको सूचीमा संयुक्त रूपमा शीर्ष स्थानमा रहेका थिए। दोस्रो संस्करणमा उनले ९ खेलबाट १० विकेट लिएका थिए। पुनः टोलीमा फर्किन पाउँदा उत्साहित रहेको कुगेलेइनले बताएका छन्। 'म फेरि सुदूरपश्चिमबाट खेल्न उत्साहित छु,' उनले भने। सुदूरपश्चिम रोयल्सका प्रमुख कार्यकारी अधिकृत प्रकाश खड्काले कुगेलेइनलाई पुनः टोलीमा स्वागत गर्न पाउँदा खुसी लागेको बताए।

'उनीबाट यसपटक पनि पहिलो र दोस्रो संस्करणको जस्तै योगदानको अपेक्षा राखेका छौं। पहिलो उपाधि जिताउन उनको भूमिका महत्त्वपूर्ण हुनेछ भन्ने विश्वास लिएका छौं,' उनले भने। तेस्रो संस्करणका लागि सुदूरपश्चिमले कप्तान दीपेन्द्रसिंह ऐरीसहित विनोद भण्डारी, आरिफ शेख, ईशान पाण्डे, अविनाश बोहरा, हेमन्त धामी र हिक्मत महरालाई टोलीमा कायम राखेको छ। अक्सनबाट दीपक बोहरा, मिलन बोहरा, टेक रावत, अनिल खरेल, सचिन भट्ट र आयुव चन्दलाई अनुबन्ध गरेको छ।

# इन्टरनेसनल जोसेफलाई उपाधि



काठमाडौं, भदौ १ (नागरिक)- इन्टरनेसनल जोसेफ स्कुलले काठमाडौंमा आयोजित जेसिआई यु-१६ गर्ल्स टी वान रग्बी प्रतियोगिताको उपाधि जितेको छ।

बुढानीलकण्ठ नगरपालिकाको बालुवाखानीस्थित कपअन स्पोर्ट्स सेन्टरमा सोमबार भएको खेलमा इन्टरनेसनल जोसेफ स्कुलले ओडिसी इन्टरनेसनल एकेडेमीलाई २-० ले हराउँदै उपाधि जितेको हो। एकदिने प्रतियोगितामा कुल १६ टोलीले प्रतिस्पर्धा गरेको आयोजक नेपाल विद्यालय रग्बी कमिसनका अध्यक्ष दीपक अधिकारीले जानकारी दिए। उक्त प्रतियोगिताको उद्घाटन एसिया रग्बीका उपाध्यक्ष तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का पूर्वसदस्यसचिव टंकलाल घिसिङले गरेका थिए। सो अवसरमा नेपाल रग्बी संघका अध्यक्ष डा. दीपक देवकोटा, वरिष्ठ उपाध्यक्ष चेतनराज गिरी र महासचिव गोविन्द घिमिरे उपस्थित थिए। जेबी स्कुल तेस्रो स्थानमा रह्यो।

निर्धारित र थप समयमा खेल बराबरी भएको थियो। तर, क्वाइन टसमा जेबीले जोसेफ हाई स्कुलमाथि जित निकाल्यो। जेबीले तेस्रो स्थानका लागि भएको खेलमा जोसेफ हाई स्कुललाई १-० ले हराएको हो। विजेताले सात हजार, उपविजेताले पाँच हजार र तेस्रो स्थानको तीन हजार रुपैयाँ नगद पुरस्कारसहित ट्रफी पाए। प्रतियोगिताको बेस्ट प्लेअर इन्टरनेसनल जोसेफ स्कुलकी डोल्मु लामा घोषित भइन्। उनले ट्रफी प्राप्त गरेकी थिइन्। जेसिआई नेपालका २०२६ का राष्ट्रिय अध्यक्ष जेसिआई सिनेटर जीवन कार्की, नेपाल रग्बी संघका अध्यक्ष डा. दीपक देवकोटा र नेपाल विद्यालय रग्बी कमिसनका अध्यक्ष दीपक अधिकारीले पुरस्कृत गरेका थिए।

समापनमा नेपाल रग्बी संघ तथा नेपाल स्कुल रग्बी आयोगका बोर्ड सदस्यहरूको उपस्थिति रहेको थियो। प्रतियोगिताले विद्यालय तहमा महिला रग्बीको विकास र युवा खेलाडीको प्रतिभा प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान दिने आयोजकले जनाएको छ।

# यो सिजन अन्तिम : रोनाल्डो



रियाद, भदौ १ (एपी)- विश्व फुटबलका लिजेन्ड क्रिस्टियानो रोनाल्डोले साउदी प्रो लिगको यो सिजन आफ्नो व्यावसायिक फुटबल करियरको अन्तिम सिजन हुने सम्भावना रहेको बताएका छन्।

४१ वर्षे सुपरस्टार रोनाल्डोले सन् २०२२ को डिसेम्बरमा रियादको क्लब अल नासरसँग सम्झौता गरेका थिए। उक्त सम्झौता आगामी जुनमा समाप्त हुँदै छ र उनले अर्को सम्झौता गर्ने सम्भावना नरहेको बताएका छन्। 'सम्भवतः यो मेरो फुटबल करियरको अन्तिम वर्ष हो र सानदार विरासत छाड्न चाहन्छु,' रोनाल्डोले एक म्यागजिनसँग भने। पोर्चुगलका फरवार्ड रोनाल्डोले आफ्नो करियरमा हालसम्म ९७६ गोल गरेका छन्। उनले यसै महिनाको सुरुआतमा लामो समयदेखिकी प्रेमिका जर्जिना रोड्रिग्वेजसँग विवाह गरेका थिए। 'मैले आफ्नो भविष्यबारे योजना बनाइसकेको छु,'उनले भने, 'मसँग व्यस्त राख्ने धेरै कुराहरू छन्। त्यसैले एउटा मात्र कुरा भन्न गाह्रो छ। किनभने फुटबलबाट टाढिँदा जीवनमा ठूलो खालीपन सिर्जना हुन सक्छ।'

फुटबलबाट टाढिएपछि उनले के के गर्ने भन्नेबारे पनि उल्लेख गरेका छन्। 'त्यससँगै अझ बढी रमाइलो गर्ने, धेरै यात्रा गर्ने, पाडेल हेर्ने र खेल्ने, जुन मलाई निकै मन पर्छ। अनि मैले कमाएको सबै कुराको आनन्द लिइरहनेछु। फुटबलमा २५ वर्षको यात्रा भइसकेको छ। यसमा धेरै त्याग गर्नुपरेको छ,' उनले भनेका छन्। २०२६-२७ को साउदी प्रो लिग सिजन रोनाल्डोको व्यावसायिक करियरको २५औं सिजन हो। आफ्नो करियरमा उनले पाँच पटक बालन डिअर र पाँचपटक युइएफए च्याम्पियन्स लिगको उपाधि जितेका छन्। गत सिजन रोनाल्डोले लिगमा २८ गोल गरेका थिए। उनको उत्कृष्ट प्रदर्शनमा अल नासरले मे महिनामा साउदी अरबको लिग उपाधि जितेको थियो। रियाद पुगेपछि रोनाल्डोले जितेको यो पहिलो उपाधि हो।

अल नासरले सन् २०१९ पछि पहिलोपटक लिग उपाधि हात पारेको थियो। विवाहपछि टोलीमा फर्किएका रोनाल्डोले शनिबार उपाधि रक्षा अभियानको पहिलो खेल भने खेलेनन्। उनले मैदानबाहिरबाट खेल हेरे, जहाँ अल नासरले अल फतेहलाई ३-० ले हराउँदै सिजनको विजयी सुरुआत गऱ्यो। 'क्रिस्टियानो आज यहाँ छन् र उनी सधैं हाम्रो साथमा हुन्छन्,' खेलपछि अल नासरका प्रशिक्षक एन्जे पोस्टेकोग्लुले भने। रोनाल्डोले मंगलबार किङ्स कपमा अल दिरियाहविरुद्ध खेल्ने सम्भावना छ। 'अहिले सबैभन्दा महत्त्वपूर्ण कुरा रिकभरी हो। उक्त खेलपछि हामीसँग दुई दिन मात्र समय छ,' टोटेनहम हट्सपर र नटिङ्घम फरेस्टका पूर्वप्रशिक्षक पोस्टेकोग्लुले भने।

लामो समयदेखिका प्रतिद्वन्द्वी लियोनल मेसीले आफ्नो बुबाको निधनपछि चाँडै नै फुटबलबाट संन्यास लिन सक्ने संकेत दिएको केही दिनपछि रोनाल्डोको उक्त भनाइ आएको हो। ३९ वर्षीय मेसीले अब फुटबलमा कसरी अगाडि बढ्ने भन्ने थाहा नभएको बताएका थिए। 'अब कसरी अगाडि बढ्ने भन्ने थाहा छैन। म पहिले फुटबल खेल्थें। तर अब म अझ धेरै समय फुटबल खेलिरहनेछु कि छैन भन्नेमा निश्चित छैन,' मेसीले भनेका थिए।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी